
# प्रथम आवधिक नगर विकास योजना

(आ.व.२०८१/०८२-२०८५/०८६)




## मण्डनदेउपुर नगरपालिका

**महादेवस्थान, काभ्रेपलाञ्चोक**

बागमती प्रदेश

# शव्द सार(Acronyms)

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| आ.वि | आधारभूत विद्यालय |
| कि.मि | किलोमिटर |
| के.जी | किलोग्राम |
| झो.पु. | झोलुङ्गे पुल |
| नि.मा.वि | निम्न माध्यमिक विद्यालय |
| पीपीपी | सार्वजनिक निजी साझेदारी |
| प्र.अ. | प्रधानाध्यापक |
| प्र. व. कि. मि | प्रति वर्ग किलोमिटर |
| मा.वि. | माध्यमिक विद्यालय |
| मि | मिटर |
| मेटन | मेट्रिक टन |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| रु: | नेपाली रुपिया |
| DCRN; DR | District Road |
| DPR | Detail Project Report |
| LISA | Local Governmnt Institutional Capacity Self Assessment |
| LLAP | Local Level Adoptation Plan |
| MEL | Monitoring, Evaluation and Learning |
| MTEF | Medium Term Expenditure Framework |
| MTMP | Municipal Transport Master Plan |
| NPHC | National Population and Housing Census |
| O&M | Organization and Management |
| ROW | Right of Way |
| VLR | Voluntary Local Review |

# विषय सूची


| | |
|---|---|
| परिचय | ४ |
| १.१ पृष्ठभूमि | ४ |
| १.२ औचित्य | ४ |
| १.३ आवधिक योजना र उद्देश्य | ५ |
| १.४ योजना तर्जुमाको नीतिगत तथा कानूनी आधार | ५ |
| १.५ योजना तर्जुमा विधि | ६ |
| १.६ परिसिमन | ७ |
| परिच्छेद २ | ८ |
| नगरपालिकाको परिचय | ८ |
| २.१ भौगोलिक र प्रशासनिक संरचना | ८ |
| २.२ आर्थिक विकासको अवस्था | १० |
| २.३ सामाजिक विकासको अवस्था | ११ |
| २.४ पूर्वाधार तथा सहरी विकासको अवस्था | १४ |
| २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था | १५ |
| २.६ सुशासन तथा संस्थागत व्यवस्था | १६ |
| २.७ स्रोत परिचालन | १७ |
| परिच्छेद ३ | १८ |
| सोच तथा नगर आवधिक विकास योजनाको अवधारणा | १८ |
| ३.१ समष्टीगत समस्या एवम् चुनौती | १८ |
| ३.२ प्रमुख सम्भावना तथा अवसर | १८ |
| ३.३ निर्देशक सिद्धान्त र मान्यता | १९ |
| ३.४ सोच, लक्ष्य तथा उद्देश्य | १९ |
| ३.५ परिमाणात्मक लक्ष्य | १९ |
| ३.६ रणनीति तथा प्राथमिकता | २१ |
| परिच्छेद ४ | २२ |
| वित्तीय व्यवस्थापन | २२ |
| ४.१आय प्रक्षेपण | २२ |
| ४.२ क्षेत्रगत स्रोत प्रक्षेपण | २३ |
| ४.३ लगानी अनुमान | २५ |
| ४.४ विषयक्षेत्रगत बजेट अनुमान | २५ |
| ४.५ वडा बजेट | २६ |
| ४.६ कुल व्यय र स्रोत परिचालन रणनीति | २६ |
| परिच्छेद ५ | २७ |
| आर्थिक क्षेत्र | २७ |
| ५.१ कृषि तथा पशुपन्छी | २७ |
| ५.२ पर्यटन, सँस्कृति तथा सम्पदा | ३८ |
| ५.३ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | ४२ |
| ५.४ श्रम, रोजगारी र सामाजिक सुरक्षा | ४६ |
| परिच्छेद ६ | ५० |
| सामाजिक विकास | ५० |
| ६.१ स्वास्थ्य तथा पोषण | ५० |

६.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ५५
६.३ खानेपानी तथा सरसफाइ ६०
६.४ महिला, बालबालिका तथा लक्षित वर्ग ६३
६.५ युवा तथा खेलकुद ६८
परिच्छेद ७ ७१
पूर्वाधार विकास ७१
७.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ७१
७.२ सडक, पुल तथा यातायात ७३
७.५ सूचना, सञ्चार तथा प्रविधि ८२
परिच्छेद ८ ८५
वन, वातावरण तथा विपद् व्यवस्थापन ८६
८.१ वन तथा जैविक विविधता ८६
८.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ८९
८.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ९३
८.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ९५
परिच्छेद ९ ९९
संस्थागत विकास तथा सुशासन ९९
९.१ संस्थागत विकास तथा सुशासन ९९
९.२ नगर गौरवका आयोजना १०९
परिच्छेद १० ११०
कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था ११०
१०.१ कार्यान्वयन संस्थागत व्यवस्था ११०
१०.२ अनुगमन तथा मूल्याङ्कन ११०
१०.३ मध्यावधि मूल्याङ्कन ११२
१०.४ अन्तिम मूल्याङ्कन ११३
अनुसूची- १ ११४
मण्डनदेउपुर नगरपालिकाको आवधिक योजना अवधिभरको लागि कूल आय प्रक्षेपण ११४
अनुसूची- २ १२०
एकीकृत वार्षिक योजना तर्जुमाको खाका १२०
अनुसूची(३ १२१
प्रमुख कार्यक्रमहरूको वार्षिक प्रगति १२१
अनुसूची( ३ १२२
नतिजागत वार्षिक प्रगति १२२
सन्दर्भ सामग्री १२३

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालले सङ्घीय शासन प्रणाली अपनाएको एक दशक पुग्न लागेको छ । सङ्घीय शासन प्रणालीमा तिनतहको सरकार मध्य स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो । यो स्थानीय शासन प्रणाली लागुभए पश्चात निर्वाचित स्थानीय तहका पदाधिकारीहरूको पहिलो कार्यकाल स्थानीय सरकार सञ्चालन सम्बन्धी कानून निर्माण, प्रणाली स्थापना र सेवा प्रवाहको संस्थागत विकास जस्ता संरचना निर्माण एवम् नयाँ संरचना बन्दा नभैनहुने व्यवस्थापकीय काम सफलतापूर्वक सम्पन्न भएका छन । स्थानीय सरकारको रूपमा प्रारम्भका ती चुनौतीपूर्ण वर्षहरू नागरिक प्रतिको जवाफदेहिता निर्माण गर्न व्यस्त रहे । दोश्रो स्थानीय तहको निर्वाचित जनप्रतिनिधिका लागि दिर्घकालीन लक्ष्य सहित प्राथमिकता तोकेर उत्कृष्ट नीति तथा कार्यक्रम निर्माण गरि कार्यान्वयन गर्दै स्थानीय तहमा नागरिकलाई प्राप्तहुने आर्थिक विकासका अवसर तथा लाभहरुलाइ फराकिलो बनाउँदै लैजाने शुवर्ण अवसर छ ।

हाम्रो मण्डनदेउपुर नगरपालिका वागमती प्रदेशको १ सय ११९ स्थानीय तह र काभ्रेपलान्चोक जिल्लाको छ नगरपालिका मध्ये एक हो । मण्डनदेउपुर नगरक्षेत्रको भौगोलिक स्वरूप फरक फरक भएकाले प्राकृतिक विविधतापूर्ण छ । यस नगर क्षेत्रमा उपलब्ध प्राकृतिक स्रोतको परिचालन गर्न सकिने सम्भावना प्रवल छ । कृषि तथा दुग्ध उत्पादन बाट बढ्दो आर्थिक गतिविधि, यातायातको सुगमता र **स्थानीय लगानीमा निजी क्षेत्र समेतको आकर्षणका कारण नगरपालिका र आसपासका क्षेत्रमा स्थानीय आर्थिक वृद्धि र सामाजिक सम्बृद्धिका उपकमहरू विकसित भएका** छन् । तसर्थ शासकीय क्षमता अभिवृद्धि गरेर हाम्रो नगरवासी र नगरको समृद्धिका लागि उपलब्ध हुनसक्ने सबै प्रकारका स्रोतको पहिचान र सोको परिचालन  गरि सेवाको पहुँच विस्तार गर्नु नै यस नगरपालिकाको प्राथमिकतामा पर्दछ ।

बागमती प्रदेशको मानव विकास सूचकाङ्क ०.६६१ रहेको छ । कुल राष्ट्रिय गार्हस्थ उत्पादनमा यस प्रदेशको योगदान ३६.४ प्रतिशत रहेको छ । प्रदेशस्तरमा प्रतिव्यक्ति आय नेपालका अन्य प्रदेशको तुलनामा यस उच्च २४८४ अमेरिकी डलर) रहेको छ जुन राष्ट्रिय प्रतिव्यक्ति आय (१५१७ अमेरिकी डलर) भन्दा धेरै बढी हो (नेपाल मानव विकास प्रतिवेदन २०२०, सोह्रौं योजना, नेपाल राष्ट्र बैंक २०८०, बागमती प्रदेश दोस्रो पञ्चवर्षीय योजना २०८१)।

तुलनात्मक रूपमा सानो आकारको उत्पादन प्रणाली र स्थानीय अर्थ संरचना पनि सानै भएको मण्डनदेउपुर नगरपालिकाको आफ्नो पहिचान भनेको यसको भूबनौट र त्यससँग गाँसिएर आउने आर्थिक गतिविधिजन्य अवसर नै हुन् । नगरबासीको वृहत्तर आर्थिक, सामाजिक हितका लागि यी आर्थिक अवसरको बुद्धिमत्तापूर्ण उपयोग गर्दै एक असल स्थानीय सरकारको रूपमा चिनिन् नगरबासीको जनजिविका सहज र समुन्नत बनाउने अभियान मण्डनदेउपुरको प्राथमिकतामा रहेको छ ।

## १.२ औचित्य

नगरपालिकाको समग्र आर्थिक विकासका लागि दिर्घकालीन नीतिहरू तर्जुमा भइसकेको छैन । विकास योजनाको तर्जुमा एवम् कार्यान्वयन, सार्वजनिक खरीद व्यवस्थापन, प्रविधिको प्रयोग एवंम उपयोग र आर्थिक नियन्त्रण जस्ता विषय नगरपालिकाका लागि सक्षमता हासिल गर्नुपर्ने विषयका रूपमा देखापरेका छन् । आर्थिक विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र साझेदारीको अवधारणामा योजना तर्जुमा हुनसकेको छैन । स्थानीय बासिन्दाको माग र आवश्यकता अनुसारको उत्कृष्ट योजना र योजना तथा कार्यक्रमको पुर्णताकालागि लगानी अपुग छ । योजना कार्यान्वयनका लागि संस्थागत क्षमता कमजोर छ । तसर्थ हाम्रो नगरपालिकाको युगान्तकारी

रूपान्तरणका लागि आवश्यक पर्ने भौतिक तथा वित्तीय स्रोत र सामर्थ्यको व्यवस्थापन हुन नसक्नु नै यस नगरपालिको मुख्य समस्या हो।

राज्य सञ्चालन प्रक्रियामा नागरिकको अधिकाधिक सहभागिता सुनिश्चित गर्न संविधानले तीन तहका सरकारको अधिकार र दायित्वको बाँडफाँट गरेको छ। स्थानीय तहको अधिकारक्षेत्रभित्रका कार्यसम्पादन गर्न स्थानीय तहहरू आर्थिक रूपमा आत्मनिर्भर र स्रोत परिचालन र व्यवस्थापनमा सक्षम हुनुपर्ने मान्यता रहेको सन्दर्भमा आफ्नो अधिकार क्षेत्रभित्रको प्राकृतिक र अन्य आर्थिक स्रोत सङ्कलन र परिचलनका लागि नगरपालिका जिम्मेवार हुनु बाञ्छनीय छ ।

हाम्रो मण्डनदेउपुर नगरपालिकाको भौगोलिक विविधता, प्राकृतिक स्रोत उपयोगको सम्भावना, सामाजिक, आर्थिक विकासको स्तरबृद्धि, निर्मित पूर्वाधारको उपयोगको अवस्था र संस्थागत क्षमता प्रदेशका अन्य नगरपालिकाहरूको तुलनामा भिन्न रहेको छ। यस्तो पृथक स्वरूप र भिन्नतालाई सम्बोधन गर्दै आफ्नो क्षेत्रको सामाजिक, आर्थिक र पूर्वाधार विकासका लागि स्थानीय आवधिक योजना बनाई लागू गर्नुपर्ने जिम्मेवारी पनि यस नगरपालिकाको हो । सङ्घीय शासन व्यवस्थाको सञ्चालन अनुभवका साथ मण्डनदेउपुरले विकासको बदलिँदो आयाम अनुकूल आफ्नो विकासको रणनीतिक दृष्टिकोण निर्माण गर्नु परेको छ । नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहको क्षमता बढाउँदै जनताको माग र आवश्यकता अनुरूप विकास योजना सञ्चालनका लागि आफ्नै सामर्थ्यमा दिगो तथा गुणात्मक रणनीतिक कार्यक्रम र गतिविधिहरू पहिचान गरी तत्काल कार्यान्वयन गरिनुपर्ने भएको छ । यी संस्थागत आवश्यकता पूरा गरी विकासका कार्यक्रमहरूको विद्यमान सञ्चालन व्यवस्थापनमा सुधार र विकासका कार्यक्रमहरूको दिगो सञ्चालन व्यवस्थापनलाई संस्थागत गर्न यस नगरपालिकाको आ व २०८१/०८२ मा यो आवधिक योजना तर्जुमा गरिएको हो ।

## १.३ आवधिक योजना र उद्देश्य

आवधिक योजना दीर्घकालीन सोच(vision) मा आधारित हुन्छ । यो स्थानीय आर्थिक विकासका लागि प्राथमिकताका क्षेत्रमा साधनस्रोतको अधिकतम् उपयोग र स्थानगत (Spatial) नतिजामुखी विकासका लागि निर्देशक योजना (Indicative Plan) हो । प्रस्तुत आवधिक योजनाले देहायका उद्देश्य लिएको छ**:**

१.३.१ राष्ट्रिय तथा प्रादेशिक विकास लक्ष्य र प्राथमिकतासँग तादात्म्य कायम गर्दै स्थानीय तहमा नतिजामूलक आर्थिक सामाजिक उपलब्धी हासिल गर्नका लागि नगरपालिकाको दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य र रणनीति निर्धारण गर्नु ।

१.३.२ सबै प्रकारका स्रोत साधनको समुचित परिचालन गर्दै नगरबासीको आवश्यकता र प्राथमिकतालाई आगामी पाँच वर्ष भित्रमा सम्बोधन गर्ने गरी विकासको खाका तयार गर्नु ।

## १.४योजना तर्जुमाको नीतिगत तथा कानूनी आधार

नेपालको संविधानको प्रस्तावना र राज्यको विकास सम्बन्धी नीतिमा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चितताका साथ समृद्ध राष्ट्र निर्माण गर्न दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने भनिएको छ । धारा ५७ ले स्थानीय तहको अधिकार संविधानको अनुसूची -८ मा उल्लेखित विषयमा रहने र त्यस्तो अधिकारको प्रयोग स्थानीयतहले बनाएको कानून बमोजिम हुने भनेको छ । अनुसूची -९ मा स्थानीय तह, प्रदेश र सङ्घको साझा अधिकार सम्बन्धी व्यवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले राजस्व बाँडफाँट, प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण लगायतका अनुदान, बैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरू कार्यान्वयनगर्न वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने र मध्यमकालिन खर्च संरचना समेत तयार गर्नुपर्ने व्यबस्था गरेको छ ।

देशको सोह्रौं योजनामा आ.व.(२०८१/८२-२०८५/८६) ले स्थानीय तहको आवश्यकता र प्राथमिकताको नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन र सेवा प्रवाह प्रभावकारी बनाउन; योजना छनौट, प्राथमिकीकरण, वर्गीकरण, बजेट तर्जुमा र सोको प्रभावकारी कार्यान्वनयका लागि दीर्घकालीन नीति तर्जुमा र प्रभावकारी कार्यान्वयको नीति लिएको छ ।

दिगो विकासका लक्ष्यहरू, बागमती प्रदेशको दोस्रो आवधिक योजना, नगरपालिकाको आर्थिक र विनियोजन ऐनहरूले नगर विकासमा वृहत नीति मार्गदर्शन गरेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले स्थानीय तहमा दिगो विकासमैत्री योजना तर्जुमा गर्न र आवधिक विकास योजनालाई राष्ट्रिय, प्रादेशिक र स्थानीय तहका योजनाहरूबीच सामञ्जस्य कायम गर्न निर्देशित गरेको छ ।

## १.५ योजना तर्जुमा विधि

### १.५.१ कार्य विवरण

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८मा उल्लेखित विषयवस्तु र ढाँचा अनुरुप मण्डनदेउपुर नगरपालिकाको आवधिक नगर विकास योजना तयारी कार्य विवरण नगरपालिकाबाट दिइएको थियो ।

### १.५.२ प्रकृया

**सूचना संकलन**

नगरपालिकाको घरधुरी सर्वेक्षण र पार्श्वचित्र (डिजिटल प्रोफाइल), २०८१ मा रहेका तथ्यांक र सूचना प्राथमिक स्रोत रहेका छन् । द्वितीय स्रोतको रुपमा नगरपालिकाका विषयगत शाखाहरुबाट उपलब्ध सूचना तथा तथ्यांक र राष्ट्रिय तथ्यांक कार्यालय र संघीय निकायका तथ्यांक प्रयोग गरिएको छ ।

**आवधिक योजना तर्जुमा निर्देशक समिति**

नगर प्रमुखको संयोजकत्वमा गठीत आवधिक योजना तर्जुमा निर्देशक समिति र स्थानिय नीति तथा योजना आयोगका पदाधिकारबाट आवधिक योजना तर्जुमाको समग्र प्रक्रियामा निर्देशन र समन्वय भएको थियो ।

**योजना तर्जुमा सम्वन्धी अभिमुखिकरण गोष्ठी**

आवधिक योजनाको उद्देश्य, महत्व र साझेदार निकायहरुको भूमिका सम्बन्धी विषयहरुमा नगरपालिकाका पदाधिकारी, स्थानिय नीति तथा योजना आयोगका पदाधिकारी, विषयगत शाखा प्रमुख, राजनीतिक दल र अन्य साझेदारहरुलाई अभिमुखिकरण गरिएको थियो ।

**वडातहको योजना तर्जुमा परामर्श**

नगरपालिकाका १२ वटै वडाहरुमा वडास्तरीय योजना तर्जुमा परामर्श गरिएको थियो । परामर्शमा वडा समिति, प्रमुख राजनीतिक दलका प्रतिनिधि, वडा सचिव, कर्मचारी, महिला समूह, बालक्लब, कृषक समूह, विद्यालय, समाजसेवी, बुद्धिजीवी, जानकार व्यक्ति, दलित, बिपन्न, आपांगता भएका र सीमान्तकृत वर्गको सहभागिता रहेको थियो ।

**योजना तर्जुमा कार्यशाला**

नगरपालिकाका पदाधिकारी, राजनीतिक दल, नगर नीति तथा योजना आयोग, कर्मचारी, निजी क्षेत्र, सहकारी, गैर सरकारी संस्था लगायत स्थानीय बासिन्दाको सहभागिता रहेको कार्यशालामा नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति,कार्यक्रम र बजेट सम्बन्धमा छलफल र अन्तरकृया भई योजना तर्जुमाको काम प्रारम्भ भएको थियो ।

**विश्लेषण र दस्तावेज लेखन**

योजना तर्जुमा कार्यशालाबाट प्राप्त सुझावहरु र नगरपालिकाको समग्र सामाजिक आर्थिक अवस्थाको विश्लेषणका साथ विज्ञ टोलीबाट योजनाको मस्यौदा लेखन सम्पन्न भएको हो । मस्यौदामा विभिन्न तहमा भएका छलफलहरुबाट आएका सुझावहरु लिइएको थियो । प्राप्त सुझावहरु सहितको परिमार्जित मस्यौदा दस्तावेज प्रमाणीकरण कार्यशालामा प्रस्तुत भइ परिमार्जित दस्तावेज मण्डनदेउपुर नगरपालिकामा पेश गरिएको हो ।

**आवधिक नगर विकास योजना स्वीकृती**

यो आवधिक नगर विकास योजना नगर सभाबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ ।

## १.६ परिसिमन

राष्ट्रिय जनगणना, २०७८ मा उल्लेख भएको मण्डनदेउपुर नगरपालिकाको जनसंख्या र यस नगरपालिकाको घरधुरी सर्वेक्षण, २०८१ मा उल्लेख भए अनुसारको जनसंख्यामा भिन्नता देखिएको छ । राष्ट्रिय सूचकाङ्कमा प्रयोग गरिने जनगणनाको तथ्याङ्क राष्ट्रिय तथा प्रादेशिक स्तरमा रहने हुँदा यस नगरको योजना तर्जुमा गरिदा तथ्याङ्कगत एकरूपता रहनु वाञ्छनीय भएकोले यो आवधिक योजनामा राष्ट्रिय जनगणना, २०७८ को जनसांख्यिक विवरणलाई आधार मानी निमार्ण गरिएको छ ।

मण्डनदेउपुरको वस्तुगत विवरण (प्रोफाईल) र आवधिक नगर विकास योजना तर्जुमा प्रकृया साथसाथै गर्नु परेको कारण कतिपय सूचना प्राप्त गर्न नसकिएको र प्राथमिक तथ्याङ्क उपलब्ध हुन नसकेको अवस्थामा द्बितीय स्रोतका तथ्याङ्क एवम् सूचना प्रयोग गरिएको छ ।

यस आवधिक योजनाको कार्यान्वयन अवधिमा सार्वजनिक क्षेत्रले गर्ने कूल लगानीको विश्लेषणका लागि सोह्रौं योजनामा गरिएको लगानी प्रक्षेपणको मापदण्ड अनुसरण गरिएको छ ।

# परिच्छेद २
# मण्डनदेउपुर नगरपालिकाको परिचय

## २.१ भौगोलिक र प्रशासनिक संरचना

### २.१.१ भौगोलिक अवस्था

मण्डनदेउपुर नगरपालिकाको भूक्षेत्रफल ८९ व.कि.मि. रहेको छ । समुन्द्र सतहवाट ६४० मिटर देखि २११५ मिटर मिटर सम्मको उँचाइमा अवस्थित छ । यस नगरपालकिाको पूर्वमा काभ्रेको भूम्लु गाउँपालकिा, पश्चिममा काठमाडौ र भक्तपुर जिल्ला, उत्तरमा सिन्धुपाञ्चोक जिल्ला र दक्षिणमा काभ्रेको पाँचखाल र बनेपा नगरपालिका रहेको छ । नेपालको सङ्घीय राजधानी काठमाडौँबाट उत्तर-पूर्वमा ५५ कि.मि. दुरीमा रहेको यो नगरपालिकामा १२ वटा वडा रहेका छन् । नगरपालिकाको चाखोला, आँशीखोला, थारखोला, ढाँडखोला र इन्द्रावती नदी बेसिन वरीपरिका क्षेत्रहरु नगरपालिकाको प्रमुख कृषि उत्पादन क्षेत्रका रूपमा रहेका छन् । यस नगरक्षेत्रमा बहने इन्द्रावती नदीको करीब २५ कि.मि. लामो तटीय समथर क्षेत्र छ । यो यस नगरको दोश्रो ठुलो कृषि उत्पादन क्षेत्र हो । दैनिक आर्थिक गतिविधि सञ्चालन हुने प्रमुख बजार क्षेत्रमा नगरकोट, सिपाघाट र कुन्ताबेसी हुन् ।

### २.१.२ प्रशासनिक संरचना

साविकका बालुवापाटी देउपुर, गैरीबिसौना देउपुर, नयाँगाउँ देउपुर, महादेवस्थान मण्डन, चण्डेनी मण्डन, जैसीथोक मण्डनको सम्पूर्ण भाग र ज्याम्दी मण्डनका ७ वटा वडा पूनर्संरचित भइ २०७३ साल फागुन २७ गते यो नगरपालिका स्थापना भएको हो । यो नगरपालिका काभ्रेपलाञ्चोक जिल्लाको निर्वाचन क्षेत्र नं. २ अन्तरगत पर्दछ । यसको वडा नं १ देखि वडा नं ६ सम्म प्रदेश सभा निर्वाचन क्षेत्र नं २(२) र वडा नं ७ देखि  वडा नं १२ सम्म प्रदेश सभा निर्वाचन क्षेत्र नं २(१) मा पर्दछ । नगरपालिकाको केन्द्र वडा नं.७ महादेवस्थान मनमती डाँडामा रहेको छ । जिल्लाको प्रशासनिक केन्द्र जिल्ला सदरमुकाम धुलिखेललाई  सिन्धुपाञ्चोक जाने हेलम्बु सडक र अरनिको राजमार्गको २२ कि.मी. पक्की सडक खण्डले जोडेको छ ।

यस नगरपालिकाको नगरसभा ६५ सदस्यीय र नगरकार्यपालिका २२ सदस्यीय रहेको छ । स्थानीय सरकार संचालन ऐन,२०७४ र नगरपालिकाको कार्य विभाजन नियमावली अनुसार निर्वाचित जनप्रतिनिधि रहेको पाँच वटा विषयगत समितिहरू कृयाशील छन् । नगरपालिकाको दीर्घकालीन विकास र योजना तर्जुमालाई व्यवस्थित गर्न र योजना कार्यान्वयनमा सहयोग पुर्याउन स्थानीय नीति तथा योजना आयोग समेत गठन गरिएको छ । नगरपालिकाको प्रशासनिक सेवा प्रवाहलाई प्रभावकारी वनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण अद्यावधिक गर्ने काम प्रक्रियामा रहेको छ । तथापि हाल नगरकार्यपालिकाको कार्यालय अन्तरगत शिक्षा युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा, पूर्वाधार विकास शाखा, आर्थिक प्रशासन शाखा, योजना शाखा, कृषि तथा पशुपन्क्षी विकास शाखा, सामाजिक सुरक्षा शाखा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, न्यायिक समिति सचिवालय लगायत कृयाशील छन् ।

### २.१.३ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

नगरपालिकाको कुल भूक्षेत्रफल मध्ये ४० प्रतिशत पाखोबारी, २८ प्रतिशत खेत र २७.७ प्रतिशत वन जङ्गल, र बाँकी घाँसेमैदान र अन्य क्षेत्र रहेको छ । उष्ण-समशितोष्ण हावापानी रहेको यस  नगरमा अनुकुल धरातलीय तथा मौसमी अवस्थाका कारण तरकारी, पुष्प तथा फलफूल, पशुपालन, मौरीपालन लगायतका कृषि उत्पादन र दुग्ध उत्पादन भइ

आएको छ । उत्पादित कृषि तथा पशुजन्य उपज बिक्रीका लागि स्थानीय बजार, र नजिकको नगरकोट, सिपाघाट, कुन्ताबेशी, पाँचखाल र काठमाडौंको बजार उपलब्ध छन् ।

ऐतिहासिक महत्वका दृष्टिकोणले यो नगर पृथ्वीनारायण शाहले नेपालको एकीकरण अभियानका क्रममा काठमाडौँ कब्जा गर्नका लागि यस नगरको वडा नं २ मा पर्ने हालको नगरकोट क्षेत्रमा रहेको नाल्दुम गढी कब्जा गरी (वि.सं. १८०३) उपत्यकालाई आर्थिक नाकावन्दीको अभियान शुरु गरेको कुरा उल्लेख छ । नगरकोटको प्रख्यात भँगेरी डाँडा भनिने थुम्को हाल नेपाली सेनाको वार कलेज रहेको स्थानमा पर्दछ । यहाँ अहिलेपनि विभिन्न राणाकालीन दरबारका अवशेषहरु देख्न पाइन्छ । त्यतिबेला नाम चलेका दरबारहरूमा भँगेरी दरबार, पुतली दरबार आदि हुन् । यो क्षेत्र मल्ल कालमा तिब्बत, खासा, सिन्धुपाल्चोक जिल्लाको दुगुनागढी, जलवीरे, चौतारा, सिपाघाट र देउपुर नालदुम हुँदै काठमाडौँ उपत्यकामा प्रवेश गर्ने व्यापारीहरुको प्रमुख लोकप्रिय मार्ग थियो ।

मण्डनदेउपुर नगरपालिका क्षेत्रमा ब्राह्मण, क्षेत्री र तामाङ जातिको बाहुल्यता रहेको छ । तथापि नेवार, मगर, गुरुङ, माझी, दनुवार, घर्ती जस्ता धेरै जनजाति र दलित समुदायको बसोवास रहेको छ । यहाँ सबै समुदायले आआफ्नो परम्परा अनुसारका सँस्कृति, रीति रिवाज र स्थानीय चाडपर्वहरू मान्दै आएका छन् ।
नगरकोट मै रहेका महाङ्कालको शक्ति प्राप्तगरी पृथ्वीनारायण शाहले काठमाडौ माथि विजय प्राप्तगरेको र तत्पश्चात् महांकाल मन्दिर स्थापना गरेको जनश्रुतिबाट नगरकोट महांकाल मन्दिरको ऐतिहासिक तथा धार्मिक महत्व बुझ्न सकिन्छ । यसका अलवा कश्यपेश्वर महादेव मन्दिर, ब्रह्मायणी देवी मन्दिर, उमादेबी मन्दिर यहाँका ख्यातिप्राप्त मन्दिर हुन । अन्यमा श्री कृष्ण, गणेश, शिव, भिमसेन, विष्णु, बिभिन्न देवी, बुद्ध देवता, माने, गुम्बा, छ्योर्तेन जस्ता प्रशस्तै धार्मिकस्थलहरू रहेका छन् ।

## २.१.४ जनसांख्यिक अवस्था

मण्डनदेउपुर क्षेत्र पुर्नसंरचना भई नगरपालिका बन्दा यहाँको कूल जनसंख्या ३२ हजार ६५९ रहेको थियो । तर जनगणना, २०७८ मा यहाँको कूल घरपरिवार संख्या ७ हजार ९२४ र जनसंख्या ३० हजार ३८१ कायम हुन आएको छ । यहाँको औसत घरपरिवार संख्या ३.८३ रहेको छ । लैङ्गिक अनुपात ९५.६५ र जनघनत्व ३४१ प्रति वर्ग कि.मि. रहेको छ । २०८१ मा नगरपालिकाबाट गरिएको घरधुरी सर्वेक्षण अनुसार जम्मा ८३०७ घरधुरी रहेको देखिन्छ । जसमा २ हजार ८ घरधुरीहरुको अन्यत्र बसोवास रहको र यस नगरपालिकामा स्थायी बसोवास गर्ने घरपरिवार संख्या ६ हजार २२९ र जनसंख्या २८ हजार ३ रहेको छ । यसले जनसंख्याको संरचना घट्दो क्रममा रहेको देखाउँछ । वडागत जनसंख्या विवरण र अवस्थाको तुलनात्मक तालिका तपसिलको तालिका नं.- २.१ मा दिईएको छ । योजना तर्जुमा लागि सूचकाङ्कहरू प्रयोग गर्दा राष्ट्रिय तथा प्रादेशिक तथ्याङ्कहरूमा एकरूपता रहनु वाञ्छनीय हुने भएकोले यो आवधिक योजना तर्जुमाका लागि राष्ट्रिय जनगणना, २०७८ को जनसांख्यिक विवरणलाई आधार मानिएको छ ।

**तालिका २.१: तुलनात्मक जनसांख्यिक विवरण**

| वडा नं. | जनगणना, २०७८ | | | | घरधुरी सर्वेक्षण, २०८१ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरपरिवार संख्या | जनसंख्या | | | घरपरिवार संख्या | | | जनसंख्या | | |
| | | जम्मा | पुरूष | महिला | स्थायी बसोवास | अन्यत्र बसोबास | जम्मा | जम्मा | पुरूष | महिला |
| १ | ७४१ | २७४६ | १३३८ | १४०८ | ४०४ | १४७ | ५५१ | ८२६ | २९० | ५३६ |
| २ | ६४९ | २६९२ | १३३२ | १३६० | ४६९ | ६३ | ५३२ | २२७३ | १०५८ | १२१४ |
| ३ | ५१८ | २०१९ | ९६३ | १०५६ | ४६२ | १११ | ५७३ | १८०२ | ९१५ | ८८६ |

| वडा नं. | जनगणना, २०७८ | | | | घरधुरी सर्वेक्षण, २०८१ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरपरिवार संख्या | जनसंख्या | | | घरपरिवार संख्या | | | जनसंख्या | | |
| | | जम्मा | पुरूष | महिला | स्थायी बसोवास | अन्यत्र बसोबास | जम्मा | जम्मा | पुरूष | महिला |
| ४ | ५१६ | २१३२ | १०५६ | १०७६ | ४६३ | १३५ | ५९८ | २२४४ | ११४२ | ११०२ |
| ५ | ५३६ | १८८६ | ९१५ | ९७१ | ४७३ | २३३ | ७०६ | २५२१ | १३०९ | १२१२ |
| ६ | ८३२ | ३३३७ | १६५० | १६८७ | ५२० | २२८ | ७४८ | २०८५ | ९७३ | १११२ |
| ७ | ७८७ | ३०७३ | १५२४ | १५४९ | ६०७ | १०२ | ७०९ | २९७४ | १४०८ | १५६६ |
| ८ | ६९२ | २७१५ | १३४८ | १३६७ | ५०९ | १२८ | ६३७ | २३१३ | ११५७ | ११५६ |
| ९ | ६४७ | २३५२ | ११४४ | १२०८ | ५९३ | १२७ | ७२० | ३२६७ | १६८५ | १५८२ |
| १० | ७७० | २७०२ | १३२१ | १३८१ | ७०६ | ३२२ | १०२८ | २५५० | १०८३ | १४६७ |
| ११ | ६९५ | २८२४ | १३३९ | १४८५ | ६३४ | १५२ | ७८६ | २८०७ | १३६४ | १४४३ |
| १२ | ५४१ | १९०३ | ९२३ | ९८० | ४५९ | २६० | ७१९ | २३४२ | १२१८ | ११२२ |
| **जम्मा** | **७९२४** | **३०३८१** | **१४८५३** | **१५५२८** | **६२२९** | **२००८** | **८३०७** | **२७९५४** | **१३५७९** | **१४३७१** |

## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

मण्डनदेउपुर नगरपालिका उच्च पहाडी तथा उष्ण हावापानी भएका बेँसीहरू र नदी किनारमा अवस्थित समथर टार तथा मैदानी भूभागले बनेको छ । नगरपालिकाको कुल क्षेत्रफल ८९०० हे. मध्ये ६८ प्रतिशत (२७४१ हे.) भूमिमा खेतिपाती गरिएको छ । खेति गरिएको कुल जग्गा मध्ये स्थानीय कच्ची कुलो (८२%), भूमिगत स्रोत (११%), लिफ्ट ( ६%) र बोरिङबाट (१%) सिंचित रहेको छ । (स्रोत आ.व. २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रम र विविध) ।

नगरपालिका क्षेत्रमा हुने प्रमुख बाली धानको वार्षिक उत्पादन २३७३ मे.ट. र मकै वार्षिक उत्पादन ४११० मे.ट. छ । दुग्ध उत्पादन वार्षिक ७ करोड लिटर छ । सबै मौसमको तरकारीको कुल वार्षिक उत्पादन ९ हजार मे. ट. छ । सबै प्रकारको मासुजन्य खाद्यको कुल वार्षिक उत्पादन ७०८ मे.ट. रहेको छ । कुखुरा र अण्डाको वार्षिक उत्पादन २८ लाख ३७ हजार रहेको छ ।

जिल्ला सहकारी कार्यालयमा दर्ता भइ यस नगरपालिकामा हस्तान्तरण भएका १७१ वटा सहकारी संस्थाहरु मध्ये ३२ वटा बचत तथा ऋण सहकारी, ४१ वटा कृषि सहकारी, ६८ वटा दुग्ध सहकारी, ३० बहुउद्देश्यीय सहकारी रहेका छन जसमध्ये हालसम्म ९० वटा अद्यावधिक भई संचालति छन् । सहकारी क्षेत्रबाट बार्षिक करिब ५० करोडको लगानी भई स्थानीय अर्थतन्त्रमा सहयोग पुगेको देखिन्छ (आ.व.२०८०/८१) । साथै यस नगरपालकिामा ७ वटा बैंकहरु संचालति छन् ।
यहाँको जनजीविकाको प्रमुख आधार कृषि भएको र कृषि क्षेत्रलाई व्यवसायीकरण गर्ने सम्भावना पनि रहेको छ । ईन्द्रावती र चाखोला किनारका खेतबारीहरूमा व्यवसायिक तरकारी खेती हुने गरेको भएपनि यहाँको उत्पादन नगरकोटको पर्यटकीय होटलहरूमा नियमित रूपमा उपलव्ध गराउन सकिएको छैन । तुलनात्मक लाभका कृषि तथा पशुपन्छीजन्य उत्पादनको ग्रेडिङ, प्रशोधन, प्याकेजिङ्ग र ब्राण्डीङ गरी मूल्य श्रृंखलासँग कृषक र कृषि उत्पादनलाई आवद्ध गर्न सकिएको छैन ।

### २.२.२ पर्यटन

नगरपालिकाको वडा नं. १, २ र ३ को माथिल्लो भाग नगरकोट आसपासको भुगोल मुख्य पर्यटकीय क्षेत्र हो । यहाँ निजी क्षेत्रबाट सञ्चालित सुविधायुक्त ९० भन्दा बढी होटेल, रिसोर्ट र होमस्टेहरू सञ्चालनमा छन । जसबाट नगरपालिकाको आर्थिक विकासमा उल्लेख्य योगदान गराउन सकिन्छ । नगरपालिकको मुख्य व्यापारिक केन्द्र कुन्ताबेँसी र सिपाघाट तथा थामिडाँडा-सुलिकोट-बुद्धथुम्कामा आधुनिक होटल, जैविक पार्क, विश्रामस्थल र होमस्टे सञ्चालन गर्नसके पर्यटन विकासमा टेवा पुर्‍याउन सकिने र त्यसबाट नागरिकको आयआर्जन बृद्धि हुने प्रचुर सम्भावना छ । यस नगरक्षेत्र भित्र स्थान विशेषका मौलिकता झल्कने बस्तीको बिकास, जातिगत संग्रहालयको स्थापना एवम् जाति विशेषका पहिरन, रितिरिवाज र रहनसहनलाई सुविधासँग जोडेर व्यवस्थित गर्न सके पर्यटन व्यवसायबाट थप आय गर्न सकिने देखिन्छ ।

## २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस नगरपालिकामा बस्ने अधिकांश नगरवासीको मुख्य पेशा कृषि र कृषिमा आधारित उद्योग व्यवसाय नै हो । करीब २५.९ प्रतिशत जनसंख्या कृषि मजदुरीमा आश्रित छन् । नगरपालिका क्षेत्रमा ठूला उद्योग वा कलकारखाना स्थापना भएका छैनन् । नगरक्षेत्रमा संचालित ३४६ वटा व्यवसाय दर्ता भएका छन् भने ३१ वटा निर्माण कम्पनीलाई (घ) वर्गाको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गरिएको छ । नगरपालिकाले लघु उद्यम विकास गर्ने अभिप्रायले कृषक समूहलाई लघु उद्योग सम्बन्धी तालिम तथा बैंकसँग ऋण लिएर व्यवसाय गर्न सहजीकरण गर्दै आएको छ । औद्योगिक विकासमा सहयोग पुर्‍याउने उदेश्यले नगरपालिकाको तर्फबाट वडा नं ६ र ७ को सिमानामा रहेको गैरीचौरमा करिब ७० रोपनी खाली सार्वजनिक जग्गामा बागमती प्रदेश सरकारको आर्थिक सहयोगमा औद्योगिक ग्रामको पुर्वाधार निर्माणकार्य शुरु गरिएको छ ।

## २.२.४ श्रम, रोजगारी र सामाजिक सुरक्षा

आ.व. २०८०/८१ मा १४५ जनाले नगरपालिकाबाट श्रम स्वीकतिका लागि सिफारिश लिएका छन् । स्थानीयस्तरमा श्रम र रोजगारीको अवसर संकुचित रहेको कारण युवाहरू बैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । बैदेशिक रोजगारीमा जाने १५ देखि ५४ वर्षउमेर समूहकाको संख्या १०.६ प्रतिशत रहेका छन् । ठूलो जनसंख्या कृषि पेशामा आश्रित भएपनि निर्वाहमुखी खेती प्रणालीका कारण आफुले उत्पादन गरेको अन्नबाली बाट परिवारलाई बर्षदिन खान नपुग्ने भएकाले कृषि पेशाप्रति नागरिकको आकर्षण छैन । तरपनि कृषकलाई उत्पादन क्षेत्रमा उच्चतम् उपलब्धी दिलाउन तथा बजार र मूल्य श्रृंखलासँग आवद्ध गराई बजारीकरणको व्यवस्था मिलाउन नगरपालिकाले नीतिगत सुधारलाई प्राथमिकतामा राखेको छ ।

नगरपालिका क्षेत्रमा मिस्त्री ३७, सिकर्मी १४, डकर्मी २८, प्लम्बर १०, अटो मेकानिक १८ रहेका छन् । विशेषज्ञ सेवा तर्फ इन्जीनियर २४, मेडिकल डाक्टर ४८, पशु चिकित्सक १३, कृषि विज्ञ ३१, कानून विज्ञ १७ रहेका छन् तर नगरपालिका क्षेत्रमा यिनको सेवा उपलब्ध छैन । पत्रकारिता गर्ने सञ्चारकर्मीको संख्या १२ छ । नगरपालिकाले उपलब्ध श्रम शक्ति र उपयोग, रोजगारी र सामाजिक सुरक्षा, आन्तरिक श्रमको माग, वैदेशिक रोजगारी र सुरक्षित आप्रवासन सम्बन्धमा अध्ययन गरी श्रम तथा रोजगार नीति तयारी तथा पूँजी लगानीप्रबन्ध प्रारम्भ गरेको छ । आ.व. ०८०/०८१ मा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको संख्या ४ हजार १८० रहेको र कुल भत्ता रकम रू.१६ करोड ३६ लाख वितरण गरिएको छ । नगरपालिकाको सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति तर्जुमा भइसकेको छैन । (सामाजिक सुरक्षा तथा पञ्जिकरण ईकाइ)

## २.३ सामाजिक विकासको अवस्था

## २.३.१ स्वास्थ्य तथा पोषण

स्वास्थ्य र पोषण सम्बन्धी उपलब्धी मापन गर्ने बालमृत्यु, मातृशीशु स्याहार, आयु, पोषण, खाद्य सुरक्षा जस्ता उपक्षेत्रका सूचना र तथ्याङ्क नगरपालिका भित्र एकीकृतरूपमा उपलब्ध हुने अवस्था छैन । त्यसैले काभ्रेपलाञ्चोक जिल्लास्तरमा उपलब्ध तथ्याङ्कहको आधारमा स्वास्थ्य अवस्था विश्लेषण गरिएको छ । नगरपालिकामा पाँच शैयाको अस्पताल, पाँच वटा आधारभूत स्वास्थ्य केन्द्र, सात वटास्वास्थ्य चौकी र दुईवटा शहरी स्वास्थ्य क्लिनिकबाट स्वास्थ्य सेवा उपलब्ध भइआएको छ । नगरमा १८ वटा गाउँघर क्लिनिक सञ्चालनमा रहेका छन् । नगरको स्वास्थ्य शाखा र वडाका स्वास्थ्य केन्द्रहरूमा ६७ जना स्वास्थ्य तर्फका जनशक्ति कार्यरत छन् । १५ शैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ । नगरपालिकाको प्रमुख बजारक्षेत्र र आसपास निजी क्लिनिक र औषधि पसलहरूबाट समेत सामान्य स्वास्थ्य सेवा उपलब्ध भइआएको छ । धुलिखेल, बनेपा लगायत काठमाडौं र आसपासका स्वास्थ्यकेन्द्रहरू सम्म यहाँका बिरामीलाई सहजै पुग्न एम्वुलेन्स र सार्वजनिक यातायातका साधन उपलब्ध छन् ।

## २.३.२ शैक्षिक विकास

नगरपालिकामा एउटा क्याम्पस, १६ वटा माध्यमिक विद्यालय, २९ वटा आधारभूत विद्यालय र ६ वटा बाल विकास कक्षा सञ्चालनमा रहेका छन् । यी शैक्षिक संस्थामा ५ हजार ८०४ जना विद्यार्थीहरू अध्ययनरत छन । नगरपालिकाभर १२१ जना स्थायी शिक्षक र करार तथा अन्य स्रोत गरी २५५ सहित जम्मा ३७६ शैक्षिक जनशक्ति कार्यरत छन् भने शिक्षक विद्यार्थी अनुपात १:१५ रहेको देखिन्छ । आधारभूत तहमा विद्यार्थी भर्नादर ९३.७ प्रतिशत रहेको छ भने सिकाई उपलब्धि प्राथमिक तहमा ४४.४७, निम्न माध्यमिक तहमा ५५.१४ र एसइइ तहमा ४४.५४ रहेको छ । यस नगरपालिकामा रहेको शैक्षिक संस्थाका १५५ वटा भवनमा ५९३ वटा कोठा रहेका छन् । शिक्षण संस्था र विद्यार्थी विवरण तालिका नं.-२.२ र शैक्षिक जनशक्ति विवरण तालिका नं.- २.३ मा राखिएको छ ।

**तालिका २.२: शिक्षण संस्था र विद्यार्थी विवरण**

| शैक्षिक संस्था | संख्या | | | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | छात्रा | छात्र | जम्मा |
| क्याम्पस | १ | | १ | | | ४ |
| माध्यमिक विद्यालय | १३ | ३ | १६ | ४२६ | ३९२ | ८१८ |
| आधारभूत विद्यालय | २६ | ३ | २९ | १८१२ | १८७९ | ३६९१ |
| प्रारम्भिक बाल विकास केन्द्र | ३६ | ६(विद्यालय वाहिर) | ३९ | ५८० | ७१५ | १२९५ |
| जम्मा | | | | | | ५८०८ |

**तालिका नं.- २.३: शैक्षिक जनशक्ति विवरण**

| शिक्षक | बाल विकास | प्रावि तह | निमावि तह | मावि तह | उमावि तह | जम्मा |
|---|---|---|---|---|---|---|
| स्थायी | ३८ | ८२ | १९ | २० | ० | १२१ |
| करार | ० | ५५ | ३ | ५ | ११ | ७४ |
| राहत | ० | ४२ | ३१ | १५ | ० | ८८ |
| नगर | ८ | ० | १४ | १७ | ० | ३१ |
| प्रदेश | ० | ० | ० | १ | ० | १ |
| वि. नर्स | ० | ० | ० | ४ | ० | ४ |
| का. सहयोगी | ० | ३१ | ० | १३ | ० | ४४ |

| शिक्षक | बाल विकास | प्रावि तह | निमावि तह | मावि तह | उमावि तह | जम्मा |
|---|---|---|---|---|---|---|
| लेखापाल | ० | ० | ० | १३ | ० | १३ |
| **जम्मा** | **४६** | **२००** | **२७७** | **८८** | **११** | **३७६** |

## २.३.३ खानेपानी तथा सरसफाइ

करिव ७० प्रतिशत घरपरिवारमा एकघर एकधारा कार्यक्रम मार्फत खानेपानी व्यवस्था गरिएको छ । नगरपालिकामा ४०.४ प्रतिशत घरपरिवारले आफ्नो घरभित्रै रहेको पाईपको धाराको पानी प्रयोग गर्ने गरेका छन् । हाल निर्माणाधिन योजनाहरू सम्पन्न भए पश्चात सबै घरधुरीमा स्वच्छ पानीको पहुँच पुग्ने देखिन्छ । नगरपालिकाका केही बजारक्षेत्रमा मात्र ढल निकासको व्यवस्था छ । खानेपानी तथा शौचालय सम्बन्धी विवरण तालिका**नं.-**२.४मा दिईएको छ ।

**तालिका २.४: खानेपानी तथा शौचालय सम्बन्धी विवरण (स्रोतः राष्ट्रिय जनगणना, २०७८)**

| विवरण | घरधुरी संख्या | शौचालयको अवस्था | घरधुरी संख्या |
|---|---|---|---|
| जम्मा घरधुरी | ७९२४ | | |
| घरमै पाइपधारा भएको | ३१७३ | सेफ्टी ट्यांकी भएको | ४०६८ |
| घरबाहिर पाइपधारा भएको | ३०९६ | खाल्डे चर्पी भएको | ३४२३ |
| ट्युव हातेपम्प भएको | ९ | शौचालय नभएको | २८८ |
| ढकनी भएका इनार कुवा | २७२ | | |
| खुला इनार कुवाको पानी उपभोग गर्ने | ४२४ | | |
| मूलको पानी उपभोग गर्ने | ९२१ | | |
| नदी खोलाको पानी उपभोग गर्ने | १९ | | |
| स्रोतः राष्ट्रिय जनगणना, २०७८ | | | |

## २.३.४ युवा, खेलकुद

यस नगरपालिकाको कुल जनसंख्याको करिव ३९.२ प्रतिशत युवा (१५-४० वर्ष) रहेका छन् । नगरपालिका भित्रका शैक्षिक संस्थाहरूमा प्राविधिक विषयका पढाइका लागि नगरपालिका बाहिर जानुपर्ने अवस्था छ ।विकास योजना कार्यान्वयनका लागि अर्धदक्ष एवम् युवा जनशक्ति स्थानीयरूपमा उपलब्ध हुन कठिनाइ छ । नगरक्षेत्रमा कृयाशील ३९ वटा सामुदायिक सङ्घसंस्था र २ सय १६ वटा कृषकसमूहहरूमा युवा संलग्नता रहेको छ । युवा लक्षित नगरस्तरीय खेलकुद प्रतियोगिताहरू सञ्चालनगर्ने गरिएको छ । युवालाई शिपमुलक तालिमहरु सन्चालन गर्न सकेको छैन ।

## २.३.४ सामाजिक सशक्तिकरण

नगरपालिकामा कुल जनसंख्या मध्ये ५१.४१ प्रतिशत महिला, ४८.५८ प्रतिशत पुरुष र ०.०१ प्रतिशत अन्य रहेका छन् । त्यसमध्ये ब्राह्मण ३३.१६ प्रतिशत, क्षेत्री ९.१६ प्रतिशत, विभिन्न जनजाति ४८.८७ प्रतिशत र दलित ८.८१ प्रतिशत रहेका छन् । १८ वर्ष मुनिका बालबालिका ४१ प्रतिशत रहेका छन् । सामाजिक सशक्तिकरण समतामूलक राष्ट्र निर्माणको राष्ट्रिय उद्देश्य पुरा गर्न सहयोग पुर्याउने गरि मण्डनदेउपुर नगरपालिकाले आफ्ना नीति, योजना र कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गर्दै आएको छ । नगरपालिकामा महिला, बालबालिका तथा लक्षित वर्ग हेर्ने छुट्टै शाखा रहेको छ । अपांगता, जेष्ठ नागरिक र बालबालिका सम्बन्धि कार्यविधि निर्माण भएको छ । क्षमता विकासका लागि विभिन्न किसिमका तालिमहरु संचालन गर्दै आएको छ भने नगरपालिकाले २०८१/८२ को नीति तथा कार्यक्रम

र बजेटमा समावेशी तथा गुणस्तरीय शिक्षा, सुरक्षित मातृशिशु कार्यक्रम र लक्षितवर्गमैत्री कार्यक्रमलाई प्राथमिकताका साथ सम्बोधन गरेको छ ।

## २.४ पूर्वाधार तथा सहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

नगरपालिकाको भू-उपयोग नीति निर्माण भइ कार्यान्वयनको चरणमा रहेको छ । भूउपयोग ऐन, २०७६ अनुरूप भूउपयोग क्षेत्र वर्गीकरण भइसकेको छ । जनता आवास अन्तर्गत नगरपालिका क्षेत्रमा केही घर निर्माण भएका छन् । नगरपालिकाको वडा नं ८, ९ र १२ मा वडा कार्यालय आफ्नो भवन नहुँदा ती वडाको सेवा प्रवाहमा कठिनाई भएको देखिन्छ । वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका लागि यस नगरपालिका क्षेत्र भित्र प्रत्येक वडाहरूमा आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक उपयोग क्षेत्र र संस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्र तोकिएको छ । नगरपालिकाभरमा हाल सम्म ८३४ सार्वजनिक तथा निजी भवन नक्सापास मापदण्डमा आएका छन् । बाँकि भवन तथा घरहरुलाई नक्सापास मापदण्डमा ल्याउने प्रयास भएको छ ।

### २.४.२ सडक, पुल तथा यातायात

नगर क्षेत्रमा कूल सडक सञ्जालको लम्बाई करीब ३३७ कि.मि. रहेको छ । सो मध्ये १५.२ कि.मी. रणनैतिक सडक, ६६.६ कि.मि. जिल्लास्तरका सडक, १७०.४ कि.मि. नगरस्तरका सडक र ८४.६४ कि.मि. गाउँस्तरका सडक रहेका छन् ।. विद्यमान जिल्लास्तरका सडक संजालले यस नगरपालिकाका सबै १२ वडा केन्द्रहरू.लाई जोडेको छ । सबै सडक संजाल मध्ये २५ प्रतिशतसडक सञ्जाल मात्र बाह्रै महिना सञ्चालन हुने रहेको छ । कूल सडक लम्बाईको ७५ प्रतिशत सडक धुले/माटे सडक रहेको छ । नगरपालिका क्षेत्रको सडक घनत्व प्रति १००० जनसंख्यामा १०.५४ कि.मि. छ । राष्ट्रिय सहरी विकास रणनीति २०१५ अनुसार तोकिएको थ्रेसहोल्ड सडक घनत्वको सिमा न्युनतम ७.५ कि.मि. प्रति व.कि.मि. भएकोमा यस नगरपालिका क्षेत्र भित्रका सडकको घनत्व ३.८८ कि.मि. प्रति .व.कि.मी. मात्र रहेको छ । भित्री रिडरोड सडक निर्माणधीन अवस्थामा रहेका छ । नगरपालिका क्षेत्रको कूलसडक (३३६.७ कि.मि) मध्ये १२ प्रतिशत (४५कि.मि) कालोपत्रभएको छ । नगरपालिकाका प्रत्येक वडाहरूमा कम्तीमा एक वटा रणनीतिक सडक निर्माण गर्ने नीति रहेको छ ।

### २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

नगरपालिकाको सिमा क्षेत्रमा बग्ने इन्द्रावती नदी, वडा नं १, २, ३, ७, ५, १० र ११ मा सिमसार क्षेत्र र अन्य साना खोला/खोल्सा, कुँवा/पधेरा तथा मुहानहरू नगरपालिकाका जलश्रोत हुन । यस नगर क्षेत्रभित्र राष्ट्रिय प्रसारण लाइनबाट विद्युतको आपूर्ति भएको छ ।नगरपालिकाका सबै घरधुरीमा बिजुली पुगेको छ भने घाट, गुम्बा, मन्दिर, वडा कार्यालय, स्वास्थ्य संस्थाहरूमा सौर्य उर्जा समेत प्रयोग भएको छ । सौर्य उर्जा, मट्टीतेल र अन्य उर्जा श्रोतमा सौर्य उर्जाको प्रयोग ७८.७ प्रतिशत रहेको छ (NPHC 2021)। नगरका बजारक्षेत्रमा १०० भन्दा बढीको संख्यामा सोलार बत्ती जडान गरिएको छ । ९ प्रतिशत घरधुरीले दाउरा इन्धनका प्रयोग गरेको देखिएको छ । विद्युत प्रसारण लाइन बिस्तार तथा आवश्यक ट्रान्सफर्मर नभएका कारण नगरको सबै क्षेत्रमा भरपर्दो विद्युत सेवा उपलब्ध हुन सकेको छैन ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

नगरपालिकाका २.१२ प्रतिशत घरधुरीले ल्यान्डलाइन फोन प्रयोग गरेका छन् । ३५.८ प्रतिशत  घरधुरीले इन्टरनेटको प्रयोग गर्छन् । यस नगरपालिका क्षेत्र भरी रेडियोको प्रयोग कर्ता ३५.२३ प्रतिशत, टिभी प्रयोगकर्ता ५४.४२ प्रतिशत र कम्प्युटर/ल्यापटप प्रयोगकर्ता ६.५ प्रतिशत रहेका छन् (NPHC 2021) ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

नेपालको संविधान अनुसारबन, जङ्गल, चराचुरूँगी, जल उपयोग, वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धी कार्यहरू स्थानीय तहको जिम्मेवारीमा रहेको छ ।

मण्डनदेउपुर नगरपालिकामा हाल ५२ वटा सामुदायिक वन उपभोक्ता समुहहरु रहेका छन् । यिनै ५२ वटा सामुदायिक वनको क्षेत्रफल १५०८.४५ हेक्टर रहेको छ । यसवाट ५४२७ घरपरिवार लाभान्वित भएका छन् । यस्तै यहाँ १० वटा कवुलिति बन समुदायमा हस्तान्तरण भएको छ । यस्तो वनको क्षेत्रफल ५३.६ हेक्टर छ । यसवाट १०९ घरपरिवारका ६२६ जना लाभान्वित भएका छन् (जिल्ला वस्तुगत विवरण, २०७४) । यहाँ सल्लो, मौवा, बाँस, चिलौने जस्ता काठजन्य, कटुस, काफल जस्ता फलफुल र टीमुर, तेजपत्ता जस्ता मसलाजन्य वनस्पती पाइन्छ ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

नगरपालिकाले भू तथा जलाधार संरक्षण र व्यवस्थापन सम्बन्धी सीमित कार्य गरिआएको छ । यहाँका वनक्षेत्रमा रहेको पानीको श्रोत, सिमसार प्रकृति, माटोको चिस्यान सम्बन्धी एकिन तथ्याङ्क नगरपालिकामा उपलब्ध छैन । बाँधाधारा पोखरी, ग्रहिमुहान पोखरी, सिमा पोखरी, ठूला पोखरी, जीतारी पोखरी लागायतका थुप्रै पोखरीमा पानीको भण्डारण क्रमिक कम हुँदैगएको देखिन्छ । विगतमा उपभोग गरिएका पानीका मुहान र पोखरीहरूसुक्दै पुरिदै जाने क्रम जारी छ।

### २.५.३ वातावरण

धरातलीय उचाई,  भूबनौट र हावापानीको विविधताका कारण यहाँ विभिन्न किसिमका वन तथा वनस्पति पाईन्छ । महादेवस्थान क्षेत्रमा साल, सिसौ चिलाउने उतिस कटुस सल्ला लगायतका वनस्पति पाइन्छ । नगरपालिकाका उच्चमध्य भेगमा खोटे सल्ला पाईन्छ । जथाभावी हुने वन फडानी रोकी वृक्षारोपण कार्यलाई निरन्तरता दिई जैविक विविधताको संरक्षण गर्न जरूरी छ ।

बढ्दो हरियाली र वन विनास न्यूनीकरण पहलका वावजुद सुख्खा र लामो खडेरी, अल्पबृटि र अतिवृष्टि जस्ता जलवायु परिवर्तनका नकारात्मक प्रभावहरू देखापर्न थालेका छन् । नगरपालिका क्षेत्रमा नदिजन्य वस्तुको जथाभावि उत्खनन्, इटाभट्टा सञ्चालनलाई उचित नियन्त्रण र नियमन गर्न नसकिएका कारण वातावरण प्रदुषण बढ्दो छ । यहाँ ६६७ घरधुरीले निष्कासित फोहरलाई घरेलु तरिकाले कम्पोष्ट मल बनाउने र १ हजार ९०३ घरधुरीले फोहोर डढाउँने गरेका छन् । प्लाष्टिकजन्य सामाग्रीको अत्याधिक प्रयोग छ भने यसको नियमन सम्बन्धी नीति नवनिसकेको अवस्थाले वातावरण र कृषि बालीको उत्पादकत्वमा असर परेको छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

मण्डनदेउपुर नगरपालिकामा प्राकृतिक तथा मानव सृजित विपद्का घटनाहरू वढ्दै गएका छन् । बाढी, पहिरो, आगलागी, सडक दुर्घटना, वन डढेलो, महामारी, विषालु पदार्थको लापरवाहीपूर्ण प्रयोग आदिबाट विपद् जोखिम बढिरहेको छ । नगर क्षेत्रमा जमिन कटान तथा पहिरो, आगलागी, हावाहुरी जस्ता प्रकोपका कारण केही वस्तीहरू उच्च जोखिममा रहेका छन् । भूकम्पको दृष्टिले जोखिमपूर्ण रहेको यस मण्डनदेउपुर नगरपालिका क्षेत्रमा वि.सं. २०७२ को विनासकारी भूकम्पका कारण ५० प्रतिशत घर भत्किएर लडेका थिए भने ४८ प्रतिशत घरहरुमा क्षति पुगेको तर नलडेको अवस्था थियो (जिल्ला वस्तुगत विवरण, २०७४) ।

मण्डनदेउपुर नगरपालिकाले विपद् व्यवस्थापन कोषको स्थापना गरी विपद् जोखिम न्युनीकरणको प्रयासलाई अगाडि बढाएको छ । बिपद् जोखिम न्युनीकरणका लागि विपद् व्यवस्थापन समिति गठनका साथै विपद् जोखिम सम्बन्धी विस्तृत सूचना अध्यावधिक गरी सबै वडामा विपद् जोखिम नक्साङ्कन गर्नुपर्ने देखिएको छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

मण्डनदेउपुर नगरपालिकाले २७वटा ऐन, ७वटा नियमावली, ३२ वटा निर्देशिका तथा कार्यविधि जारी गरी आफ्नो कार्य सञ्चालन गरिआएको छ। नगरपालिकाको विधायन समिति कृयाशील छ। नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट प्रकाशन हुने र अन्य विवरणहरू नगरपालिकाको वेव साईट मार्फत सार्वजनिक गर्ने गरिएको छ। आर्थिक वर्ष २०७९/८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजालाई आधार मान्दा यस नगरपालिकाको संस्थागत क्षमता र सुशासनको औषत आंकडा राष्ट्रिय औषत भन्दा कम रहेको देखिन्छ। मण्डनदेउपुर नगरपालिकाले आगामी दिनमा वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र सामाजिक समावेशीकरणको क्षेत्रमा थप उपलब्धी हासिल गर्नुपर्ने देखिन्छ  (तालिका नं.- २.५)।

**तलिका २.५: संस्थागत क्षमता स्वमूल्याङ्गन सम्बन्धी विवरण (२०७९/८०)**

| विषय क्षेत्र | राष्ट्रिय औषत | मण्डनदेउपुरको अवस्था | विषय क्षेत्र | राष्ट्रिय औषत | मण्डनदेउपुरको अवस्था |
|---|---|---|---|---|---|
| शासकीय प्रवन्ध | ८८.७ | ९४.४४ | संगठन तथा प्रशासन | ८२.३१ | ७८.१३ |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ७४.६१ | ७२.७३ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ८१.४५ | ६३.६४ |
| सेवा प्रवाह | ८०.३ | ६७.१९ | न्यायिक कार्य सम्पादन | ८५.५७ | १०० |
| भौतिक पूर्वाधार | ५७.६९ | ७६.९२ | सामाजिक समावेशीकरण | ६८.५८ | ५० |
| वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ५८.३७ | ३८.८९ | सहकार्य र समन्वय | ४८.९१ | १०० |
| | | | | **औषत जम्मा** | **७३.१२** | **७२** |

*स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेव साईट, २०८१*

आ. व. २०७९/८० को लेखापरीक्षणबाट सो आ.व.मा देखिएको कुल बेरूजुरू. २ करोड ९ लाख रहेको मा रू.२८ लाख ८० हजार फछ्र्यौट भएको देखिन्छ ।

### २.६.२ सङ्गठनात्मक विकास

संस्थागत संरचनामा नगर सभा, नगर कार्यपालिका, न्यायिक समिति, लेखा समिति, विधायन समिति, वडा समितिहरू र पाँच विषयगत समितिहरू रहेका छन् । सुशासन समिति गठन भएको छैन । नगरपालिकामा विभिन्न तहमा कार्यरत २२३ मध्ये ९४ जना कर्मचारी करारका छन् । नगरकार्यपालिकाको सुविधा सम्पन्न भवनबाट सेवा प्रारम्भ भएको छ । सेवा प्रवाहलाई सहज बनाउन अधिकार प्रत्यायोजन भएको छ । गुनासो सुनुवाइ संयन्त्र मार्फत सेवाग्राहीको गुनासो व्यवस्थापन गर्ने गरिएको छ । आ.व. ०७९/०८० मा न्यायिक समितिमा ६८ को संख्यामा रहेकोउजुरी मध्ये हालसम्म ५० वटा फछ्र्यौट भएको छ ।

स्थानीय तहको आवधिक विकास, सामाजिक साँस्कृतिक रूपान्तरण र दिगो विकास लक्ष्य हासिल गर्नका लागि दीर्घकालीन सोच, लक्ष्य सहितको स्थानीय तहको नीति तथा कार्यक्रम एवम् योजना तयार गरी कार्यान्वयन गराउन र सोको अनुगमन, मूल्याङ्कन गर्नको लागि स्थानीय कानून बमोजिम नगर प्रमुखको अध्यक्षतामा स्थानीय नीति तथा योजना आयोग गठन गरिएको छ ।

## २.७. स्रोत परिचालन

नेपाल सरकार राजश्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान लगायत अन्य अनुदान, प्रदेश सरकारबाट प्राप्त सबै प्रकारका अनुदान र शुल्कको बाँडफाँड बाट प्राप्त स्रोत नगरपालिकाको प्रमुख आय स्रोत हुन् । प्रारम्भका वर्षहरूमा सानो परिमाणमा रहेको आन्तरिक राजस्व श्रोत आ.व. ०७८/०७९ सम्म आइपुग्दा रू. १० करोड ३८ लाख को हाराहारीमा पुगेको र सो रकम आ.व. ०८०/०८१ मा रू. १६ करोड ४३ लाख पुगेको छ ।

आ.व. ०८०/०८१ मा सङ्घीय, प्रदेश तथा अन्य बजेट अन्तरगत वार्षिक रू.७४ करोड ३६ लाख श्रोत उपलब्ध भएको छ । सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरू आर्थिक वर्षसँगै वृद्धि भएको छ तर स्रोत प्राप्ति अनुमान योग्य बनाउन सकिएको छैन । वार्षिक पूँजीगत खर्च ७० देखि ८० प्रतिशत सम्म भएको देखिन्छ । कुल खर्चमा चालु खर्चको अंश ४० प्रतिशतको हाराहारीमा छ । कार्यकाल प्रारम्भका आर्थिक वर्षहरूमा खर्च नभई मौज्दातको रूपमा स्थानीय संचित कोषमा रकम रहने गरेको भएपनि पछिल्ला वर्षहरूमा संरचनागत रूपमा स्थानीय स्रोत परिचालनमा उल्लेख्य सुधार भएकोले त्यस्तो अवस्थाको अन्त्य हुँदै गएको छ ।

स्थानीय तहको निर्वाचन पश्चात प्रारम्भका वर्षहरूमा वार्षिक आय तथा व्ययको सही अनुमानका साथ विवरण लगायत बजेट तथा कार्यकम तर्जुमा गर्न कठिनाइ भएको भएपनि पछिल्ला आ. व. हरूमा समयमै वार्षिक बजेट तथा कार्यक्रमहरू तर्जुमा भई सभामा प्रस्तुत भएको देखिन्छ । नगरपालिकाले तर्जुमा गरेका पछिल्ला सबै बजेटहरू नाफा बजेट रहेका छन् । वडास्तरीय सेवाहरू वडाहरूबाट प्राप्त भएपनि राजस्व र खर्च सम्बन्धी कामहरू कार्यपालिका कार्यालयबाट भई आएको छ । नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखांकनका लागि महालेखा नियन्त्रक कार्यालयबाट लागु गरिएको स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ ।

नगरपालिकामा आ.व. २०७९/८० मा वार्षिक संचालित ३०२ वटा योजना कार्यान्वयनमा गएको मध्ये रू. ५ लाख भन्दा तलको योजनाको संख्या करीब ४० प्रतिशत छ । सोही आ. व. मा भएको कुल खर्चमध्ये सामाजिक विकासक्षेत्रमा सबैभन्दा बढी (८३.९५ प्रतिशत)र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम (३९.८८ प्रतिशत) खर्च भएको देखिएको छ । नगरपालकिाले आ.व. २०८०/०८१ बाट ठेक्का व्यवस्थाबाट योजना तथा कार्यक्रम कार्यन्वयन गर्दै आएकोले उपभोक्ता बाट जम्मा ३४ वटा योजना तथा कार्यक्रम कार्यन्वयन गरिएको छ ।

# परिच्छेद ३
# सोच तथा नगर आवधिक विकास योजनाको अवधारणा

प्रस्तुत समष्टीगत समस्या एवम् चुनौती र प्रमुख सम्भावना तथा अवसरहरू सरोकारवालाहरूसँगको छलफलमा गरिएको नक्साङ्कनमा आधारित छ ।

## ३.१ समष्टीगत समस्या एवम् चुनौती

- स्थानीय कानून कार्यान्वयनको पक्ष कमजोर रहनु,
- क्षमता विकासको विषय प्राथमिकतामा नपर्नु
- कृषि तथा पशु क्षेत्रको व्यवसायिकरणका लागि प्रविधि, उन्नत बीउबिजन, ऋण, विमा र प्राविधिक सेवामा कृषकको सहज पहुँच नहुनु,
- सिंचाईयोग्य कृषि भूमिमा सिंचाई सुविधा नपुग्नु,
- युवा जनशक्तिलाई स्थानीय रोजगारीमा टिकाउन नसक्नु,
- पर्यटन विकासको सम्भावनाहरूको उपयोग गर्न नसक्नु,
- सहकारी क्षेत्रलाई नगर आर्थिक विकासको सम्वाहकको रूपमा स्थापित गर्न नसक्नु,
- गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्यलाई व्यवस्थित गर्न नसक्नु,
- वनजन्य श्रोतलाई आय आर्जनसँग जोड्न नसक्नु,
- ईन्द्रावती र चाखोलाको तटीय क्षेत्र विपद्को दृष्टिले जोखिमपूर्ण रहनु,
- नगरको विकासकालाई बालमैत्री, लैङ्गिकमैत्री र वातावरणमैत्री वनाउन नसक्नु,
- राजश्वका स्रोतको अभिलेखीकरण र अध्यावधिक नहुनु,
- राजश्व प्रशासन संस्थागत नहुनु,
- तिनै तहका टुक्रे तथा अधुरा योजनाको संख्या अधिक रहनु,
- सार्वजनिक जवाफदेहिताका औजारहरूको प्रभावकारी उपयोग नहुनु ।

## ३.२ प्रमुख सम्भावना तथा अवसर

- नगरपालिकाको केन्द्र र वडा कार्यालय अवस्थिती सेवा प्रवाह र पहुँचको दृष्टिकोणले उपयुक्त रहनु,
- सङ्घीय राजधानी काठमाडौं र आसपासका जिल्लाका बजार केन्द्रहरूसँग सहज पहुँच हुनु,
- नगरपालिकाका अधिकांश वडाहरू.को आफ्नै भवन हुनु,
- स्थानीय विकासमा गैसस, विकास साझेदार, निजी क्षेत्र र सहकारी तथा सामुदायिक संस्थाको सहयोगी भूमिका रहनु,
- कृषि तथा पशुपालनको विविधिकरण र व्यवसायिकरण गर्ने सम्भावना रहनु,
- नगरको आर्थिक विकासमा नगरकोट लगायत अन्य पर्यटकीय स्थलको प्रत्यक्ष सम्वन्ध रहनु,
- वनजङ्गल र गैरकाष्ठ वन पैदावारबाट गैरकृषि उत्पादन र व्यवसायीकरणको सम्भावना हुनु,
- विभिन्न जातजातिका मौलिक भाषा, संस्कृति र कलाको संरक्षणवाट आर्थिक विकासमा योगदान गर्न सकिने आधार देखा पर्नु ।

## ३.३ निर्देशक सिद्धान्त र मान्यता

मण्डनदेउपुर नगरपालिकाको दिर्घकालीन विकास सोच र लक्ष्य उन्मुख रही नीति, योजना तथा कार्यक्रमहरू लक्षित समूहकाबिच लैजान प्रस्तुत आवधिक योजनाले परिवर्तनको सिद्धान्तलाई आत्मसात गरेको छ । दीर्घकालीन सोच उन्मुख लक्ष्य, लक्ष्य प्राप्तिका लागि लिइने उद्देश्यहरू बिच कार्यगत तादम्यता कायम गरिएको छ । उद्देश्य पूरा हुने नतिजा र उद्देश्यहरू हासिल गर्न लिइने रणनीति कार्यान्वयनका लागि कार्यक्रम पहिचान गरी कार्यान्वयनका लागि आवश्यक वितीय स्रोतको अनुमान तथा प्रक्षेपण गरिएको छ । उद्देश्यबाट निर्देशित नतिजा र नतिजा सूचक अनुरूप कार्यक्रमहरूको प्राथमिकता र कार्यान्वयनका लागि वार्षिक स्रोत अनुमान गरिएको छ । अपेक्षित उपलब्धी मापनका लागि अनुगमन तथा मूल्याङ्कन योजना तयार गरिएको छ ।

नगरपालिकाको दिर्घकालीन सोच साकार पार्न आवधिक योजनाका रणनीति तथा कार्यक्रमहरू देहायका सिद्धान्तवाट निर्देशित रहनेछन्:

- स्थानीय आर्थिक सम्मृद्धि र दिगो विकास,
- विनियोजनमा दक्षता र खर्चमा प्रभावकारीता,
- सामाजिक जवाफदेहीता, पारदर्शिता र सुशासन ।

## ३.४ सोच, लक्ष्य तथा उद्देश्य

### ३.४.१ सोच

सम्मृद्ध, समुन्नत देउपुर र मण्डनः मानव विकास, कृषि, उद्यम र पर्यटन ।

### ३.४.२ लक्ष्य

दिगो आर्थिक विकास र सामाजिक रूपान्तरणद्वारा स्वस्थ, सक्षम, न्यायपूर्ण र समुन्नत समाजको विकास गर्ने ।

### ३.४.३ उद्देश्य

- उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु,
- स्थानीय वासिन्दाको मानव विकासस्तरमा सुधार गर्नु,
- हरित, उत्थानशिल र समावेशी अवधारणा अनुसार पूर्वाधार विकास गर्नु,
- संस्थागत विकास, जवाफदेहीता र सुशासन प्रवर्द्दन गर्नु,

## ३.५ परिमाणात्मक लक्ष्य

आवधिक योजनाको लक्ष्य प्राप्तिका लागि लिइएका उद्देश्यहरू पूरा गर्न हासिल गरिने नतिजाहरू, नतिजा मापन सहयोगी सूचक र सूचकहरूको आधार वर्षको परिमाणात्मक तथा गुणात्मक अवस्था र आवधिक योजनाको अन्त्य (आ.व. २०८५/८६) सम्ममा अपेक्षित उपलब्धि तालिका नं.-३.१मा प्रस्तुत गरिएको छ ।

## तालिका ३.१: आवधिक नगर विकास योजनाको परिमाणात्मक लक्ष्य

| आवधिक योजनाको समष्टिगत लक्ष | सूचक | एकाई | आधार वर्ष( आ.व.२०७९/८०) | आवधिक योजनाको अन्त्यसम्मको लक्ष्य ( आ.व.२०८५/८६) |
|---|---|---|---|---|
| दिगो आर्थिक विकास र सामाजिक रूपान्तरणद्वारा स्वस्थ, सक्षम, न्यायपूर्ण र समुन्नत समाजको विकास गर्ने । | मानवविकास सूचकाङ्क | सूचकाङ्क | ०.५७१ | ०.६२१ |
| | कूल गार्हस्थ उत्पादन | रू.अर्वमा | ४.३५ | ५.५५ |
| | आर्थिक वृद्धि दर | प्रतिशत | ७.५ | ९.५२ |
| | रू. १ लाख भन्दा कम प्रतिव्यक्ति वार्षिक आय हुने | प्रतिशत | १९ | १० |
| | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जि. | २९५.५४ | ३४० |
| | आधारभूत खाद्य सुरक्षामा रहेका परिवार | प्रतिशत | ६८.२ | ९५ |
| | कृषियोग्य जमिन मध्ये सिँचित क्षेत्रफल | प्रतिशत | ४३.३ | ६५ |
| | आफ्नै स्वामित्व भएको घरमा वस्ने घरपरिवार | प्रतिशत | ९६.१९ | १०० |
| | जमिनको स्वामित्व भएका महिला (आफ्नै नाममा जमिन भएका) | प्रतिशत | ७.४ | १५ |
| | साक्षरता दर | प्रतिशत | ७२.६४ | ९० |
| | जन्म दर्ता भएका बालबालिका | प्रतिशत | ६९.३० | १०० |
| | बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | ३० | १५ |
| | पाईपको धारा भएका घरपरिवार (घरमै खानेपानी धारा हुने) | प्रतिशत | ४०.०४ | ५५ |
| | सुरक्षित र सुलभ शौचालय भएका घरपरिवार (फ्लस सहितको शौचालय भएका) | प्रतिशत | ५३.१७ | ७० |
| | खाना पकाउन दाउराको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ५३.६१ | ४० |
| | इन्टरनेट सुविधा भएका घरपरिवार | प्रतिशत | ३५.८० | ८० |
| | कालोपत्रे सडक | कि.मि. | ४५ | १४५ |
| | बैदेशिक रोजगारीमा जाने १५ देखि ५४ वर्ष उमेरका | प्रतिशत | १०.६ | ५ |
| | नगरपालिकाको कूल राजश्वमा आन्तरिक श्रोतको हिस्सा | प्रतिशत | ६.५९ | १९ |

स्रोत: NPHC 2021, MTMP Mandan, 2019, योजना तर्जुमा गोष्ठी

## ३.६ रणनीति तथा प्राथमिकता

### ३.६.१ समष्टिगत रणनीति

- कृषि तथा पशुपालनको व्यवसायिककरण गर्ने ।
- पर्यटनलाई स्थानीय रोजगारी र आय आर्जनसंग आवद्द गर्ने ।
- आर्थिक विकासमा सहयोग पुग्ने गरी भूउपयोग नीति, निर्माण संहिता र मापदण्ड अनुरूप गुणस्तरीय पूर्वाधार निर्माण गर्ने ।
- समावेशी र गुणस्तरीय स्वास्थ्य तथा शिक्षालाई मानव विकासस्तर सुधारको आधार वनाउने ।
- वन पैदावारको व्यवसायिक उत्पादन गर्ने ।
- विपद् जोखिम न्यूनीकरणलाई वहुसरोकारको विषय वनाउने ।
- राजश्व प्रणाली र अन्य सार्वजनिक सेवालाई पारदर्शि र नागरिकमैत्री वनाउने ।

### ३.६.२ आवधिक योजनाको प्राथमिकता

आवधिक योजना अवधिमा विकास खर्चको विनियोजन देहायको प्राथमिकताको आधारमा गरिएको छ ।

१. कृषि, उद्यम र पर्यटन ।
२. भौतिक पूर्वाधार र स्थानीय यातायात ।
३. स्वास्थ्य र शिक्षा ।

# परिच्छेद ४
# वित्तीय व्यवस्थापन

## ४.१.आय प्रक्षेपण

वित्तीय स्रोतको प्रक्षेपण गर्दा आ.व. २०७८/७९ लाई आधार वर्षका रूपमा र आ.व. २०७९/८० को स्वीकृत कार्यक्रम तथा बजेट र आन्तरिक राजस्वको रकमलाई आधार मानिएको छ। दुई आधार वर्षको (आ.व. २०७८/७९ र ०८०/ ८१)औषत आय रू. ८५ करोड ४२ लाख रहेकोमा आ.व. २०८१/८२ को लागि कूल रू.९१ करोड ७ लाख बजेट प्राप्त हुने अनुमान गरिएको छ। श्रोत परिचालन तर्फ नगरपालिकाको आन्तरिक स्रोत वृद्धिलाई प्राथमिकतामा राखिएको छ। आ.व. २०७९/८० मा यथार्थ रू. ५२ करोड ४६ लाख (कूल वजेटको करिव ७ प्रतिशत) आन्तरिक राजश्व सङ्कलन भएकोमा आ.व. २०८१/८२ को लागि रू. १७ करोड २६ लाख (कूल वजेटको करिव १९ प्रतिशत) अनुमान गरिएको छ। प्रक्षेपण गर्दा स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्थित स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरू र राजस्व सुधार कार्ययोजनालाई समेत आधार मानिएको छ। अघिल्ला तीन वर्षहरू (आ.व. २०७८/७९ देखि ०८०/८१) मा नगरपालिकाको सरदर वार्षिक कूल आय रू. ८६ करोड ४८ लाख रहेको छ। यसमध्ये आन्तरिक श्रोतको हिस्सा १९ प्रतिशत रहेको छ। प्रक्षेपण अनुसार आ.व. २०८१/८२ देखि आ. व. २०८५/८६ सम्ममा कुल प्रक्षेपति आय रू.५ अर्व १९ करोड ४८ लाख रहेको छ। शीर्षकगत तथा आ. व. गत आ.व.को आय प्रक्षेपण तालिका **नं.-४.१:** मा राखिएको छ।आय प्रक्षेपणको विस्तृत विवरण अनुसूची -१ मा राखिएको छ।

**तालिका ४.१: नगरपालिकाको आय प्रक्षेपण (रू. हजारमा)**

| शीर्षक | ०७८/७९ को यथार्थ | ०७९/८० को यथार्थ | बर्तमानकूल सम्भावना | आ.व.गत अनुमान | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| आन्तरिक आय | १०३,८१६ | ५२,४६० | १६४,३५० | १७२,५६८ | १८१,१४१ | १९०,१६९ | १९९,७०५ | २०९,७२० | ९५३,३०३ |
| संघीय राजस्व बाँडफाँट | ८०,३१० | ७१,९१० | ९४,६११ | १०१,९६० | १०७,०५८ | १०४,६३१ | ११३,६८६ | १२३,५७५ | ५५०,९११ |
| प्रदेश राजस्व बाँडफाँट | ७९,३३५ | ८१,०३० | ८७,४७७ | ९१,८५१ | ९६,४४४ | १०१,२६६ | १०६,३२९ | १११,६४६ | ५०७,५३७ |
| अन्तरसरकरी वित्तीय हस्तान्तरण | ४५२,९७५ | ४४७,७८३ | ४८८,१०४ | ५१२,५०९ | ५३८,१३५ | ५६५,०४१ | ५९३,२९३ | ६२२,९५८ | २,८३१,९३७ |
| लागत सहभागिता | - | - | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | ३८३ | १,७४१ |
| जम्मा | ९१३,००४ | ७९५,५५२ | ८३४,८४२ | ८७९,२०३ | ९२३,१०९ | ९६१,४५५ | १,०१३,३७८ | १,०६८,२८३ | ४,८४५,४२८ |
| मौज्दात | | | ३०,००० | ३१,५०० | ३३,०७५ | ३४,७२९ | ३६,४६५ | ३८,२८८ | १७४,०५७ |
| कूल स्रोत उपलब्धता | | | ८६४,८४२ | ९१०,७०३ | ९५६,१८४ | ९९६,१८४ | १,०४९,८४३ | १,१०६,५७१ | ५,०१९,४८५ |
| प्रशासनिक खर्च औसत ४० प्रतिशत | | | ३४५,९३७ | ३६४,२८१ | ३८२,४७३ | ३९८,४७३ | ४१९,९३७ | ४४२,६२८ | २,००७,७९४ |
| आवधिक योजनाको पूँजीगत बजेट | | | ५१८,९०५ | ५४६,४२२ | ५७३,७१० | ५९७,७१० | ६२९,९०६ | ६६३,९४३ | ३,०११,६९१ |

सोह्रौं योजना (आ.व. २०८१/८२ देखि ०८५/८६) मा औसत सिमान्त पूँजी उत्पादन अनुपात ४.७७:१ रहेको र सार्वजनिक, निजी र सहकारी  क्षेत्रको लगानी अनुपात क्रमशः ३०.२ प्रतिशत, ६७.२ प्रतिशत र २.६ प्रतिशत रहेको छ । सोह्रौं योजनामा गरिएको लगानी प्रक्षेपणको मापदण्ड अनुरुप र आवधिक योजना अवधिमा औषत आर्थिक बृद्धि दर ९.५२ प्रतिशत रहने अनुमानका साथ आवधिक योजनाको पाँचवर्षको अवधिमा सार्वजनिक क्षेत्रबाट रू. ६ अर्ब ४३ करोड स्रोत परिचालन हुने अनुमान गरिएको छ । ९.५२ प्रतिशतको औषत आर्थिक बृद्धि दर हासिल गर्न योजना अवधिभरमा कूल रू.२१ अर्ब ३१ करोड लगानी प्रक्षेपण गरिएको छ । यसमा रू. ५ अर्ब १ करोड ९५ लाख नगरपालिकाको कोषबाट लगानी हुने देखिन्छ । आवधिक नगर विकास योजनाको ५ वर्षका लागि चालु खर्च तर्फ रू. २ अर्ब ७८ लाख  (४० प्रतिशत) र पूजीँगत खर्च तर्फ रू. ३ अर्ब १ करोड १७ लाख (६० प्रतिशत) खर्च प्रस्ताव गरिएको छ ।

## ४.२ क्षेत्रगत स्रोत प्रक्षेपण

### ४.२.१ सङ्घ र प्रदेश सरकारबाट अख्तियारी अन्तर्गत प्राप्त हुने रकम

नगरपालिकाको बजेटसंरचना बाहिर सङ्घद्वारा प्रत्यायोजित कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, कृषि आधुनिकीकरण परियोजना आदि सञ्चालनको लागि नगरपालिका क्षेत्रमा लगानी हुने रकम, प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम तथा सङ्घीय तथा प्रदेश सरकारबाटअन्य बिभिन्न बिषय क्षेत्रमा परियोजना सञ्चालनको लागि प्राप्त हुने रकम कूल रू. २२ करोड १०लाख २७ हजार परिचालन हुने प्रक्षेपण गरिएको छ (तालिका नं.-४.२)।

**तालिका४.२: सङ्घ र प्रदेश सरकारवाट प्राप्त हुने रकम (रू. हजारमा)**

| आम्दानीशीर्षक | आ.व.०८१/८२ को अनुमान | प्रक्षेपित | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | आ.व.०८२/८३ | आ.व.०८३/८४ | आ.व.०८४/८५ | आ.व.०८५/८६ | |
| संघीय सरकारबाट अख्तियारी प्राप्त हुने रकम | २५००० | २६२५० | २७५६३ | २८९४१ | ३०३८८ | १३८१४२ |
| प्रदेश सरकारबाट अख्तियारी प्राप्त हुने रकम | १५००० | १५७५० | १६५३८ | १७३६४ | १८२३३ | ८२८८५ |
| **जम्मा** | ४०००० | ४२००० | ४४१०१ | ४६३०५ | ४८६२१ | २२१०२७ |

### ४.२.२ सङ्घ र प्रदेश सरकार कार्यालयबाट गरिने खर्च

सङ्घीय तथा प्रदेश कार्यालयहरूबाट नगरपालिका क्षेत्रमा सोझै सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा योजना अवधिभरमा कूल रू. १ अर्ब १९ करोड ५८ लाख परिचालन हुने प्रक्षेपण गरिएको छ ।(तालिका नं.-४.३)

**तालिका नं.-४.३: नेपाल सरकार तथा प्रदेश कार्यालयवाट खर्च गरिने रकम (रू. हजारमा)**

| शीर्षक | आ.व.०८१/८२ को अनुमान | प्रक्षेपित आ.व. | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| संघ - सडक, पुल, पर्यटन पूर्वाधार | ३०००० | ३१५०० | ३३०७५ | ३६०५७ | ३९५१९ | १७०१५१ |
| प्रदेश- कृषि ज्ञान केन्द्र, पूर्वाधार डिभिजनतथा अन्य कार्यालय | १९०१७५ | १९९६८४ | २०९६६८ | २१०१५१ | २१५९५९ | १०२५६३७ |
| **जम्मा** | २२०१७५ | २३११८४ | २४२७४३ | २४६२०८ | २५५४७८ | ११९५७८८ |

## ४.२.३ सहकारी तथा सामुदायिक क्षेत्रबाट हुने लगानी

मण्डनदेउपुर नगरपालिकाको आर्थिक सामाजिक समृद्धिका लागि सहकारी क्षेत्रवाट महत्वपूर्ण योगदान पुग्न सक्ने सम्भावना रहेको छ ।सामुदायिक तथा निजी वनले आफ्नो आम्दानीको कम्तिमा २५ प्रतिशत वनको विकासमा लगाउनु पर्ने, ५० प्रतिशत स्थानीय तहको परामर्शमा गरिबी निवारण, महिला विकास र उद्यम विकासमा खर्च गर्नुपर्ने व्यवस्था छ ।सहकारी क्षेत्र, वन समूहहरू र गैर सरकारी क्षेत्रबाटयोजना अवधिमा अनुमानित रू. ८८ करोड ४१ लाख लगानी हुने अनुमान गरिएको छ (तालिका नं.-४.४)।

**तालिका नं.-४.४: सहकारी, सामुदायिक र गैर सरकारी सङ्घ संस्था वाट हुने लगानी (रू. हजारमा)**

| शीर्षक | आ.व.०८१/८२ को अनुमान | प्रक्षेपित आ.व. | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| सहकारी संस्थाहरूबाट उत्पादनशील क्षेत्रमा हुनेलगानी | १००००० | १०५००० | ११०२५० | ११५७६३ | १२१५५१ | ५५२५६३ |
| सामुदायिक वन समूहहरूबाट हुनेलगानी | ५०००० | ५२५०० | ५५१२५ | ५७८८१ | ६०७७५ | २७६२८२ |
| गैर सरकारी संस्थाहरूबाट हुने लगानी | १०००० | १०५०० | ११०२५ | ११५७६ | १२१५५ | ५५२५६ |
| **जम्मा** | **१६००००** | **१६८०००** | **१७६४००** | **१८५२२०** | **१९४४८१** | **८८४१०१** |

## ४.२.४ निजी क्षेत्रबाट हुने लगानी

नगरकोट क्षेत्रको पर्यटकीय विकास, सडक पूर्वाधारको विस्तार, दुग्ध व्यवसाय, तरकारी, ढुंगा, गिट्टी, बालुवा, काष्ठजन्य उत्पादन क्षेत्रबाट निजी क्षेत्रको योगदान बढाउन सकिने देखिएको छ । निजी क्षेत्रमैत्री कर नीति र लगानीमैत्री वातावरण सृजना गरी थप स्रोत परिचालन गर्न सकिन्छ । निजी क्षेत्रवाट आवधिक योजनाको अवधिमा रू. १५ अर्ब ५० करोड लगानी हुने अनुमान गरिएको छ ।

## ४.३ लगानी अनुमान

माथी ४.२ मा गरिएको विश्लेषणका आधारमा आवधिक योजना अवधिमा सरकारी, सहकारी, सामुदायिक र निजी क्षेत्र गरी कुल लगानी रू. २१ अर्व ३१ करोड हुने देखिन्छ (तालिका **नं.**-४.५) ।

**तालिका नं.-४.५: अनुमानित लगानी(रू.हजारमा)**

| शीर्षक | आ.व.गत लगानी अनुमान | | | | | |
|---|---|---|---|---|---|---|
| | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | कूल जम्मा |
| नगरपालिका कोषमा जम्मा हुने रकम | ९१०,७०३ | ९५६,१८४ | ९९६,१८४ | १,०४९,८४३ | १,१०६,५७१ | ५०१९४८५ |
| संघीय रप्रदेश सरकारको अख्तियारीबाट हुने रकम | ४०००० | ४२००० | ४४१०१ | ४६३०५ | ४८६२१ | २२१०२७ |
| संघ र प्रदेश सरकारका कार्यालयहरूबाट हुने लगानी | २२०१७५ | २३११८४ | २४२७४३ | २४६२०८ | २५५४७८ | ११९५७८८ |
| **सार्वजनिक क्षेत्रको जम्मा** | **१,१७०,८७८** | **१,२२९,३६८** | **१,२८३,०२८** | **१,३४२,३५६** | **१,४१०,६७०** | **६,४३६,३००** |
| सहकारी, सामुदायिक र गैर सरकारी क्षेत्रबाट हुने लगानी | १६०००० | १६८००० | १७६४०० | १८५२२० | १९४४८१ | ८८४१०१ |
| निजीक्षेत्रबाट सार्वजनिक क्षेत्रमा हुने लगानी | २५४५३९५ | २६७२५४७ | २७८९२०० | २९१८१७४.१ | ३०६६६८३ | १३९९१९९९ |
| **योजना अवधिकोकूल** | **३,८७६,२७३** | **४,०६९,९१५** | **४,२४८,६२८** | **४,४४५,७५०** | **४,६७१,८३४** | **२१,३१२,४००** |

## ४.४ विषयक्षेत्रगत बजेट अनुमान

कूल प्रक्षेपित आयविषय क्षेत्रगतरुपमा भौतिक पूर्वाधार तर्फ ३६ प्रतिशत, सामाजिक विकास तर्फ ३१ प्रतिशत, आर्थिक विकास तर्फ १८ प्रतिशत, संस्थागत विकास तथा सुशासन तर्फ १० प्रतिशत र बन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ५ प्रतिशत विनियोजन गरिएको छ (तालिका नं.-४.६)।

**तालिकानं.-४.६:विषय क्षेत्रगतपूँजीगत खर्चको बाँडफाँट (रू. हजारमा)**

| **बिषयक्षेत्र** | **आ.व.२०८१/८२** | **आ.व. २०८२/८३** | **आ.व.२०८३/८४** | **आ.व. २०८४/८५** | **आ.व. २०८५/८६** | **५ वर्षको जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| आर्थिक विकास | ९५,९७२ | १०१,३०४ | १०६,६३६ | १११,९६८ | ११७,३०० | ५३३,१८० | १८ |
| सामाजिक विकास | १६६,१३३ | १७५,३६३ | १८४,५९३ | १९३,८२२ | २०३,०५२ | ९२२,९६३ | ३१ |
| भौतिक पूर्वाधार विकास | १९६,९२० | २०७,८६० | २१८,८०० | २२९,७४० | २४०,६८० | १,०९४,००० | ३६ |
| वन वातावरण तथा विपद् व्यवस्थापन | २८,०६२ | २९,६२१ | ३१,१८० | ३२,७३९ | ३४,२९८ | १५५,८९८ | ५ |
| सुशासन तथा संस्थागत विकास | ५५,०१७ | ५८,०७४ | ६१,१३० | ६४,१८७ | ६७,२४३ | ३०५,६५० | १० |
| **जम्मा** | **५४२,१०४** | **५७२,२२१** | **६०२,३३८** | **६३२,४५५** | **६६२,५७२** | **३,०११,६९१** | १०० |

## ४.५ वडा बजेट

स्थानीय टोल, बस्तिहरूबाटमाग भई आउने वडास्तरका सानातिना योजना/कार्यक्रम/क्रियाकलापको कार्यान्वयन र विपद् लगायत आपतकालीन सहयोगको लागि कूल प्रक्षेपित बजेटको २० प्रतिशत (५ वर्षका लागि रू.६०करोड २३ लाख) वडाको लागि विनियोजन गरिएको छ (तालिका नं.-४.७) । यसबाटजनसंख्या (५० प्रतिशत), भूगोल (२० प्रतिशत) र कार्यसम्पादन (३० प्रतिशत) लाई आधार मानि सबै वडालाई वार्षिक बजेटउपलब्ध गराइनेछ । वडा समितिहरूबाट सङ्कलित कार्यक्रमहरुसन्दर्भका लागि छुट्टै दस्तावेजीकरण गरिएको छ । वडा समितिहरूले सो दस्तावेज उल्लेख भएका माग योजनाका लागि समेत यो बजेटखर्च गर्न सक्नेछन् । कार्यसम्पादन मापन गर्न स्थानीय राजस्व परिचालन (३० प्रतिशत), तोकिएको समयमा योजना सम्झौता (३० प्रतिशत), नियमित अनुगमन र योजना सम्पन्न ( ४० प्रतिशत) लाई आधार मानिनेछ ।

**तालिका ४.७: वडाहरुको लागि विनियोजित रकम(रू.हजारमा )**

| विषयगत क्षेत्र | आ.व, २०८१/८२ | आ.व, २०८२/८३ | आ.व, २०८३/८४ | आ.व, २०८४/८५ | आ.व, २०८५ /८६ | जम्मा |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास | १६,३९२ | १७,२११ | १७,९३१ | १८,८९७ | १९,९१८ | ९०,३५१ |
| सामाजिक विकास | ३२,७८५ | ३४,४२३ | ३५,८६३ | ३७,७९४ | ३९,८३७ | १८०,७०१ |
| भौतिकपूर्वाधार विकास | ३८,२५० | ४०,१६० | ४१,८४० | ४४,०९३ | ४६,४७६ | २१०,८१८ |
| वन, वातावरण तथाविपद् व्यवस्थापन | ५,४६४ | ५,७३७ | ५,९७७ | ६,२९९ | ६,६३९ | ३०,११७ |
| सुशासन तथा संस्थागत विकास | १६,३९२ | १७,२११ | १७,९३१ | १८,८९७ | १९,९१८ | ९०,३५१ |
| **जम्मा** | **१०९,२८४** | **११४,७४२** | **११९,५४२** | **१२५,९८१** | **१३२,७८९** | **६०२,३३८** |

## ४.६ कुल व्यय र स्रोत परिचालन रणनीति

तल परिच्छेद ५ देखि ९ सम्म आवधिक योजना अवधिका लागि रहेका विषयक्षेत्रगत कार्यक्रम र योजनाका लागिकूल व्यय अनुमान रू. ३ अर्व १ करोड १६ लाख ९१ हजार हुन आउँछ । नगरपालिकामा सहकारी तथा निजी क्षेत्र सवल भइनसकेको मौजुदा परिस्थितिमा बढी स्रोत सार्वजनिक क्षेत्रबाट परिचालन गर्नु पर्ने अबस्था छ । नगरपालिकाको आन्तरिक राजस्व परिचालनबाट कूल लगानीको करिब १९ प्रतिशत मात्र खाम्न सकिने देखिएको छ । सङ्घ तथा प्रदेश अनुदान र अन्तर सरकारी वित्तीय हस्तान्तरण निर्भरता क्रमिक कम गर्दै जान आगामी दिनमा आन्तरिक राजस्वका नयाँ स्रोत सम्भावनाहरूको खोजि गर्नु पर्नेछ । सहवित्तीयकरण एवम् सहकार्यको रणनीतिलाई अवलम्वन गर्दै सार्वजनिक, सहकारी,निजी क्षेत्र, गैसस र विकास साझेदार लगायतवाट पूरक स्रोतहरू परिचालन गरिनेछ ।

राजश्व परिचालनका देहायको रणनीति अवलम्वन गरिनेछ ।

१) थप श्रोतको पहिचान गर्ने र आन्तरिक आयस्रोतको दायरा वढाउने ।
२) सङ्घ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने ।
३) अन्तर स्थानीय तह साझेदारी गर्ने ।
४) सार्वजनिक निजी साझेदारी अवधारणा लागु गर्ने ।
५) आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने ।

# परिच्छेद ५
# आर्थिक विकास

## ५.१ कृषि तथा पशुपन्छी

### ५.१.१ सम्भावना तथा अवसर

१) नगरपालिका क्षेत्रमा मकै, कोदो, भटमास, मास, बोडी, सिमी तथा आलु खेती राम्रो हुने गरेको छ ।
२) नगरपालिका दूध उत्पादनमा आत्मनिर्भर तर्फ उन्मुख रहेको छ ।
३) नगरपालिकाले उद्योग ग्राम स्थापना गर्ने नीति लिई कार्य गरिरहेको छ ।
४) कृषि तथा पशुपंक्षीजन्य उत्पादनलाई मूल्य श्रृंखलामा आवद्ध गरी व्यवसायिककरण गर्न सकिने सम्भावना रहेको छ ।
५) नगरपालिकाले सङ्घ र प्रदेशसँगको साझेदारीमा गोदामघर, शीतभण्डार, सामुदायिक घुम्ती बजारका लागि स्टल निर्माण जस्ता कार्य अगाडि बढाएको छ ।
६) खेतीयोग्य जमिन र खोला किनार सौन्दर्यकरण गरेर पर्यापर्यटन प्रवर्द्धन सहितको कृषि विकास गर्न स्थानीय जग्गाधनिसँगको साझेदारीमा सिँचाइको सुविधा विस्तार गर्ने सम्भावना छ ।
७) इन्द्रावती नदीमा चेकड्याम बनाएर माछापालन गर्न सकिने सम्भावना रहेको छ ।

### ५.१.२ समस्या

| समस्या | कारण | समाधानका उपायहरु |
|---|---|---|
| कृषि उत्पादन र उत्पादकत्व कम हुनु | • माटोको उर्वराशक्ति पहिचान नहुनु तथा माटो परिक्षण नगरिनु<br>• भू—बर्गिकरण नहुन तथा भुमि खण्डिकरण हुनु<br>• जलबायु परिवर्तनको असर रहनु | • माटोको परीक्षण गर्न प्रोत्साहित गर्ने<br>• भूउपयोग योजना वनाई कार्यान्वयन गर्ने तथा भूमि बैंकको स्थापना गर्ने<br>• जलवायु अनुकुलन कार्ययोजना बनाई लागु गर्ने तथा सोही अनुसारको बाली प्रणालीको विकास गर्ने |
| कृषि प्रणालीमा आधुनिकीकरण नहुनु | • निर्वाहमुखी खेतीबाट समुदाय बिमुख नहुनु<br>• कृषि उपजका लागि वजारको अभाव हुनु | • यान्त्रिकरण गर्न यन्त्र उपकरणमा अनुदानदिने<br>• कृषि उत्पादनमा अनुदानको व्यवस्था गर्ने र शित भण्डार, कृषि वजार केन्द्रको विकास गर्ने |
| मल, बिउ बिजन समयमा उपलब्ध नहुनु | • मल तथा विउमा अनुदानको व्यवस्था नहुन तथा आवश्यक परिमाणमा अग्रीम भण्डारण गर्ने नीति नहुनु | • मल तथा विउमा अनुदानको व्यवस्था गर्ने तथा आवश्यक परिमाणमा अग्रीम भण्डारण गर्ने नीति लिने<br>• विउ बैक स्थापना गर्ने |
| सतह सिंचाइ सुबिधा सीमित हुनु | • जलबायु परिवर्तन र अव्यवस्थित पूर्वाधार विकासले पानीको मुल सुक्नु | • सिंचाई कुलोमा लगानी बढाउने तथा बैकल्पिक सिंचाई प्रणाली (लिफ्ट, थोपा, |

### ५.१.२ समस्या

| समस्या | कारण | समाधानका उपायहरु |
|---|---|---|
| | | स्प्रिङ्कल, वर्षातको पानी संकलन पोखरी निर्माण आदि) को विकास गर्ने |
| कृषकमा कृषि/पशुपालनमा लगानी गर्ने क्षमता न्यून हुनु | • सुलभ कृषि ऋण तथा अनुदानको व्यवस्था नहुनु<br>• कृषि/पशुबिमा प्रभाकारी नहुनु | • सुलभ कृषि ऋण तथा अनुदानको व्यवस्था गर्ने<br>• वाली विमा तथा पशुबिमा कार्यक्रमलाई अनिवार्य गर्दै लैजाने तथा लगानी बढाउने |
| पशुजन्य उत्पादनको व्यावसायिककरण नहुनु | • उन्नत जातका पशु नश्ल उपलव्ध नहुनु<br>• उन्नत जातका घाँसको उत्पादन नहुनु<br>• मासुजन्य उत्पादनमा कमी<br>• पशु स्वास्थ्य र व्यवस्थापनमा ध्यान नजानु | • पशुपालनमा नश्ल सुधार कार्यक्रम लागु गर्ने<br>• उन्नत जातका घासको विउ व्यवस्था गर्ने<br>• मासुजन्य उत्पादन बृद्धिका लागि बंगुर कुखुरा र बाख्रा पालन कार्यक्रममा भएको लगानी बृद्धि गर्ने<br>• पशु स्वास्थ्य क्लिनिकको स्थापना गर्ने तथा गोठ सुधार गर्ने |
| कृषि तथा पशुजन्य उत्पादनले उचित बजार मूल्य नपाउनु | • कृषि तथा पशुजन्य उत्पादन प्रसोधन गर्ने उद्योग नहनु<br>• शित भण्डारणको व्यवस्था नहुनु<br>• वेमौसमि तथा अर्गानिक उत्पादन गर्ने पद्धतिमा कमी हुनु | • कृषि तथा पशुजन्य उत्पादन प्रसोधन गर्ने उद्योग ( दुग्ध, मासु, आलु) स्थापना गर्न सहकारी तथा नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने<br>• शित भण्डार, कृषि वजार केन्द्र, पशु हाट बजारको व्यवस्था गर्ने<br>• वेमौसमि र अर्गानिक कृषि तथा पशुजन्य उत्पादन गर्न पकेट क्षेत्र निर्धारण गर्ने,<br>• उत्पादनको ग्रेडिङ, ब्रान्डिङ तथा प्याकेजिङ गरी राजधानी केन्द्रित बजारमा पँहुच बढाउने<br>• कृषि तथा पशुजन्य उत्पादनको समर्थन मुल्य तोक्ने |

### ५.१.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्यः** कृषि तथा पशुपन्छीको उत्पादकत्व वृद्धि गरी कृषकको जिवन स्तरमा सुधार ल्याउने ।

**उद्देश्यः**

१. कृषि र पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु ।
२. कृषि तथा पशुपालनलाई व्यवसायिकरण गर्नु ।

**रणनीति तथा कार्यनीतिः**

**रणनीतिः**

१. कृषि तथा पशुपन्छी उत्पादनमा नविनतम् प्रविधिको प्रयोग गर्ने ।
२. भूउपयोग नीति तर्जुमा र भूमि बैंकको स्थापना गरी कृषि जमिनको उच्चतम् प्रयोग गर्ने ।
३. कृषि तथा पशुजन्य उत्पादनको बृद्धि गर्ने ।
४. रैथाने जातका बीउको संरक्षण र प्रवर्द्धन गर्ने ।
५. अर्गानिक कृषि प्रणलीलाई प्रवर्द्धन गर्ने ।
६. कृषिमा विशिष्टीकरण, व्यवसायीकरण र बजारीकरण गर्ने ।

**रणनीति १ः** कृषि तथा पशुपन्छी उत्पादनमा नविनतम् प्रविधिको प्रयोग गर्ने ।

**कार्यनीतिः**

१) कृषि तथा पशुजन्य उत्पादनका लागि कृषि प्राविधिकहरूको सेवा विस्तार गरिनेछ ।
२) सतह सिंचाइको अलावा थोपा सिंचाई, स्प्रिङ्कल प्रविधि, बोरिङ्ग र लिफ्ट प्रविधिको विकास र विस्तार गरिनेछ ।
३) माध्यमिक तहको व्यवसायिक शिक्षासँग आवद्ध गरी कृषि क्षेत्रमा स्थानीय जनशक्ति उत्पादन गरिनेछ ।
४) वैदेशिक रोजगारबाट फर्किएर आएका युवाहरूलाई उनीहरूले सिकेको सीपमा आधारित कृषि कार्यमा लाग्न प्रोत्साहन गरिनेछ ।
५) अध्ययन भ्रमण, तालिम तथा अभिमुखिकरणका माध्यमबाट कृषकहरूको सिप र उद्यमशीलता विकास गरिनेछ।
६) नविनतम् प्रविधिको प्रयोगबाट उत्पादन बृद्धि गर्न सफल र उत्कृष्ट कृषकहरूलाई पुरस्कृत गरिनेछ ।
७) कृषि तथा पशुपन्छीको उत्पादन र बजारीकरणमा सूचना प्रविधिको प्रयोग गरिनेछ ।
८) कृषि उत्पादन बृद्धि गर्न उन्नत र नविन कृषि औजार तथा उपकरणहरुको प्रयोग गरिनेछ ।

**रणनीति २ः** भूउपयोग नीति तर्जुमा र भूमि बैंकको स्थापना गरी कृषि जमिनको उच्चतम् प्रयोग गर्ने **।**

**कार्यनीतिः**

१) भूउपयोग नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
२) भूमि बैंकको स्थापना गरी कृषि जमिनको उच्चतम् प्रयोग गरिनेछ ।

**रणनीतिः ३** कृषि तथा पशुजन्य उत्पादनको बृद्धि गर्ने **।**

**कार्यनीतिः**

१) गाई, भैसी, वंगुर र अन्य पशुपन्छीपालक कृषकहरूलाई उच्च नस्लका विजको उपलब्धता सहज गराईनेछ ।
२) कृषकलाई उत्पादनको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।
३) दक्ष कृषि तथा पशुस्वास्थ्य प्राविधिक र औषधि उपचारको व्यवस्था मिलाइनेछ ।
४) दुग्ध पदार्थ विविधिकरण, मासुजन्य उत्पादन, कफि, आलु, गोलभेडा लगायत कृषि तथा पशुजन्य उत्पादनको प्रशोधनको लागि कृषक, सहकारी र नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
५) पशु चौपायाको गोठ सुधार गरी व्यवस्थित पशुपालन गर्न प्रोत्साहित गरिनेछ ।
६) कृषि तथा पशु बीमा कार्यक्रमलाई विस्तार गरी प्रत्येक किसानको पहुँचमा पुऱ्याइनेछ ।
७) आधुनिक कृषि प्रविधि, उन्नत बिउ, मल लगायत कृषि सामग्री आपूर्ति सहज र सुलभ बनाइनेछ ।

८) कृषि उत्पादन बृद्धिमा सिंचाई सुविधा विस्तार गरिनेछ ।
९) कृषि पकेट क्षेत्रको विकास गरिनेछ ।

**रणनीति** ४: रैथाने जातका बीउको संरक्षण र प्रवर्द्धन गर्ने ।

**कार्यनीति:**

१) कृषकहरूलाई स्थानीय स्तरमा रैथाने बीउ विजनहरूको संरक्षण र संग्रह गर्न विउ बैंकको स्थापना गरिनेछ ।
२) कृषक पाठशाला सञ्चालन गरी स्थानीय प्रविधिलाई समयानुकुल विकास गर्न सहयोग गरिनेछ ।
३) स्थानीय विशिष्टता झल्कने रैथाने बाली र पशुनश्ल पहिचान गरी व्यवसायिक उत्पदनमा सहयोग गरिनेछ ।

**रणनीति ५** : अर्गानिक कृषि प्रणलीलाई प्रवर्द्धन गर्ने

कार्यनीतिः

१. रासायनिक मल तथा किटनाशक/जिवनाशक विषादीको प्रयोगलाई निरुत्साहित गरिनेछ ।
२. जैविक मल, हरित मल, भर्मी कम्पोष्ट लगायत पर्यावरणमैत्री कम्पोष्ट मल उत्पादन गर्ने कृषक, कृषि समुह, सहकारी तथा कम्पनीहरुलाई सहयोग गरिनेछ ।
३. वाली प्रणालीमा एकीकृत शत्रुजीव व्यवस्थापन तथा जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
४. जैविक उत्पादनको प्रमाणिकरणको व्यवस्था गरिनेछ ।
५. कृषि तथा पशुजन्य उत्पादनमा रासायनिक विषादीको अवशेषको मात्रा परिक्षणको व्यवस्था गरिनेछ ।

**रणनीतिः ६** कृषिमा विशिष्टीकरण, व्यवसायीकरण र बजारीकरण गर्ने ।

**कार्यनीति:**

१) प्रत्येक वडामा कृषि उपज सकंलन तथा कृषि हाट वजारको व्यवस्था गरिनेछ ।
२) व्यवसायिक मौरी पालन, च्याउ खेती र माछापालन गर्ने कृषकलाई सहयोग गरिनेछ ।
३) कृषि उत्पादलाई मूल्य श्रृङ्खलामा आवद्ध गरिनेछ ।
४) स्थानीय पहिचानका विशिष्टीकृत उत्पादनको ब्राण्डिङ, लेभलिङ्ग र प्याकेजिङ्गको व्यवस्था गरी उत्पादनको बजारीकरणमा कृषक, कृषक समूह र सहकारी संस्थाहरूलाई सहयोग प्रदान गरिनेछ ।
५) कृषि तथा पशुजन्य उत्पादनमा कृषकको वित्तीय पहुँच अभिवृद्धि गरिनेछ तथा कृष उपजको भण्डारणमा समेत विमाको व्यवस्था गरिनेछ ।
६) कृषि तथा पशुजन्य उत्पादनको समर्थन मुल्य तोकिनेछ ।
७) राजधानी तथा अन्य वजार केन्द्रहरुमा कृषकहरुको वजार पँहुच स्थापित गरिनेछ ।
८) कृषि उपजको सुरक्षित ढुवानीका लागि कृषि एम्वुलेन्सको व्यवस्था गरिनेछ ।

## ५.१.४ नतिजा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| **उद्देश्य १: कृषि र पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु ।** | | | | | |
| १ | कृषिजन्य | वार्षिक धान उत्पादन | मेटन | २३७३ | २७३० |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | उत्पादनमा वृद्धि भएको हुनेछ। | वार्षिक मकै उत्पादन | मेटन | ४११० | ४७२७ |
| | | वार्षिक गहुँ उत्पादन | मेटन | १३९२ | १६०२ |
| | | वार्षिक कोदो उत्पादन | मेटन | २६१ | ३०० |
| | | वार्षिक फापर उत्पादन | मेटन | ५९ | ६८ |
| | | ताजा तरकारी (हिउदे) | मेटन | ५९९३ | ६८९३ |
| | | ताजा तरकार (वर्षे) | मेटन | ३२४८ | ३७३५ |
| | | ताजा तरकारी (बेमौसमी) | मेटन | १९४४ | २२३६ |
| | | फलफूल | मेटन | ७८३ | ९०१ |
| | | मह | केजी | ४५८ | ५२६ |
| | | च्याउ | मेटन | ९ | ११ |
| | | आलु | मेटन | १६००० | २०००० |
| | | कफि | केजी | ७००० | १०००० |
| | | अलैची | केजी | ६०० | १५०० |
| | | अदुवा | मेटन | १०० | १५० |
| | | दलहन | मेटन | | |
| | | तेलहन | केजी | | |
| | | मसला वाली | केजी | | |
| २ | दूग्ध र मासुजन्य उत्पादनमा आत्मनिर्भर भएको हुनेछ । | नस्ल सुधार हुने गाई | संख्या | ४०४२ | ५००० |
| | | नस्ल सुधार हुने भैसी | संख्या | १०७६ | १५०० |
| | | नस्ल सुधार हुने बंगुर | संख्या | - | १००० |
| | | नस्ल सुधार हुने बाख्रा | संख्या | - | |
| | | विमित पशु संख्या | संख्या | ७५०० | १०००० |
| | | दूध उत्पादन (गाई) | मेटन | ९२०० | १२००० |
| | | दूध उत्पादन (भैसि) | मेटन | | |
| | | मासु उत्पादन (खसी, बोका) | मेटन | २५ | ३५ |
| | | मासु उत्पादन (रागा, पाड़ा) | मेटन | ९० | १२० |
| | | मासु उत्पादन (कुखुरा तथा पन्छीजन्य) | मेटन | २७० | ३२४ |
| | | मासु उत्पादन (बंगुर) | मेटन | १० | २५ |
| | | माछा उत्पादन | केजी | ५२३ | ६०१ |
| | | कुखुराको अण्डा उत्पादन | गोटा | १४५०००० | ३०००००० |
| | | कुखुराको चल्ला उत्पादन | गोटा | | १ |
| | | पनिर उत्पादन | मेटन | ३ | १० |
| | | दही उत्पादन | मेटन | - | २ |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | | घिउ उत्पादन | मेटन | - | १ |
| | | चिज उत्पादन | मेटन | - | १ |
| **उद्देश्य २:** कृषि तथा पशुपालनलाई व्यवसायिकरण गर्नु । | | | | | |
| ३ | कृषिको व्यावसायिकरण भएको हुनेछ । | कृषि उत्पादन समूह | संख्या | - | १२० |
| | | कृषि बजारिकरण समूह | संख्या | - | १३ |
| | | कृषि प्रविधि, उन्नत बिऊ विजन र मलखादमा सहज पहुँच हुने कृषक | संख्या | | ३००० कम भएन ? |
| | | कृषि ऋणमा सहज पहुँच हुने कृषक | संख्या | - | १००० |
| | | कृषि उत्पादन सङ्कलन केन्द्र निर्माण | संख्या | - | १२ |
| | | भूमी बैंकको स्थापना | संख्या | - | १ |
| | | भू उपयोग नीति तर्जुमा र कार्यान्वय | संख्या | - | १ |
| | | बाली विमामा पहुँच हुने कृषक | संख्या | - | ५०० |
| | | माटो परिक्षण भई सोही अनुसारको कृषि गर्ने कृषक | संख्या | - | ५०० |
| | | वैदेशिक रोजगारबाट फर्कि आउने युवालाई सीपमा आधारित कृषि कार्यमा लाग्न सहयोग कार्यक्रम | संख्या | - | २०० |
| | | ब्राण्डिङ भएका स्थानीय कृषि उत्पादन | किसिम | - | ५ |
| ४ | पशुपालक कृषक व्यवसायीक र प्रतिष्पर्धी भएका हुनेछन्। | व्यवसायिक पशुपालन गर्ने कृषक | संख्या | | १००० |
| | | व्यावसायिक पशुपन्छीको नियमित स्वास्थ्य परिक्षण | | | |
| | | पशुधनको सुरक्षा | कार्यक्रम | | वर्डफ्यु, स्वाइनफ्यु, लम्पी स्किन जस्तारोग नियन्त्रण गर्न पशुस्वास्थ्य शिविर र खोप कार्यक्रम |
| | | कान्जी हाउस निर्माण र सञ्चालन | संख्या | - | १ |
| | | व्यवसायिक पशुपालनमा | संख्या | - | ३००० |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | | संलग्न कृषकको सिप ज्ञान र क्षमता अभिवृद्धि | | | |
| | | पशु स्वास्थ्य सेवामा कृषकको पहुच बृद्धि | संख्या | - | ३००० |
| | | व्यवस्थित पशु वधशाला निर्माण | संख्या | - | १ |

## ५.१.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १ : कृषिजन्य उत्पादनमा वृद्धि भएको हुनेछ।** | | | | | | |
| १.१ | कृषि विकास रणनीति तर्जुमा तथा कार्यान्वयन | नयाँ | संख्या | १ | नगरपालिका | ५०० |
| १.२ | कृषि प्रसार कार्यक्रम | क्रमागत | नियमित | | सबै वडा | २५०० |
| १.३ | कृषिपकेट क्षेत्र विकास कार्यक्रम (आलु, कोदो, फापर) | नयाँ तथा क्रमागत | संख्या | ३ | सबै वडा | ६००० |
| १.४ | परिक्षण कफी खेती प्रवर्धन | नयाँ | संख्या | १ | सवै वडा | ५०० |
| १.५ | बाली विमा गर्ने कृषक | नयाँ | संख्या | ५०० | सबै वडा | ५००० |
| १.६ | उन्नत वीउ अनुदान कार्यक्रम | नयाँ | संख्या | वार्षिक | सबै वडा | १००० |
| १.७ | कृषक पाठशाला | नयाँ | संख्या | १२० | सबै वडा | १०००० |
| १.८ | एक वडा एक कृषि प्राविधिक | नयाँ | संख्या | १२ | सबै वडा | ४५०० |
| १.९ | रासायनिक मलको उपलब्धता | नयाँ | नियमित | | नगरपालिका | १००० |
| १.१० | एक घर एक करेसावारी कार्यक्रम | क्रमागत | घरपरिवार | सबै | सबै | २५०० |
| १.११ | घर घरमा प्रांगारिक मल उत्पादन | नयाँ | घर परिवार | सबै | सबै | २५०० |
| १.१२ | सामुदायिक बिउ बैंक निर्माण (रैथाने/उन्नत बिउको संरक्षण/उपलब्धता) | नयाँ | वटा | १ | नगरपालिका स्तरीय | ४००० |
| १.१३ | सामुदायिक वनमा | नयाँ | क्षेत्रफल | १००० | वडा १, २, | ५००० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | केरा,कागती तथा घाँस खेती कार्यक्रम | | | वर्ग मि | ११, १२ | |
| १.१४ | कृषि उत्पादन तालिम | नयाँ | पटक | १५ | नगरपालिका | ४५०० |
| १.१५ | कृषि सहकारी संस्थाको अनुगमन र नियमन | क्रमागत | सहकारी संख्या | ४५ | नगरस्तरीय | १३०० |
| १.१६ | कृषि सहकारीको संस्थागत विकास | नयाँ | सहकारीसंख्या | १३ | सबै वडा र नगरस्तरीय | ७००० |
| १.१७ | कृषिउपज उत्पादनमा अनुदान (सहकारीमा बेचिएको बस्तुका आधारमा) | नयाँ | | | वडा १ देखी १२ | १०००० |
| १.१८ | कृषि उत्पादनको न्यूनतम मूल्य निर्धारण कार्यक्रम | नयाँ | | | नगरपालिका | नियमित कार्य |
| १.१९ | Fishing सुविधा सहितको माछापालन पोखरी | नयाँ | वटा | २ | वडा २ र १० | २८०० |
| १.२० | कृषि प्रदर्शनी कार्यक्रम | नयाँ | पटक | ५ | नगरपालिका स्तरीय | १५०० |
| १.२१ | मोबाइल एप मार्फत कृषकहरु लाई मौसमी विवरण, बजार मूल्य र प्रविधि सम्बन्धी जानकारी दिने सूचना प्रणालीको विकास | नयाँ | संख्या | १ | नगरस्तर | १८०० |
| १.२२ | सामुदायिक वनमा मसलाजन्य खेती (टिमुर, अलैची, मरिच) | नयाँ | वनसंख्या | ३ | वडाहरु | १६०० |
| १.२३ | एग्रोभेट व्यवस्थापन | नयाँ | संख्या | २ | नगरपालिका स्तरीय | २०० |
| १.२४ | अगुवा कृषक अवलोकन भ्रमण | नयाँ | संख्या | ५ | वाह्य | २५०० |
| १.२५ | सफल कृषक सम्मान कार्यक्रम | नयाँ | संख्या | २५ | सबै वडा | २५० |
| १.२६ | जैविक मल तथा जैविक विषादी उत्पादन गर्ने कृषि समुह, सहकारी तथा कम्पनीहरुलाई अनुदान सहयोग | नयाँ | संख्या | ४ | नगरस्तरीय | २२५० |
| १.२७ | | | | | | |
| **नतिजा क्षेत्र २ः दूग्ध र मासुजन्य उत्पादनमा आत्मनिर्भर भएको हुनेछ ।** | | | | | | |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| २.१ | पशु स्वास्थ्य कार्यक्रम | क्रमागत | नियमित | वडा | १२ | ५००० |
| २.२ | अगुवा कृषक पशुपन्छी पालन तालिम | नयाँ | संख्या | २०० | नगरपालिका | २००० |
| २.३ | गोठ/खोर सुधार कार्यक्रम | नयाँ | संख्या | १२ | सबै वडा | ५४०० |
| २.४ | साइलेज उत्पादन | नयाँ | नियमित | नियमित | सबै वडा | ३००० |
| २.५ | भुई घाँस खेती | नयाँ | रोपनी | ५०० | सबै वडा | ४५०० |
| २.६ | उन्नत जातको डाले घाँस खेती | नयाँ | रोपनी | ५०० | सबैवडा | ७००० |
| २.७ | पशुपालन कृषक समूह गठन, क्षमता विकास र परिचालन | नयाँ | संख्या | २४ | वडा | १००० |
| २.८ | साझेदारीमा उन्नत बोका वितरण | नयाँ | संख्या | २४ | सबै वडा | ४८० |
| २.९ | कृषक साझेदारीमा खोर निर्माण (बाख्रा, कुखुरा तथा बंगुर पालन) | नयाँ | संख्या | १०० | वडास्तर | १००० |
| २.१० | ट्रेविज निर्माण | नयाँ | संख्या | १२ | वडा | २४०० |
| २.११ | एक वडा एक सुधारिएको मासु पसल स्थापना | नयाँ | संख्या | १२ | वडा | १२०० |
| २.१२ | कान्जी हाउस निर्माण र सञ्चालन | संख्या | - | १ | नगरस्तर | १००० |
| **नतिजा क्षेत्र ३ः कृषिको व्यावसायिकरण भएको हुनेछ।** | | | | | | |
| ३.१ | कृषक संग कृषि विज्ञ कार्यक्रम (व्यवसाय सहजीकरण) | नयाँ | पटक | ५ | नगरपालिका स्तरीय | १०००० |
| ३.२ | माटो परिक्षण कार्यक्रम | नयाँ | पटक | ५ | सबै वडा | २००० |
| ३.३ | कृषि उद्यमी तालिम | नयाँ | संख्या | १०० | सबै वडा | २००० |
| ३.४ | आधुनिक कृषि औजारमा अनुदान | नयाँ | संख्या | १०० | सबै वडामा | १००० |
| ३.५ | वैदेशिक रोजगारबाट फर्कि आउने युवालाई सीपमा आधारित कृषि कार्यमा लाग्न सहयोग कार्यक्रम | नयाँ | संख्या | २०० | सबै वडामा | ८००० |
| ३.६ | कृषि उपज सङ्कलन केन्द्र तथा बजार व्यवस्थापन | नयाँ | संख्या | १२ | सबै वडामा | ६००० |
| ३.७ | कृषि बजारीकरण तालिम | नयाँ | संख्या | १०० | नगरपालिका | १००० |
| ३.८ | व्यवसायिक कृषि टनेल वितरण (५० प्रतिशत | क्रमागत | थान | २०० | सबै वडा | १२००० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | अनुदानमा) | | | | | |
| ३.९ | व्यवसायिक मौरीपालन कार्यक्रम | नयाँ | संख्या | १०० | वडा | ५००० |
| ३.१० | व्यवसायिक च्याउ खेती कार्यक्रम | नयाँ | संख्या | १०० | वडा | ५५०० |
| ३.११ | व्यसायिक वेमौसमी तरकारी खेती कार्यक्रम | नयाँ | संख्या | १०० | वडा | ५५०० |
| ३.१२ | कृषि उत्पादनको ग्रेडिङ, प्रशोधन, ब्रान्डिंग | नयाँ | वटा | ४ | वडा १, ३, ७, १२ | ४००० |
| ३.१३ | नविनतम प्रविधिको लघु सिंचाई कार्यक्रम | नयाँ | | | वडा १० र १२ | ४००० |
| २.१४ | सिंचाईको लागि सार्वजनिक पोखरी संरक्षण र रिचार्ज पोखरी निर्माण | नयाँ | संख्या | २४ | सबै वडा | १५००० |
| २.१५ | बहुउद्देश्यीय शित भण्डार निर्माण (प्रदेश सरकार सँगको साझेदारी) | नयाँ | संख्या | १ | नगरस्तरीय | १७४०० |
| २.१६ | जैविक उत्पादनको प्रमाणिकरण प्रयोगशाला स्थापना | नयाँ | संख्या | १ | नगरस्तरीय | २००० |
| **नतिजा क्षेत्र ४ः पशुपालक कृषक व्यवसायीक र प्रतिष्पर्धी भएका हुनेछन् ।** | | | | | | |
| ४.१ | उन्नत जातका बाख्रा पालन कार्यक्रम | नयाँ | संख्या | २०० | वडा | ४००० |
| ४.२ | बंगुर पालन कार्यक्रम | नयाँ | संख्या | ५०० | वडा | १०००० |
| ४.३ | पशुजन्य उत्पादन अनुदान कार्यक्रम | नयाँ | केजी | | नगरस्तरीय | ४००० |
| ४.४ | पनिर उत्पादन सहयोग | नयाँ | उद्योग | १ | नगर | १५०० |
| ४.५ | पशु नस्ल सुधार कार्यक्रम | नयाँ | पटक | ५ | वार्ड | ५५०० |
| ४.६ | स्थानीय कुखुरा गिरिराज र कालिजको उत्पादन वृद्धि कार्यक्रम | नयाँ | | | वडा १ २ ३ | १०० |
| ४.७ | पशु विमा कार्यक्रम | क्रमागत | संख्या | १०००० | सबै वडा | ६००० |
| ४.८ | कृषक संग पशुपंछी विज्ञ कार्यक्रम (व्यवसाय सहजीकरण) | नयाँ | पटक | ५ | नगरपालिका स्तरीय | ५००० |
| ४.९ | दुग्ध सहकारीको क्षमता विकास कार्यक्रम | नयाँ | संख्या | १ | नगरस्तरीय | ५०० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| ४.१० | व्यवस्थित पशु वधशाला निर्माण | नयाँ | संख्या | १ | नगरपालिका | ८०० |
| | **जम्मा** | | | | | **२५२४८०** |

## ५.२ पर्यटन, सँस्कृति तथा सम्पदा

### ५.२.१ सम्भावना र अवसर

१) नगरकोट, थामीडाँडा,बुद्धथुम्का, ठुलीचौर लगायतका उच्च पर्यटकीय सम्भावना भएका क्षेत्रहरु नगरपालिका हुनु ।
२) स्थानीय भाषा, संस्कृति र सम्पदाको संरक्षण गरी पर्यटक आकर्षण गर्न सकिने अवस्था हुनु ।
३) प्राकृतिक, पुरातात्विक र धार्मिक महत्वका क्षेत्रहरु रहनु ।
४) पर्यटन गन्तव्य र पदमार्गको विकास गरी पर्यटको संख्या र बसाई अवधि लम्ब्याउन सकिने पूर्वाधार हुनु ।

### ५.२.२ समस्या तथा चुनौती

| समस्या | कारण | समाधानका उपायहरु |
|---|---|---|
| गुणस्तरिय पर्यटन सेवाको विकास र विस्तार हुन नसक्नु | • पर्यटन विकास गुरु योजना नहुनु<br>• थप पर्यटकीय गन्तव्यको पहिचान र पूर्वाधारको विकास हुन नसक्नु<br>• नगरकोटलाई पर्यटकीय क्षेत्रको रुपमा घोषणा हुन नसक्नु ।<br>• स्थानीय मौलिक भाषा, संस्कृति, सम्पदा, संग्रहालय एवं रहनसहनको संरक्षण, प्रवर्धन एवम् प्रचार नहुन | • पर्यटन विकास गुरु योजना तर्जुमा गरी कार्यान्वय गर्ने ।<br>• थप पर्यटकीय गन्तव्यको पहिचान गरी पूर्वाधारको विकास गर्न नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने ।<br>• नगरकोटलाई पर्यटकीय क्षेत्रको रुपमा घोषणा गर्न पहल गर्ने ।<br>• स्थानीय मौलिक भाषा, संस्कृति, सम्पदा, संग्रहालय एवं रहनसहनको संरक्षण, प्रवद्र्धन एवम् प्रचार प्रसार गर्ने। |
| पर्यटकको वसाई अवधि लम्ब्याउन नसक्नु | • पर्यटकमैत्री स्थानीय पर्यटन नीति नहुनु<br>• पर्यटकीय पुर्वाधारको विकास न्युन रहनु<br>• पर्यटकमैत्री पर्यटन उत्पादन ( ट्रेकिङ्ग, हाईकिङ्ग, क्यानोईङ्ग, बन्जी, ऱ्याफ्टिङ्ग, जिप लाईन, सफारी, नाचघर, सांस्कृतिक संग्रहालय, पार्क, क्यासिनो, आदी) कम्जोर हुनु | • सार्वजनिक नीजि सामुदायिक साझेदारीमा पर्यटन विकास गर्ने स्थानीय पर्यटन नीति निर्माण गरी कार्यान्वयन गर्ने<br>• पर्यटकीय पुर्वाधार निर्माण र विकासमा नीजि क्षेत्रलाई आकर्षित गर्ने<br>• पदमार्ग होमस्टे लगायतका पर्यटन पूर्वधार विकास गर्ने ।<br>• पर्यटन व्यवसायी तथा निजी क्षेत्रलाई सहासिक पर्यटन तथा मनोरञ्जन पर्यटनका उत्पादनहरु बद्धि गर्न प्रोत्साहन गर्ने<br>• पर्यटन भ्रमण वर्ष तथा आवधिक मेला महोत्सवहरुको आयोजना गरी पर्यटन गन्तव्यको प्रचार प्रसार गर्ने |

## ५.२.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्यः** समग्र पर्यटन क्षेत्रको विकास गरी स्थानीय आर्थिक बृद्धिमा टेवा पुर्‍याउने ।

**उद्देश्यः** पर्यटन क्षेत्रको विकास गरी आय र रोजगारीमा वृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीतिः**

**रणनीति १ः स्थानीय पर्यटकीय स्थलको पहिचान गरी पर्यटन पूर्वाधार विकास गर्ने ।**

**कार्यनीतिः**

१. पर्यटन विकास गुरूयोजना तयार गरी लागु गरिनेछ ।
२. पर्यटकीय पुर्वाधार निर्माण र विकासमा नीजि क्षेत्रलाई आकर्षित गरिनेछ
३. एकीकृत पर्यटन सूचना केन्द्र स्थापना गरी संचालन गरिनेछ ।
४. पर्यटन प्रहरी र पर्यटक स्वास्थ्य केन्द्रको स्थापना गरिनेछ ।
५. सर्वसुलभ सार्वजनिक यातायातको व्यवस्था तथा यातायात पूर्वाधारको विकास गरिनेछ ।
६. नयाँ पर्यटकीय गन्तव्य, होमस्टे तथा पदमार्गहरुको विकास गरिनेछ ।
७. स्थानीय उत्पादनको खपत तथा स्थानीय स्तरमा रोजगारी सृर्जना गर्ने नीति लिईने छ ।

**रणनीति २ः पर्यटकको आगमन संख्या बढाउने र बसाई अवधि लम्व्याउने ।**

**कार्यनीतिः**

१. जातीय तथा सांस्कृतिक संग्रहालको स्थापना तथा भाषा, संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्दै प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका क्षेत्रको प्रचार प्रसार गरिनेछ ।
२. पर्यटन व्यवसायीका लागि टुर गाइड, म्यानेजर, कुक, वेटर, बार, हाउस किपिङ्ग, वारिष्टा, क्यासिनो लिडर आदि तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
३. पर्यटकमैत्री पर्यटन उत्पादन (ट्रेकिङ्ग, हाईकिङ्ग, क्यानोईङ्ग, बन्जी, ऱ्याफ्टिङ्ग, जिप लाईन, सफारी, नाचघर, सांस्कृतिक संग्रहालय, पार्क, क्यासिनो, आदि)को विकासमा लगानी गरिनेछ।
४. पर्यटन भ्रमण वर्ष, आवधिक मेला महोत्सवहरु तथा फेस्टिवलहरुको आयोजना गरी पर्यटन गन्तव्यको प्रचार प्रसार गरिनेछ ।
५. पर्यटक, पर्यटन व्यवसायी र स्थानीय समुदाय विच पर्यटकीय लाभको समुचित वाडफाडबाट सुमुधुर सम्बन्ध स्थापित गरिनेछ ।
६. स्थानीय मौलिकता झल्कने उपहार सामग्रीहरु विक्री वितिरण गर्ने कोसेली घरको स्थापना गरिनेछ ।

## ५.२.४ नतिजा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| **उद्देश्यः पर्यटन क्षेत्रको विकास गरी आय र रोजगारीमा वृद्धि गर्नु ।** | | | | | |
| १ | आन्तरिक र बाह्य पर्यटकको | पर्यटन व्यवसायी संग समन्वय र सहकार्य | संख्या | - | ९ |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | आगमनमा वृद्धि भएको हुनेछ । | पर्यटन भ्रमण वर्ष तथा फेस्टिवल आयोजना | संख्या | | ३ |
| | | पर्यटकीय होटलमा पर्यटक अधिभोग (occupancy) दर | प्रतिशत | ४५ | ५५ |
| | | पर्यटकमैत्री पर्यटन उत्पादनमा बृद्धि | संख्या | | ३ |
| | | पर्यटन व्यवसायीका लागि तालिम संचालन | संख्या | | ५ |
| | | आन्तरिक र बाह्य पर्यटक आगमन | संख्या | - | १००००० |
| २ | पर्यटकीय पूर्वाधारको विकास तथा विस्तार गरिनेछ | पर्यटन विकास गुरुयोजना तर्जुमा तथा कार्यान्वयन | संख्या | - | १ |
| | | एकीकृत पर्यटन सूचना केन्द स्थापना | संख्या | - | १ |
| | | पर्यटन प्रहरी इकाइ स्थापना | संख्या | - | १ |
| | | पर्यटक स्वास्थ्य केन्द्रको स्थापना | संख्या | - | १ |
| | | नयाँ पर्यटकीय गन्तव्यको पहिचान | संख्या | - | ५ |
| | | होमस्टे तथा पदमार्गहरुको विकास | संख्या | | २ |
| | | मनोरञ्जन पार्क, पिकनिक स्पट जस्ता पूर्वाधार निर्माण | संख्या | - | ७ |
| ३ | भाषा र संस्कृतिको संरक्षण भएको हुनेछ । | ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थानको अभिलेखीकरण र संरक्षण | संख्या | - | १० |
| | | अध्ययन तथा अनुसन्धान | संख्या | - | २ |
| | | लोक भजन संरक्षण | संख्या | | १२ |

## ५.२.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १: आन्तरिक र बाह्य पर्यटकको आवागमनमा वृद्धि भएको हुनेछ।** | | | | | | |
| १.१ | पर्यटन व्यवसायीसग समन्वय र | नयाँ | संख्या | १० | नगरस्तरीय | ५०० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | सहकार्य | | | | | |
| १.२ | पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार | नयाँ | नियमित | नियमित | नगरस्तरीय | २५०० |
| १.३ | पर्यटक गाइड, कुक, वेटर आदि तालिम कार्यक्रम | नयाँ | पटक | ५ | नगरस्तरीय | ३४०० |
| १.४ | मण्डनदेउपुर वार्षिक पदयात्रा भ्रमण कार्यक्रम | नयाँ | पटक | ५ | नगरस्तरीय | १५०० |
| १.५ | कोसेली घर स्थापना | नयाँ | संख्या | १ | वडा २ | ५००० |
| **नतिजा क्षेत्र २ :पर्यटकीय पूर्वाधारको विकास तथा विस्तार गरिनेछ।** | | | | | | |
| २.१ | पर्यटन विकास गुरुयोजना तर्जुमा | नयाँ | संख्या | १ | नगरस्तरीय | २००० |
| २.२ | | | | | | |
| २.३ | पर्यटन सूचना केन्द्रको स्थापना (निजी क्षेत्र संग साझेदारी) | नयाँ | संख्या | १ | नगरस्तरीय | २००० |
| २.४ | होमस्टेको विकास | नया | संख्या | ३ | नगरस्तरीय | २५०० |
| २.५ | बोटानिकल पार्क निर्माण | नयाँ | संख्या | १ | नगरस्तरीय | १५००० |
| २.६ | साझेदारीमा जिप कोस्टर | नयाँ | संख्या | १ | वडा २ | ३००० |
| २.७ | नगरकोटको बतासे डाँडामा भ्यु टावर संचालन | नयाँ | संख्या | १ | वडा २ | ८००० |
| २.८ | स्मार्ट मनोरञ्जन पार्क | नयाँ | संख्या | ५ | वडा १, २, ३,१०, १२ | ५००० |
| २.९ | पिकनिक स्पट निर्माण | नयाँ | संख्या | ५ | वडा १, २, ३,१०, १२ | ५००० |
| २.१० | ईन्द्रावती नदिमा र्याफ्टिङ पूर्वाधार निर्माण | नयाँ | संख्या | १ | | १००० |
| २.११ | नयाँ पर्यटकीय गन्तव्यको पूर्वाधार विकास | नयाँ | संख्या | २ | | २८०० |
| २.१२ | पर्यटन प्रहरी इकाइ स्थापना | नयाँ | संख्या | १ | नगस्तरीय | ५००० |
| २.१३ | पर्यटक स्वास्थ्य केन्द्रको स्थापना | नयाँ | संख्या | १ | नगस्तरीय | ६००० |
| २.१४ | नगरकोट पर्यटक वसपार्क निर्माण | नयाँ | संख्या | १ | नगस्तरीय | ७५०० |
| **नतिजा क्षेत्र ३ : भाषा र संस्कृतिको संरक्षण भएको हुनेछ।** | | | | | | |
| ३.१ | नगरकोटमा सांस्कृतिक तथा ऐतिहासिक संग्रहलाय निर्माण | नयाँ | संख्या | १ | नगरस्तरीय | ५००० |
| ३.२ | अध्ययन तथा अनुसन्धान कार्य | नयाँ | पटक | १ | नगरपालिकाभर | ५०० |
| ३.३ | लोक भजन संरक्षण कार्यक्रम | नयाँ | पटक | नियमित | स्थानीयस्तर | ५०० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | १२१७०० |

## ५.३ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ५.३.१ सम्भावना र अवसर

- नगरपालिकाले नगरपालिकाभित्र उद्योग व्यवसायको प्रवर्धनका लागि उद्योग ग्रामको पूर्वाधार विकासको थालनी हुनु ।
- नगरपालिका क्षेत्र उद्योग व्यापारको लागि अरनिको राजमार्ग र मध्यपहाडी लोकमागको पहुचबाट नजकि हुन तथा राजधानी र आसपासका बजार केन्द्रहरुमा सहज पहुच हुनु ।
- स्थानीयस्तरमा लघु तथा मझौला उद्योग व्यवसायहरु (दुग्ध, आलु, कफि, बन पैदावार, नदीजन्य आदि ) संचलान गर्न आवश्यक पर्ने कच्चा पदार्थको उपलब्धता हुनु ।
- व्यवसायीमैत्री स्थानीय उद्योग नीति र नीजि सार्वजनिक सामुदायिक साझेदारीमा लगानीको वातावरण हुनु ।

### ५.३.२ समस्या तथा चुनौती

| समस्या | कारण | समाधानका उपायहरु |
|---|---|---|
| औद्योगिक विकास न हुनु | • उद्योग संचालनका आधारभूत पूर्वाधार निर्माण नहुनु<br>• स्थानीय स्रोत साधन र सिपको पहिचान तथा परिचालन गर्न नसक्नु<br>• बजारसंगको उचित पहुँच स्थापित गर्न नसक्नु<br>• नविनतम् प्रविधिको प्रयोग हुन नसक्नु | • निर्माणाधिन नगर उद्योगग्रामको निर्माण सम्पन्न गर्ने<br>• उद्योगग्राम सम्मको सडक पूर्वाधार स्तरउन्ननी गरी ढुवानीमा सहजता ल्याउने ।<br>• मौजुदा स्थानीय औद्योगिक नीति परिमार्जन गर्ने<br>• स्थानीय कच्चा पदार्थ र स्थानीय जनशक्तिमा आधारित मौलिक उद्योग व्यवसाय (दुग्ध, आलु, कफि, बन पैदावार, नदीजन्य आदि ) संचालन गर्ने वातावरण निर्माण गर्ने ।<br>• औद्योगिक उत्पादनको गुणस्तर परीक्षणको व्यवस्था गर्ने<br>• लगानी सम्मेलन र औद्योगिक मेला महोत्सवको आयोजना गर्ने।<br>• औद्योगिक व्यसाय प्रशिक्षण केन्द्रको स्थापना गरी ज्ञान सिप र प्रविधिमा व्यवसायीको क्षमता अभिवृद्धि गर्ने<br>• नविनतम् प्रविधिमा आधारित उद्योगहरुलाई प्रोत्सहान गर्ने |

### ५.३.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य:** उद्योग व्यवसाय स्थापना गरी स्थानीयस्तरमा रोजगारी सिर्जना र आयवृद्धि गर्ने ।

**उद्देश्य:** उद्यमशीलताको विकास गरी स्थानीयस्तरमा उद्योग व्यवसाय सञ्चालन गर्नु ।

**रणनीति तथा कार्यनीति**

**रणनीति १:** औद्योगिक पूर्वाधारको विकास गर्ने ।

**कार्यनीति :**

१. निर्माणधिन औद्योगिक ग्रामको निमार्णकार्य सम्पन्न गरिनेछ ।
२. उद्योगग्राम सम्मको सडक पूर्वाधार स्तरउन्ननी गरी ढुवानीमा सहजता ल्याईनेछ ।
३. मौजुदा स्थानीय औद्योगिक नीति परिमार्जन गरिनेछ ।
४. औद्योगिक व्यवसाय प्रशिक्षण केन्द्रको स्थापना गरिनेछ ।
५. औद्योगिक उत्पादनको गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ ।

**रणनीति २:** औद्योगिक उत्पादनको बजार पहुँच स्थापित गर्ने ।

**कार्यनीति :**

१. स्थानीय उत्पादनको बजारीकरणका लागि सहकारी र निजी क्षेत्रसँग सञ्जालीकरण र सहकार्य गरिनेछ ।
२. औद्योगिक मेला महोत्सवको आयोजना गरिनेछ।
३. स्थानीय कच्चा पदार्थ र स्थानीय जनशक्तिमा आधारित मौलिक उद्योग व्यवसाय (दुग्ध, आलु, कफि, बन पैदावार, नदीजन्य आदि ) स्थापनालाई प्रोत्साहन गरिनेछ ।
४. औद्योग उत्पादनको विक्री वितरणमा डिजिटल प्रविधिको प्रयोग गरिनेछ ।
५. ढुवानी दुर्घटनाको विमा गर्ने व्यवस्था मिलाईने छ।
६. स्थानीय जैविक कृषि उपज, फलफूल, तरकारी र वन पैदावर प्रशोधन सम्बन्धी उद्योगहरूको स्थापना र विकासमा प्रोत्साहन गरिनेछ ।

**रणनीति ३:** निजी लगानीलाई आकर्षित गर्ने तथा वित्तीय पहुँच वृद्धि गर्ने ।

**कार्यनीति :**

१. औद्योगिक विकासको लागि निजी क्षेत्र आकर्षित गर्न लगानी सम्मेलनको आयोजना गरिनेछ
२. नयाँ स्थापना हुने रोजगारमूलक उद्योगमा स्किम धितोका आधारमा सहुलियत ऋण उपलव्ध गराउन सहजीकरण गरिनेछ ।
३. औद्योगिक ग्राममा स्थापित उद्योगलाई कर तथा अन्य सहुलियत उपलव्ध गराइनेछ ।
४. वित्तीय संस्थाहरूमा बचतका स्किमहरू विकास गरी ससाना बचतहरूलाई उद्यम व्यवसायतर्फ परिचालन गरिनेछ ।
५. विभिन्न समूह र सामुदायिक संस्थामा छरिएर रहेको बचतलाई उद्यम व्यवसाय सञ्चालनमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

**रणनीति ३:** युवा, महिला र रिटर्नीलाई उद्योग व्यवसायमा आर्कषित गर्ने ।

**कार्यनीति**

१. वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उनीहरूले सिकेको सीप अनुरूप उद्योग व्यवसाय क्षेत्रमा लगानी गर्न आकर्षित गरिनेछ ।
२. उद्यमशीलता तालिम सञ्चालन गरी महिला, युवा र रिटर्नीद्वारा संचालित उद्यमहरूलाई विशेष

सहुलियत प्रदान गरिनेछ ।

३. स्थानीय युवाद्वारा संचालित रोजगार तथा स्वरोजगारमुलक उद्यम व्यवसायलाई लगानी प्रोत्साहन गर्न नगरपालिकाबाट सहुलियतपूर्ण ऋण तथा अनुदानको व्यवस्था गरिनेछ ।

## ५.३.४ नतिजा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| **उद्देश्यः उद्यमशीलताको विकास गरी स्थानीयस्तरमा उद्योग व्यवसाय सञ्चालन गर्नु ।** | | | | | |
| १ | नगरपलिकामा औधोगिक गतिबिधि बढेको हुनेछ । | औद्योगिक ग्राम स्थापना | संख्या | - | १ |
| | | मौजुदा स्थानीय औद्योगिक नीतिको परिमार्जन | संख्या | - | १ |
| | | उद्योग व्यवसायमा संलग्न हुने वैदेशिक रोजगारीबाट फर्किएका युवा | संख्या | - | १०० |
| | | सहुलियतपूर्ण ऋण र लघु कर्जा लिने उद्यमी | संख्या | - | २०० |
| | | लघु उद्यमी | संख्या | ३२० | ६४० |
| | | आधुनिक प्रविधिमैत्री बनाईएका परम्पारगत उद्यम | संख्या | १४६ | २९२ |
| | | उद्यमशिलता विकास तालिम प्राप्त गर्ने उद्यमी | संख्या | २६७ | ४०० |
| | | साना/मझौला उद्यम व्यवसाय संचालन | संख्या | २६० | ५०० |
| | | नगरपालिकाबाट बजारीकरणमा सहयोग प्राप्त गर्ने उद्यमी | संख्या | १०३ | ३०० |

## ५.३.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १ः नगरपलिकामा औधोगिक गतिबिधि बढेको हुनेछ।** | | | | | | |
| १.१ | औद्योगिक ग्राम स्थापना ( उद्योग मन्त्रालय र प्रदेश सरकारसंग साझेदारी) | नयाँ | संख्या | १ | वडा न ६ र ७ गैरीचौर | ५०००० |
| १.२ | मौजुदा स्थानीय औद्योगिक | मौजुदा | संख्या | १ | नगरस्तरीय | ४०० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | नीतिको परिमार्जन | | | | | |
| १.३ | उद्यम विकासकालागि उद्यम विकास सहजकर्ता अभिमुखीकरण | क्रमागत | संख्या | ५ | सबै वडा | २००० |
| १.४ | परम्परागत उद्यमलाई प्रविधि हस्तान्तरण | क्रमागत | संख्या | ५ | सबै वडा | ५००० |
| १.५ | उद्यमशिलता तालिम | क्रमागत | संख्या | ६० | सबै वडा | २००० |
| १.६ | लघु उद्यम सिप विकास तालिम | क्रमागत | संख्या | १२० | सबै वडा | ३००० |
| १.७ | सहुलियतपूण कर्जा तथा अनुदान कार्यक्रम | नयाँ | | १ | नगरस्तरीय | ७५०० |
| १.८ | आधुनिक प्रविधि हस्तान्तरण (ढाका तानसेट, सिलाई मेसिन, गलैचा तानसेट, जुता कटिङ्ग मेसिन आदि) | क्रमागत | थान | २०० | नगरपालिका स्तरीय | ५००० |
| १.९ | औद्योगिक उत्पादनको बजारीकरण | नयाँ | उत्पादित वस्तु | ५ | नगरस्तरीय | १००० |
| १.१० | औद्योगिक व्यवसाय प्रशिक्षण केन्द्रको स्थापना | नयाँ | संख्या | १ | नगरस्तरीय | २००० |
| १.११ | युवा उद्यमीलाई स्टार्टअप कर्जा तथा अनुदान साझेदारी कार्यक्रम | नयाँ | संख्या | ५० | नगरस्तरीय | १५००० |
| १.१२ | मौजुदा उद्योग व्यवसायको अभिलेखीकरण | नयाँ | संख्या | नियमित | नगरस्तरीय | २००० |
| १.१३ | युवा, महिला र रिटर्नी उद्यमशीलता तालिम | नयाँ | संख्या | ५ | नगरस्तरीय | ७५०० |
| १.१४ | औद्योगिक उत्पादनको गुणस्तर परीक्षण प्रयोगशाला स्थापना | नयाँ | सख्या | १ | नगरस्तरीय | ५००० |
| १.१५ | औद्योगिक मेला महोत्सवको आयोजना | नयाँ | सख्या | ३ | नगरस्तरीय | २५०० |
| १.१६ | लगानी सम्मेलनको आयोजना | नयाँ | सख्या | १ | नगरस्तरीय | २५०० |
| | **जम्मा** | | | | | **११२४००** |

## ५.४ श्रम र रोजगारी

### ५.४.१ सम्भावना र अवसर

- आर्थिक रुपमा सक्रिय जनशक्ति तथा युवा जनशक्तिको उपलब्धता हुनु ।
- कृषि, पर्यटन, निर्माण र उद्योग व्यापार क्षेत्रमा स्वरोजगारी र रोजगारीको प्रचुर सम्भावना रहनु ।

### ५.४.२ समस्या तथा चुनौती

| समस्या | कारण | समाधानका उपायहरु |
| --- | --- | --- |
| दक्ष श्रमिकको अभाव | • सिपयुक्त जनशक्ति विकास गर्न नसक्नु | • सिप विकासकालागि तालिम केन्द्र स्थापना गर्ने<br>• प्लम्बिङ्ग, ईलेक्ट्रिसियन, सिकर्मी, डकर्मी, कुक, वेयटर, हाउस किपिङ्ग, वारिष्टा, वेकरी, पशु स्वास्थ्य प्राविधिक, कृषि प्राविधिक लगायत सिप विकास तालिम संचालन गर्ने ।<br>• माध्यमिक विद्यालय शिक्षामा व्यवसायिक तथा प्राविधिक शिक्षाको पाठ्यक्रम लागु गर्ने<br>• स्थानीयस्तरमा रोजगारी सृजना गर्न निजी क्षेत्रसंग सहकार्य गर्ने ।<br>• युवा स्वरोजगार तालिम संचालन गर्ने<br>• श्रम र रोजगारीलाई सूचना प्रणालीसंग आवद्ध गर्ने । |
| युवा जनशक्ति पलायन रोक्न नसक्नु | • स्थानीय रोजगारी सृर्जना गर्न नसक्नु<br>• सम्मानपूर्ण श्रमको संस्कार नहुन<br>• स्थानीय स्तरमा श्रमको यथोचित मुल्य प्राप्त गर्न नसक्नु<br>• रोजगारीको क्षेत्र सिमित हुनु<br>• सामाजिक सुरक्षाको प्रत्याभूति नहुनु<br>• अध्ययन र रोजगारीका लागि विदेश गएका युवा जनशक्ति स्वदेश नफर्किनु | • स्थानीय स्तरमा कृषि, उद्यम र पर्यटन क्षेत्रमा स्वरोजगारी र रोजगारी सृजना गर्न उपयुक्त वातावरण निर्माण गर्ने ।<br>• सम्मानपूर्ण श्रम संस्कारको विकास गर्ने<br>• श्रम ऐनले व्यवस्था गरे बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउन नियमन गर्ने<br>• सूचना प्रविधि, कृतिम बुद्धिमता लगायत विशिष्टिकृत श्रम क्षेत्रको विकास गर्ने<br>• औपचारिक तथा अनौपचारिक दुवै क्षेत्रमा कार्यरत श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने<br>• रोजगारी, स्वरोजगारी तथा उद्यम व्यवसायमा लाग्ने रिटर्नीहरुलाई सहुलियतपूर्ण ऋण, अनुदान, तालिम र करछुट लगायत सहुलियत दिने |

## ५.४.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य:** श्रम र रोजगारीको अवसर सृजना गरी जिवनस्तरमा सुधार गर्ने ।

**उद्देश्य:** स्थानीय स्तरमा रोजगारीको अवसर वढाउने ।

**रणनीति तथा कार्यनीतिहरू.**

**रणनीति १:** श्रम तथा रोजगार प्रणाली व्यवस्थित गर्ने ।

**कार्यनीति:**

१. श्रम बैकको स्थापना गरिनेछ |
२. सूचना प्रविधिमा आधारित एकीकृत श्रम तथा रोजगार सूचना प्रणाली निर्माण गरी लागु गरिनेछ ।
३. नगरपालिका क्षेत्रमा रोजगारि सृजना गर्ने र स्वरोजगारमा लाग्ने युवाहरुलाई सिपमूलक तथा व्यावसायिक तालिम दिईनेछ |
४. स्थानीय श्रम तथा रोजगार नीति तर्जुमा गरी लागु गरिनेछ ।
५. औपचारिक तथा अनौपचारिक दुवै क्षेत्रमा कार्यरत श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराईनेछ ।

**रणनीति २**: वैदेशिक रोजगारीमा जाने युवा शक्तिलाई स्थानीयस्तरमै रोजगार हुने वातावरण मिलाउने ।

**कार्यनीति:**

१. स्थानीय स्तरमा कृषि, उद्यम र पर्यटन क्षेत्रमा स्वरोजगारी र रोजगारी सृजना गर्न उपयुक्त वातावरण निर्माण गरिनेछ ।
२. श्रम ऐनले व्यवस्था गरे बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउन नियमनको व्यवस्था गरिनेछ ।
३. सूचना प्रविधि, कृतिम बुद्धिमता लगायत विशिष्टिकृत श्रम क्षेत्रको विकास गरिनेछ ।
४. रोजगारी, स्वरोजगारी तथा उद्यम व्यवसायमा लाग्ने रिटर्नीहरुलाई सहुलियतपूर्ण ऋण, अनुदान, तालिम र करछुट लगायत सहुलियत दिने नीति लिईनेछ ।

## ५.४.४ नतिजा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (०८५/८६) |
|---|---|---|---|---|---|
| **उद्देश्यः स्थानीय स्तरमा रोजगारीको अवसर वढाउने ।** | | | | | |
| १ | स्थानीय स्तरमा रोजगारीको अवसर सृजना भएको हुनेछ | पूर्ण बेरोजगार संख्यामा कमी आउने | संख्या | ४९१ | ३०० |
| | | स्थानीय श्रम तथा रोजगार नीति तर्जुमा गरी लागु गर्ने | संख्या | - | १ |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (०८५/८६) |
|---|---|---|---|---|---|
| | | श्रम बैकको स्थापना | संख्या | - | १ |
| | | न्यूनतम रोजगारीको प्रत्याभूति | जना | १०० | २०० |
| | | श्रम क्षेत्रमा पूर्व तालिम प्राप्त गरी वैदेशिक रोजगारीमा जाने | संख्या | - | २०० |
| | | बैदेशिक रोजगारीमा जाने घरधुरी | प्रतिशत | १० | ५ |

## ५.४.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १: स्थानीयस्तरमा रोजगारीको अवसर सृजना भएको हुनेछ** | | | | | | |
| १.१ | स्थानीय श्रम तथा रोजगार नीति तर्जुमा गरी लागु गर्ने | नयाँ | संख्या | १ | नगरस्तरीय | ५०० |
| १.२ | सिप विकास तालिम | क्रमागत | पटक | ५ | नगरस्तरीय | २५०० |
| १.३ | सूचना प्रविधिमा आधारित एकीकृत श्रम तथा रोजगार सूचना प्रणाली निर्माण | | संख्या | १ | नगरस्तरीय | १००० |
| १.४ | श्रम बैकको स्थापना | नयाँ | वटा | १ | नगरस्तरीय | २००० |
| १.५ | वैदेशिक रोजगारीमा गएका घर परिवारलाई वित्तीय साक्षरता कक्षा र मनोसामाजिक परामर्श कक्षा संचालन | क्रमागत | वटा | ३० | वडास्तरीय | ६००० |
| १.६ | वैदेशिक रोजगारीमा जान लागेकालाई निर्धारित श्रम क्षेत्रमा पूर्व तालिम | नयाँ | संख्या | ५ | नगरस्तरीय | ४५०० |
| १.७ | युवाहरुलाई सिपमूलक तथा व्यावसायिक तालिम | नयाँ | संख्या | ३०० | नगरस्तरीय | १२६०० |
| १.८ | रोजगारीस्वरोजगारी तथा उद्यम , व्यवसायमा लाग्ने रिटर्नीहरुलाई ,अनुदान ,सहुलियतपूर्ण ऋणतालिम र करछुट लगायत सहुलियत दिने कार्यक्रम | नयाँ | संख्या | १०० | नगरस्तरीय | १०००० |
| | श्रमको सम्मान मण्डनदेउपुरको अभियान | नयाँ | संख्या | १ | नगरस्तरीय | ५०० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यक्रम | नयाँ | संख्या | १०० | नगरस्तरीय | ५००० |
| | रोजगारी प्रवर्धनका लागि रोजगार मेला आयोजना | नयाँ | संख्या | १ | नगरस्तरीय | १००० |
| | व्यवसायीजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धि तालिम | नयाँ | संख्या | १०० | नगरस्तरीय | १००० |
| | **जम्मा** | | | | | **४६६००** |

# परिच्छेद ६
# सामाजिक विकास

## ६.१ स्वास्थ्य तथा पोषण

### ६.१.१ सम्भावना र अवसर

- नगरपालिकामा पाँच शैयाका आधारभुत अस्पताल सञ्चालनमा रहनु तथा थप १५ शैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहनु ।
- सबै वडामा स्वास्थ्य चौकी र शहरी स्वास्थ्य क्लिनिक स्थापति भई सेवा संचालनमा रहनु ।
- स्वास्थ्य सम्बन्धी स्थानीय नीतिगत र कानुनी व्यवस्थाको थालनी हुनु ।
- स्थानीय स्तरमा पोषणयुक्त खाद्यन्न उत्पादनको प्रचुर सम्भावना रहनु ।
- सामुदायिक स्वास्थ्य सेवा विस्तार तथा पोषण सुधारमा महिला स्वास्थ्य स्वयंम सेविकाको भूमिका सक्रिय रहनु ।

### ६.१.२ समस्या तथा चुनौती

| समस्या | कारण | समाधानका उपाय |
|---|---|---|
| स्वास्थ्य क्षेत्रमा विज्ञ जनशक्ति कमि हुनु | • संगठन व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी सृजना नहुनु तथा समयमै पदपूर्ति नगरिनु | • संगठन व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी सृजना गर्ने र प्रदेश लोकसेवा आयोग मार्फत पदपूर्ति गर्ने<br>• तत्कालका लागि व्यवस्थापन गर्नुपर्ने जनशक्ति आन्तरिक श्रोतवाट व्यवस्थापन गर्ने |
| • आधारभूत स्वास्थ्य सेवा प्रवाहमा स्वास्थ्य उपकरणहरुको कमी हुनु | • भौतिक पूर्वाधार प्रर्यात्त नहुन<br>• यन्त्र उपकरण संचालन गर्ने तालिम प्राप्त जनशक्ति नहुनु<br>• नगरपालिकाको आन्तरिक स्रोतले प्रर्यात्त यन्त्र उपकरण खरिद गर्न नसकिनु | • संघीय सरकार तथा प्रदेश सरकार, दातृनिकाय र सामुदायिक पहलमा स्वास्थ्य पूर्वाधार निर्माण गर्ने<br>• उपलब्ध जनशक्तिलाई यन्त्र उपकरण चलाउने तालिम प्रदान गर्ने<br>• संघीय सरकार तथा प्रदेश सरकार, दातृनिकायसंग प्राविधिक सहायत माग गर्ने<br>• नगरपालिकाको आन्तरिक स्रोत बृद्धि गरी सामाजिक विकासमा निश्चित प्रतिशत बार्षिक बजेटको व्यवस्था गर्ने |
| • बालबालिका, जेष्ठ नागरिक तथा जोखिममा रहेका व्यक्तिहरुमा पोषणको कमी हुनु | • पोषण शिक्षालाई विद्यालय पाठ्यक्रममा कम महत्व दिईनु<br>• लक्षित वर्गलाई पोषण अनुशिक्षण प्रर्याप्त नहुन | • पोषण शिक्षालाई विद्यालय पाठ्यक्रममा उच्च महत्व दिने<br>• लक्षित वर्गलाई पोषण अनुशिक्षण कार्यक्रम संचालन गर्ने |

## ६.१.३ लक्ष्य, उद्देश्य, रणनीति, तथा कार्यनीति

**लक्ष्यः** आधारभूत एवम् गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच वढाउने ।

**उद्देश्यः** नगरपालिकाका सबै नागरिकलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु ।

**रणनीति तथा कार्यनीति**ः

**रणनीति १**ः आधारभूत स्वास्थ्य केन्द्र तथा अस्पतालमा गुणस्तरीय स्वास्थ्य तथा परीक्षण सेवा उपलब्ध गराउने ।

**कार्यनीतिः**

१) स्वास्थ्य बिमा कार्यक्रममा नागरिक पहुँच वढाइनेछ ।
२) एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मी सहितको स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।
३) सर्ने र नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
५) स्वास्थ्य सुशासनमा जोड दिइनेछ ।
६) गुणस्तरीय स्वास्थ्य प्रयोगशाला सञ्चालन गरिनेछ ।
७) जनस्वास्थ्य चेतना अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
८) उपलव्ध स्वास्थ्य संस्थाहरुमा नेपाल सरकार स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड बमोजिमको स्वास्थ्य सामग्री व्यवस्था सहितको सुविधा हुनेछ।

**रणनीति २**ः सबै स्वास्थ्य संस्थाहरूमा स्वीकृत दरवन्दी बमोजिमका जनशक्ति व्यवस्थापन गर्ने ।

**कार्यनीतिः**

१) संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी सृजना र आवश्यक जनशक्तिको पदपूर्ति गरिनेछ ।
२) नियुक्त भएका स्वास्थ्यकर्मीहरूलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

**रणनीति ३**ः नागरिकलाई स्वास्थ्य सेवा प्रवाह गर्न निजी,सहकारी तथा गैर सरकारी क्षेत्रको संलग्नता अभिवृद्धि गर्ने ।

**कार्यनीतिः**

१) नगरक्षेत्र भित्ररहेका निजी र गैरसरकारी स्वास्थ्य संस्थाहरूको सेवालाई प्रभावकारी, गुणस्ततरीय, कानुन सम्मत वनाउन नियमित अनुगमन गरिनेछ ।
२) निजी र गैरसरकारी क्षैत्र संगको सहकार्यमा स्वास्थ्य सम्वन्धी अध्ययन, अनुसन्धान गरी रणनीति तयार गरिनेछ।
३) स्वास्थ्य सेवाको विस्तारका लागि सरकारी, नीजि, सहकारी, सामुदायकि संघ संस्थालाई तोकिएको मापदण्ड अनुसार अनुमती प्रदान गरिनेछ ।

**रणनीति ४**ः आयुर्वेद चिकित्सा पद्धतिको प्रवर्द्धन गर्ने ।

**कार्यनीतिः**

१) आयुर्वेद पद्धतिको उपचारलाई प्रभावकारी बनाउन संस्थागत संरचनाको विकास एवम् विस्तार गरिनेछ ।

२) जडीबुटीमा आधारित औषधी उद्योग स्थापनाका लागि आवश्यक पहल गरिनेछ।
३) आयुर्वेद पद्धतिको क्रमबद्ध विकास, संरक्षण एवम् विस्तारका लागि दीर्घकालीन गुरुयोजना तर्जुमा गरिनेछ।

## ६.१.४ नतिजा सूचक

| नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|
| **उद्देश्यः** आधारभूत एवम् गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच वढाउन। | | | | |
| १) स्वास्थ्य बीमामा नागारिक पहुँच बढेको हुनेछ । | नगर अस्पतालमा स्वास्थ्य बीमा हुने | संख्या | | नियमित |
| | स्वास्थ्य बीमा गरी उपचार लिने | जना | - | इच्छुक सबै |
| | निशुल्क स्वास्थ्य बीमा सेवा प्राप्त गर्ने विपन्न तथा विपन्न दलित परिवार | संख्या | - | वडाको सिफारीसको आधारमा सबै परिवार |
| २) नागरिकले सुलभ स्वास्थ्य सेवा प्राप्त गरेका हुनेछन् | आधा घण्टाको दुरी भित्र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था | संख्या | पाँच शैयाको अस्पताल १, स्वास्थ्य चौकी ७, आधारभूत स्वास्थ्य केन्द्र ५ र शहरी स्वास्थ्य केन्द्र २ गरी १५ | थप २ वटा शहरी स्वास्थ्य केन्द्र सहित जम्मा १७ |
| | वडा स्थित स्वस्थ्य संस्थामा दक्ष जनशक्ति र फार्मासिष्टद्वारा औषधीको उपलब्धता | संख्या | ८ जना वेसिक तालिम प्राप्त र ७ वटा संस्था वाट सेवा | सवै स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्यकर्मी उपलव्धता हुनेछ |
| | विशिष्टीकृत स्वास्थ्य प्रयोगशाला संचालन | संख्या | - | २ |
| ३) सुरक्षित मातृशिशु कार्यक्रम प्रभावकारी भएको हुनेछ । | २४ घण्टे प्रसूति सेवा | स्वास्थ्य संस्था | २ | १ (नगर अस्पतालमा एकीकृत गर्ने) |
| | प्रसुति केन्द्रमा निःशुल्क भिडियो एक्सरे, अत्यावश्यक औषधी र एम्बुलेन्स सेवा | नियमित | ६ महिनामा एकपल्ट वडा स्तरमा सुरु अस्पतालमा दैनिक भिडीयो एक्सरे सेवा | वडा स्तरमा त्रैमासिक भिडियो एक्सरे सेवा प्रसुति केन्द्रमा एम्वुलेन्स, प्रत्येक प्रसुति केन्द्रमा २ जना एस वि ए |
| | बाल स्वास्य र पोषण कार्यक्रम सञ्चालन हुने स्वास्थ्य संस्था | संख्या | हाल १५ वटा खोप केन्द्र निर्माण | सवै खोप केन्द्रमा भवन निर्माण औजार उपकरण र सामग्री सहित |

| नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|
| | | | | व्यवस्था |
| | मातृ तथा शिशु मृत्युदर | प्रति वर्ष | मातृमृत्यु दर सुन्य छ । | शुन्य बनाउने । |
| | | | शिशु मृत्यु सरदर १ जना प्रति वर्ष | |
| ४) आयुर्वेद सेवा विस्तार भएको हुनेछ । | आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था | संख्या | प्रदेश को सहयोगमा एक केन्द्र | कम्तीमा ३ वटा केन्द्रमा विस्तार |

## ६.१.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्र मागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १: स्वास्थ्य बीमामा नागारिक पहुँच बढेको हुनेछ ।** | | | | | | |
| १.१ | नागरिक स्वास्थ्य विमा कार्यक्रम | नयाँ | संख्या | १ | नगरस्तरीय | ६००० |
| १.२ | विपन्न नागरिक र विपन्न दलित तथा अपाङ्गता भएका परिवारको स्वास्थ्य विमा कार्यक्रम | नयाँ | संख्या | १ | सवै वडा | २००० |
| **नतिजा क्षेत्र २: नागरिकले सुलभ स्वास्थ्य सेवा प्रास गरेका हुनेछन्** | | | | | | |
| २.१ | दक्ष जनशक्ति र फार्मासिष्टद्धारा औषधी व्यवस्थापन कार्यक्रम | क्रमागत | | एक | नगरपालिका /वडा | १५००० |
| २.२ | शहरी स्वास्थ्य केन्द्र थप | नयाँ | संख्या | २ | वडा नं २,३ | २५००० |
| २.३ | नगर अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, खोप केन्द्र,शहरी स्वास्थ्य केन्द्र निर्माण मर्मत घेरावार (प्रदेश र संघीय सरकार संगको सझेदारिमा नगर अस्पताल निर्माण र सञ्चालन) | क्रमागत | | नगर अस्पताल १ स्वास्थ्य चौकी २ शहरी स्वास्थ्य केन्द्र २ नयाँ निर्माण र आधारभूत स्वास्थ्य केन्द्र मर्मत कोठा थप घेरावार ७ | वडा नं २, ३ ,४, ६, ७, ९, १०, ११,१२ | ३७००० |
| २.४ | मानसिक स्वास्थ्य सेवा कार्यक्रम | नयाँ | संख्या | १ | नगरअस्पताल | ५००० |
| २.५ | स्वास्थ्य प्रयोगशाला निर्माण र संचालन | नयाँ | संख्या | - | २ | १६००० |
| २.६ | स्वास्थ्य उपचार व्यवस्थापन (ड्यास वोर्ड र स्वास्थ्य वडाकार्यक्रम) | नयाँ | | - | नगर स्तरिय | ६००० |
| २.७ | संगठन तथा व्यवस्थापन सर्बेक्षण | क्रमागत | | १ | नगर स्तरिय | ८०० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| २.८ | अत्यावश्यक औषधि र सामग्री खरिद | क्रमागत | वर्ष | १ | नगर स्तरिय | २५००० |
| २.९ | नसर्ने रोग स्क्रीनिङ, उपचार, प्रेषण कार्यक्रम<br>जेष्ठनागरिक तथा अति अशक्त अपाङ्गता भएकाको लागि टोल वस्ती कार्यक्रम (मधुमेह, रक्तचाप, अल्वुमिन जाँच र औषधि व्यवस्थापन) | क्रमागत | बर्ष | २ | सवै वडा | ५००० |
| २.१० | योग, ध्यान र स्वास्थ्य जनचेतना कार्यक्रम | नयाँ | बर्ष | एक | नगर र वडा स्तरमा | १००० |
| २.११ | उत्कृष्ट कार्य गर्ने स्वास्थ्य संस्था, कर्मचारी र महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम | नयाँ | बर्ष | १ | नगरस्तरिय | ३५०० |
| **नतिजा क्षेत्र ३ः सुरक्षित मातृशिशु कार्यक्रम प्रभावकारी भएको हुनेछ ।** | | | | | | |
| ३.१ | २४ घण्टे प्रसूति सेवा कार्यक्रम | क्रमागत | स्वास्थ संस्था | १ (नगर अस्पतालमा) | स्वास्थ संस्था | नियमित कार्य |
| ३.२ | प्रसुति केन्द्रका लागि आवश्यक सामग्री, औजार, उपकरण र जनशक्ती | नयाँ तथा क्रमागत | स्वास्थ संस्था | १ (नगर अस्पतालमा) | नगर/वडा स्तर | ३५००० |
| ३.३ | मातृ, शिशु स्वास्थ्य सेवा कार्यक्रम | नियमित | | १२ | सबै वडा | १८००० |
| ३.४ | व्यवस्थित खोपकेन्द्र निर्माण र सामग्री व्यवस्थापन | नयाँ तथा क्रमागत | | ४ | नगर/ वडा स्तर | ८५०० |
| ३.५ | शिशु तौल अनुगमन र घरभेट | क्रमागत | संख्या | १२ | सबै वडा | ५४०० |
| ३.६ | स्वास्थ्य संस्थामा निशुल्क एम्वुलेन्स सेवा, भिडियो एक्सरे र क्यालसियम वितरण कार्यक्रम | क्रमागत | संख्या | नियमित | नगर/ वडास्तरीय | १४५०० |
| ३.७ | शहरी स्वास्थ्य केन्द्र सञ्चालन | क्रमागत | संख्या | २ | नगरस्तरीय | १६००० |
| **नतिजा क्षेत्र ४ः आयुर्वेद सेवा विस्तार भएको हुनेछ ।** | | | | | | |
| ४.१ | आयुर्वेद सेवाको पूर्वाधार व्यवस्थापन तथा औषधि उपलब्धता | क्रमागत | | नियमित | नगर/वडा | १८००० |
| ४.२ | आयुर्वेदीक उपचार पद्धतिको विकास सम्वन्धी दीर्घकालीन योजना तर्जुमा | नयाँ | संख्या | - | १ | १००० |
| | **जम्मा बजेट** | | | | | **२६३७००** |

## ६.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ६.२.१ सम्भावना तथा अवसर

- १३ वटा मा.वि र २९ वटा आ वि गरी ४२ वटा विद्यालयहरू हुनु
- ४७ वटा बालविकास कक्षा सञ्चालन भईरहनु
- शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन हुनु
- नगर शिक्षा ऐन, नियमावली र कार्यविधि निर्माण भइ कार्यान्वयन हुनु
- उच्च शिक्षाको लागि क्याम्पस (मानविकी, बाणिज्य तथा शिक्षा) संचालनमा रहनु

### ६.२.२ समस्या तथा चुनौती

| समस्या | कारण | समाधानका उपाय |
|---|---|---|
| सामुदायिक विद्यालय र क्याम्पसमा विद्यार्थी संख्या घट्दै जानु | • निजी शैक्षिक संस्थासँग प्रतिष्पर्धा गर्न नसक्नु<br>• अभिभावक र विद्यार्थी निजी विद्यालय तर्फ आकर्षित हुनु<br>• नागरिकको अस्थायी बसाइसराई<br>• विद्यार्थी संख्याको अनुपातमा विद्यालय संख्या बढी हुनु । | • नतिजामा आधारित शैक्षिक गुणस्तर सुधार कार्यक्रम लागु गर्ने ।<br>• मौजुदा माध्यमिक विद्यालयमा प्राविधिक धारका पठनपाठन थप गर्ने।<br>• विद्यालयको भौतिक अवस्था, विद्यार्थी संख्या, विद्यालय विचको दुरी हेरी विद्यालय तथा कक्षा (ग्रेड) मर्ज गर्ने । |
| बिषयगत शिक्षक दरबन्दी व्यवस्थापन गर्न नसक्नु | • नगर शिक्षा नीति नहुनु | • नगर शिक्षा नीति तयार गरी कार्यान्वयन गर्ने ।<br>• |
| सिकाई उपलब्धि कमजोर हुनु | • शिक्षकको विषयगत दक्षता कमजोर हुनु ।<br>• शिक्षण विधि आधुनिक तथा प्रविधिमैत्री नहुनु ।<br>• मुल्यांकन प्रणाली परम्परागत हुनु। | • शिक्षकको विषयगत दक्षता वृद्धि गर्ने विषय शिक्षण तालिम दिने ।<br>• नतिजाकको आधारमा विषयगत शिक्षकलाई दण्ड र पुस्कारको व्यवस्था गर्ने ।<br>• आधुनिक र प्रविधिमैत्री शिक्षण विधि प्रयोग गर्ने ।<br>• नविनतम् तथा निरन्तर मुल्यांकन प्रणाली लागु गर्ने ।<br>• |
| विद्यालयको भौतिक पूर्वाधार व्यवस्थित नहुनु | • भौतिक पूर्वाधार निर्माणमा पर्याप्त लगानी गर्न नसक्नु ।<br>• विद्यालयको भौतिक पूर्वाधार निर्माणमा आधुनिक तथा वालमैत्री, अपाङ्गमैत्री, प्रविधिमैत्री ज्ञानको कमी हुनु । | • मौजुदा विद्यालयहरुको भौतिक पूर्वाधारको अडिट गर्ने।<br>• विद्यालयहरुका भौतिक संरचनाहरु ( कक्षा कोठा, खेलमैदान, शौचालय, प्रयोगशाला, फर्निचर आदि )को मापदण्ड निधारण गर्ने ।<br>• अडिट प्रतिवेदनका आधारमा मौजुदा विद्यालयहरुलाई आधुनिक तथा वालमैत्री, अपाङ्गमैत्री, प्रविधिमैत्री बनाउदै लजाने ।<br>• नयाँ बन्ने विद्यालयहरु **विद्यालय** |

| ६.२.२ समस्या तथा चुनौती | | |
|---|---|---|
| **समस्या** | **कारण** | **समाधानका उपाय** |
| | | **भौतिक संरचना निर्माण मापदण्ड** अनुसार बनाउने । |

## ६.२.३ लक्ष्य, उद्देश्य, रणनीति, तथा कार्यनीति

**लक्ष्य:** विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमुलक वनाई सिर्जनशलि असल र सव्य जनशक्ती तयार गर्ने।

**उद्देश्य**

१) विद्यालय  शिक्षालाई प्रविधिमैत्री र रोजगारमूलक बनाउनु ।

२) प्राविधिक र व्यवसायिक शिक्षामा विद्यार्थीको पहुँच विस्तार गर्नु ।

३) विद्यार्थीको सिकाई उपलब्धि सुधार गर्ने तथा शैक्षिक गुणस्तर वृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

**रणनीति १:** विद्यालयहरुको भौतिक पूर्वाधार व्यवस्थित बनाउने ।

**कार्यनीति:**

१) मौजुदा विद्यालयहरुको भौतिक पूर्वाधारको अडिट गरिनेछ ।

२) विद्यालयहरुका भौतिक संरचनाहरु (कक्षा कोठा, खेलमैदान, शौचालय, प्रयोगशाला, फर्निचर आदि )को मापदण्ड निधारण गरिनेछ ।

३) नयाँ बन्ने विद्यालयहरु **विद्यालय भौतिक संरचना निर्माण मापदण्ड** अनुसार बनाउने नीति लिईनेछ ।

४) शैक्षिक सामाग्री, फर्निचर, प्रयोगशाला तथा सवारी साधन सहित शैक्षिक पूर्वाधारको विकास गरिनेछ ।

**रणनीति २: माध्यमिक** शिक्षालाई प्राविधिमैत्री र रोजगारमुलक बनाउने ।

**कार्यनीति:**

१) मौजुदा माध्यमिक विद्यालयमा प्राविधिक धारको पठनपाठन गर्ने नीति लिईनेछ ।

२) प्राविधिक एवम् व्यवसायिक शिक्षामा महिला, दलित, अपाङ्ग, विपन्न तथा सिमान्तकृत समूहको पहुँच वृद्धि गरिनेछ ।

३) अपाङ्गता भएका बालबालिकालाई सीपमूलक विशेष शिक्षा प्रदान गरिनेछ ।

४) माध्यमिक तहमा पशु उत्पादन, पर्यटन र सूचना प्रविधि सम्बन्धि प्राविधिक तथा व्यवसायकि शिक्षा लागु गरिनेछ ।

**रणनीति ३:** . शैक्षिक उपलब्धि र गुणस्तर वृद्धि गर्ने ।

**कार्यनीति:**

१) शिक्षकको विषयगत दक्षता वृद्धि गर्न विषय शिक्षण तालिम संचालन गरिनेछ ।

२) नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषयको अलावा आधारभुत तहमा स्थानीय पाठ्यक्रम, नैतिक शिक्षा र माध्यमिक तहमा सूचना प्रविधि विषयलाई अनिवार्य गर्ने नीति लिइनेछ ।

३) विद्यालयको भौतिक अवस्था, विद्यार्थी संख्या, विद्यालय विचको दुरी हेरी विद्यालय तथा कक्षा (ग्रेड) मर्ज गर्ने नीति लिईनेछ ।

४) नविनतम् तथा निरन्तर मुल्यांकन प्रणाली लागु गर्ने नीति लिईनेछ ।

## ६.२.४ नतिजा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६ |
|---|---|---|---|---|---|
| | **उद्देश्य १:** विद्यालय शिक्षालाई प्रविधिमैत्री र रोजगारमूलक बनाउनु । | | | | |
| १ | विद्यार्थी भर्नादर बढेको हुनेछ । | विद्यार्थी भर्नादर | प्रतिशत | ९३.७ | १०० |
| २ | विद्यालयमा प्रविधिको पहुच र प्रयोगमा वृद्धि भएको हुनेछ । | बालमैत्री तथा अपंगतामैत्री भौतिक पूर्वाधार भएकाविद्यालय | संख्या | ३० | ४५ |
| | | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग गर्ने विद्यालय | संख्या | - | ३९ |
| | | प्रबिधिमैत्री कक्षा संचालन गर्ने विद्यालय(कक्षा ६ भन्दा माथि) | संख्या | - | १७ |
| | | अभिभावक शिक्षा | विद्यालय | - | सबै |
| | | विद्यालय व्यवस्थापन समितिको सक्रियता | संख्या | - | सबै |
| **उद्देश्य २:** प्राविधिक र व्यवसायिक शिक्षामा विद्यार्थीको पहुँच विस्तार गर्नु । | | | | | |
| ३ | प्राविधिक तथा व्यवसायिक शिक्षा विस्तार भएको हुनेछ । | प्राविधिक धारको विद्यालय सञ्चालन | संख्या | - | १ |
| | | प्राबिधिक, व्यावसायिक र स्थानीय सिप सम्बन्धी कक्षा संचालन गर्ने विद्यालय | संख्या | - | ४ |
| | **उद्देश्य ३:** विद्यार्थीको सिकाई उपलब्धि सुधार गर्ने तथा शैक्षिक गुणस्तर वृद्धि गर्नु । | | | | |
| ३ | विद्यार्थी सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ। | सिकाइ उपलब्धि | प्रतिशत (कक्षा ५) | ४४.५५ | ५४ |
| | | | प्रतिशत (कक्षा ८) | ४७.१४ | ६५ |
| | | | प्रतिशत | ४४.४५ | ५४ |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६ |
|---|---|---|---|---|---|
| | | | (कक्षा १०) | | |
| | | | संख्या | ३० | ४५ |
| | | पेशागत तालिम लिने शिक्षक | जना | ३६१ | सबै |
| | | विषयगत शिक्षकको उपलब्धता | संख्या | - | नि मा वि ६८<br>मा वि ६५ |
| | | विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | - | ४ |

## ६.२.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्र मागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १: विद्यार्थी भर्नादर बढेको हुनेछ ।** | | | | | | |
| १.१ | वडा स्तरीय अभिभावक शिक्षा कार्यक्रम | क्रमागत | पटक | ५ | सबै वडा | ३२०० |
| | विद्यार्थी भर्ना अभियान | क्रमागत | पटक | ५ | सबै वडा | २००० |
| **नतिजा क्षेत्र २: विद्यार्थी सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।** | | | | | | |
| २.१ | सिकाइ उपलब्धि उत्प्रेरणा अनुदान | क्रमागत | वटा | ५ | विद्यालयहरु | ५५०० |
| २.२ | विद्यार्थी, शिक्षक, प्र.अ, वि व्य स सम्मान कार्यक्रम | क्रमागत | वटा | ५ | उत्कृष्ट | १००० |
| २.३ | नगरस्तरीय वार्षिक परीक्षा | क्रमागत | वटा | ५ | सबै विद्यालय | १५०० |
| २.४ | अनुगमन र सुपरीवेक्षण | क्रमागत | पटक | ५ | सबै विद्यालय | १८०० |
| २.५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन | क्रमागत | वटा | ४५ | सबै विद्यालय | १४५०० |
| २.६ | नगरस्तरीय अतिरिक्त क्रियाकलाप र शैक्षिक क्यालेन्डर | क्रमागत | पटक | ५ | नगरपालिका | ५००० |
| २.७ | विद्यार्थी गृहकार्य डायरी | क्रमागत | पटक | ५ | सबै विद्यालय | ४००० |
| २.८ | अङ्ग्रेजी पाठ्यपुस्तक खरिद | क्रमागत | पटक | ५ | सबै विद्यालय | १२५०० |
| २.९ | विषय शिक्षक तालिम | नयाँ | पटक | २० | नगरपालिका | ४००० |
| २.१० | योगध्यान तथा संस्कार युक्त | नयाँ | संख्या | ५ | मा वि | २००० |

| क.सं. | कार्यक्रम | नयाँ/क्र मागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | शिक्षा कार्यक्रम | | | | | |
| २.११ | प्र अ/ शिक्षा समिति/सामाजिक विकास समिति बैठक | क्रमागत | आवश्यकता अनुसार | ४५ | सबै विद्यालय | २००० |
| २.१२ | स्थानीय विषयको पाठ्यपुस्तक तयारी | नयाँ | विषय | २ | नगरपालिका | २००० |
| २.१३ | विद्यालय भवन निर्माण | नयाँ | संख्या | २ | नगरपालिका | २४००० |
| २.१४ | नमुनाको रूपमा Big School Concept को अवलम्वन | नयाँ | संख्या | १ | नगर | ७०००० |
| २.१५ | विद्यालयको भौतिक पूर्वाधारलाई बालमैत्री, अपंगतामैत्री बनाउने | नयाँ | संख्या | ५ | विद्यालयहरु (ब्रह्मायणी मा वि( नगरहोप आ वि- महाकाली मा वि, द्वारपालेश्वर मा वि, भवानी आ वि) | ३३००० |
| २.१६ | विद्यालय भवनको मर्मत संभार | क्रमागत | संख्या | १ | भद्रकाली आ वि | ५००० |
| २.१७ | विद्यालय घेराबार निर्माण | क्रमागत | संख्या | १० | विध्यालय | ५००० |
| २.१८ | एक विद्यालय एक खेलकुद मैदान निर्माण | क्रमागत | संख्या | ३९ | विध्यालय | १७८०० |
| २.१९ | बालमैत्री शौचालय निर्माण | क्रमागत | संख्या | १५ | विध्यालय | १६५०० |
| २.२० | विद्यालय वाल उद्यान निर्माण | क्रमागत | संख्या | ४५ | विध्यालय | ९००० |
| २.२१ | शिक्षक लक्षित सहभागितामूलक क्षमता विकास प्रशिक्षण कार्यक्रम | क्रमागत | संख्या | ५ | नगरपालिका | २००० |
| २.२२ | वि.व्य.स का अध्यक्ष र प्र अ लक्षित शैक्षिक व्यवस्थापन र क्षमता विकास कार्यकम | क्रमागत | संख्या | ५ | नगरपालिका | ४००० |
| २.२३ | विषयगत शिक्षक व्यवस्थापन | क्रमागत | जना | १७ | मा वि | ५१३३५ |
| २.२४ | विषयगत शिक्षक व्यवस्थापन | क्रमागत | जना | १४ | नि मा वि | ३४१२० |
| २.२५ | प्रारम्भिक बाल विकास केन्द्र संचालन (विद्यालय भित्र) | क्रमागत | संख्या | ३८ | वाल विकास केन्द्र | ७१४९ |
| २.२६ | वालविकास सहजकर्ता व्यवस्थापन (विद्यालय बाहिर) | क्रमागत | जना | २० | वाल विकास केन्द्र | ९९६५ |
| २.२७ | प्रारम्भिक बाल विकास केन्द्र सहजकर्ता व्यवस्थापन | क्रमागत | संख्या | ५८ | वाल विकास केन्द्र | ९००० |
| २.२८ | विद्यालय कर्मचारी प्रोत्साहन | क्रमागत | जना | ४४ | मा वि १३ आ वि ३१ | २३५४५ |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| २.२९ | विद्यालय लेखापाल प्रोत्साहन | क्रमागत | जना | १३ | मा वि | ६०३७ |
| २.३० | स्थानीय शिक्षक सेवा आयोग सञ्चालन तथा व्यवस्थापन | क्रमागत | संख्या | ५ | नगरपालिका | २५०० |
| **नतिजा क्षेत्र ३: प्राविधिक तथा व्यवासायिक शिक्षा विस्तार भएको हुनेछ ।** | | | | | | |
| ३.१ | प्राविधिक धारको विद्यालय सञ्चालन | नयाँ | संख्या | १ | नगरपालिका | ३०००० |
| ३.२ | प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्ने महिला, दलित, विपन्न, अपाङ्गता भएका र सिमान्तकृत वर्ग छात्रवृत्ति कार्यक्रम | नयाँ | वटा | १ | नगरपालिका | ८००० |
| ३.३ | प्राविधिक, व्यवसायिक र स्थानीय सिप सिकाई कार्यक्रम (पशु उत्पादन, पर्यटन र सूचना प्रविधि सम्बन्धि प्राविधिक तथा व्यवसायकि शिक्षा) | नयाँ | संख्या | ३ | विद्यालय | १५००० |
| ३.४ | ICT Lab स्थापना | नयाँ | संख्या | १ | मा वि | ५००० |
| ३.५ | विज्ञान प्रयोगशाला | नयाँ | संख्या | ४ | मा वि | ८००० |
| | **जम्मा बजेट** | | | | | ४६७९४१ |

## ६.३ खानेपानी तथा सरसफाइ

### ६.३.१ सम्भावना तथा अवसर

- सतह खानेपानी आयोजना संचालनको लागि पानीका मुलहरु हुनु ।
- लिफ्ट खानेपानी आयोजना संचालन गर्न स्रोतको रूपमा इन्द्रावती, चाखोला र अन्य सहायक नदीहरू भएको।

### ६.३.२ समस्या तथा चुनौती

| समस्या | कारण | समाधानका उपाय |
|---|---|---|
| सबै घरधुरीमा स्वच्छ खानेपानी उपलब्ध हुन नसक्नु । | • सबै घरधुरीमा एक घर एक धारा कार्यक्रम सम्पन्न गर्न नसक्नु ।<br>• सबै ठाउँमा खानेपानीको मुहान उपलब्ध नहुनु । | • मण्डनदेउपुर वृहत सुख्खा खानेपानी आयोजना, नगरकोट नाल्दुम लिफ्ट खानेपानी आयोजना लगायत निर्माणाधिन अन्य योजनाहरु सम्पन्न गर्ने ।<br>• लिफ्टिङ्ग प्रणलीका आयोजना संचालन गरी सबै घरधुरीमा खानेपानी आपूर्ति गर्ने । |

| ६.३.२ समस्या तथा चुनौती | | |
|---|---|---|
| **समस्या** | **कारण** | **समाधानका उपाय** |
| खानेपानी मुहान संरक्षण गर्न नसक्नु । | • जलस्रोत नक्साकन नीति नहुनु ।<br>• भूक्षयको असर बढ्दै जानु<br>• जलवायु परिवर्तको असर र अव्यवस्थित भौतिक पूर्वाधार विकासले पानीको मुहान सुक्दै जानु । | • जलस्रोत नक्साकन नीति बनाइ कार्यान्वयन गर्ने ।<br>• सामुदायिक वन र उच्च भुभागमा रिचार्ज पोखरी निर्माण गर्ने ।<br>• नगर खानेपानी तथा सरसफाई प्राधिकरण गठन गर्ने । |

### ६.३.३ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**: सबै घरधुरीमा स्वच्छ, गुणस्तरीय खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने ।

**उद्देश्यः** सबै घरघुरीमा खानेपानी सेवा र फ्लस सहितको शौचालयको पहुँच वृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीतिः**

**रणनीति १ः** सबै घरधुरीमा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्ने ।

**कार्यनीतिः**

१) विद्यमान खानेपानी योजनाको मर्मत सम्भार र निर्माणाधिन आयोजना सम्पन्न गर्ने नीति लिईनेछ ।
२) जलस्रोत नक्साकन गर्ने तथा नगर खानेपानी तथा सरसफाई प्राधिकरण गठन गरिनेछ ।
३) स्वच्छ खानेपानी आपूर्तिको सूनिश्चित गर्ने गुणस्तर परीक्षण प्रयोगशाला संचालन गरिनेछ ।

**रणनीति २ः** प्रत्येक घरधुरीमा शौचालय तथा सरसफाईको व्यवस्था गर्ने ।

**कार्यनीतिः**

१) खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
२) नयाँ बन्ने घरहरूमा फ्लस सहितको शौचालय र सेफ्टी टयांक निर्माण अनिवार्य गरिनेछ ।
३) नागरिकलाई घरबाट निस्कने कुहिने प्रकृतिका फोहरमैलाबाट कम्पोष्ट मल बनाउन प्रेरित गरिनेछ ।

### ६.३.४ नतिजा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०८०/८१) | आवधिकयोजनाकोअन्त्यकोस्थिति(२०८५/८६) |
|---|---|---|---|---|---|
| | **उद्देश्यः सबै घरघुरीमा खानेपानी सेवा र फ्लस सहितको शौचालयको पहुँच वृद्धि गर्नु ।** | | | | |
| १ | नगरवासीलाई स्वच्छ | घरभित्रै पाईपको धारा | प्रतिशत | ४०.०४ | ५५ |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०८०/८१) | आवधिकयोजनाकोअन्त्यकोस्थिति(२०८५/८६) |
|---|---|---|---|---|---|
| | तथा सुलभ खानेपानी सेवा उपलव्ध भएको हुनेछ । | भएका घरपरिवार | | | |
| | | घर वाहिर पाईपको धारा भएका घरपरिवार | प्रतिशत | ३९.०७ | ४५ |
| | | खानेपानीको गुणस्तर परीक्षण प्रयोगशाला | संख्या | - | १ |
| २ | सुरक्षित सरसफाइ सेवा विस्तार भएको हुनेछ। | सुरक्षित शौचालय भएका घरपरिवार | प्रतिशत | ५३.१७ | ७० |
| | | सार्वजनिक शौचालय निर्माण | संख्या | ५ | १५ |

## ६.३.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १ःनगरवासीलाई स्वच्छ तथा सुलभ खानेपानी सेवा उपलव्ध भएको हुनेछ ।** | | | | | | |
| १.१ | मण्डनदेउपुर बृहत खापा आयोजना | क्रमागत | संख्या | १ | नगरस्तरीय | १ अर्व |
| १.२ | रामपुर पम्पीङ खानेपानीको योजना | क्रमागत | संख्या | १ | वडा नं. १२ | |
| १.३ | नाल्दुम नगरकोट लिफ्टिङ्ग खापा आयोजना | क्रमागत | संख्या | १ | वडा नं. १ र २ | |
| १.४ | देउराली बिस्कुटे खानेपानी रिजर्भ टयाङ्की निर्माण | क्रमागत | संख्या | १ | वडा नं. १२ | |
| १.५ | भतेरे विद्युत पम्पिङको रिजर्भ टयाङ्की निर्माण | क्रमागत | संख्या | १ | वडा नं. १२ | १००० |
| १.६ | रामपुर कालीकुवा टयाङ्की निर्माण | क्रमागत | संख्या | १ | वडा नं. १२ | |
| १.७ | डेडीदेवी खानेपानी योजना | क्रमागत | संख्या | १ | वडा नं. ८ | |
| १.८ | कुन्तावेशी लिफ्ट खानेपानी आयोजना | क्रमागत | संख्या | १ | वडा नं. ७ | |
| १.९ | सर्वझाङ खानेपानी योजना | नयाँ | संख्या | १ | वडा नं. ४ | ६५०० |
| १.१० | खानेपानीको गुणस्तर प्रयोगशाला निर्माण र सञ्चालन | नयाँ | संख्या | १ | नगरस्तरीय | २५०० |
| १.११ | मण्नदेउपुर खानेपानी तथा सरसफाई प्राधिकरण गठन तथा सञ्चालन । | नयाँ | संख्या | १ | नगरस्तरीय | २५०० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र २: सुरक्षित सरसफाइ सेवा विस्तार भएको हुनेछ।** | | | | | | |
| २.१ | खानेपानी मुहान/पोखरी तथा धारा सरसफाई | नयाँ | संख्या | १२ | वडास्तरीय | २५०० |
| २.२ | मुहान संरक्षण कार्यक्रम | नयाँ | संख्या | १२ | वडास्तरीय | ३००० |
| २.३ | सरसफाई अभियान | नयाँ | संख्या | १२ | वडास्तरीय | ४००० |
| २.७ | सार्वजनिक शौचालय निर्माण | नयाँ | संख्या | १५ | वडाहरु... | ७००० |
| २.८ | सार्वजनिक शौचालय सञ्चालन व्यवस्थापन | नयाँ | वर्ष | ५ | वडास्तरीय | ४५०० |
| | **जम्मा** | | | | | ४४५००० |

## ६.४ महिला, बालबालिका तथा लक्षित वर्ग र सामाजिक सुरक्षा

### ६.४.१ सम्भावना तथा अवसर

- लक्षित बर्गमैत्री बजेट विनियोजन हुनु ।
- अपांगता, ज्येष्ठ नागरिक, बालबालिका सम्बन्धी कार्यविधि निर्माण भई कार्यन्वयनमा रहनु ।
- दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न महिलालाई सिपमुलक र व्यावसायिक सिप वृद्धि सम्बन्धि प्रशिक्षण प्रदान गर्ने गरिएको ।
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान र सीपलाई पुस्तान्तरण गर्न विशेष कार्यक्रम थालनी हुनु ।

### ६.४.२ समस्या तथा चुनौती

| समस्या | कारण | समाधानका उपाय |
|---|---|---|
| लक्षित वर्गको कार्यक्रम नगरपालिकाको मुख्य प्राथमिकतामा नपर्नु | • भौतिक पूर्वाधर निर्माण गर्दा जस्तो प्रत्यक्ष देखिने काम नहुनु ।<br>• नगरपालिकाको आन्तरिक स्रोत कम हुनु ।<br>• पर्याप्त नीतिहरु नहुनु तथा मौजुदा नीतिहरुको परिमार्जन नहुनु । | • भौतिक पूर्वाधर निर्माणमा जस्तै लगानी बढाउने ।<br>• नगरपालिकाको आन्तरिक स्रोत वढनउने र स्रोत साधनको न्यायोचित वितरण गर्ने नीति लिने ।<br>• पर्याप्त नीतिहरु तर्जुमा गर्ने तथा मौजुदा नीतिहरुको परिमार्जन गर्ने । |
| लैङ्गिक हिंसा र सामाजिक विभेद कायम रहनु । | • जनचेतनामा कमी र प्रविधिको दुरुपयोग बढ्नु ।<br>• हिंसाको स्वरुपमा परिवर्तन हुनु ।<br>• वसाइसराई र पारिवारिक विखण्डन । | • हिंसा न्यूनिकरण सम्बन्धि सरोकारवालालाई तालिम, सचेतना गोष्ठी सञ्चालन गर्ने ।<br>• कानुनको कार्यान्वयन गर्ने ।<br>• न्यायिक समितिलाई सक्रिय गराउने । |
| टुहुरा तथा अनाथ बालबालिका र ज्येष्ठ नागरिकको उचित हेरचाह हुन नसक्नु । | • यस्ता वर्गको एकीन विवरण प्राप्त नहुनु ।<br>• पारिवारिक जिम्मेवारी बोधमा कमी हुनु । | • बर्गिकृत तथा खण्डीकृत तथ्यांक संकलन तथा अद्यावधिक गर्ने ।<br>• बृद्धाश्रम, दिवा स्याहार केन्द्र, बालसुधार केन्द्र जस्ता केन्द्रहरू सञ्चालन गर्ने ।<br>• सामाजिक सुरक्षा लाभग्राहीकै हातमा पुग्ने व्यवस्था गर्ने । |
| अपाङ्गता भएका | • अपाङ्गता भएका व्यक्तिहरुले आवाज | • अपाङ्गता भएका व्यक्तिको व्यक्तिगत |

| ६.४.२ समस्या तथा चुनौती | | |
|---|---|---|
| **समस्या** | **कारण** | **समाधानका उपाय** |
| व्यक्तिको उचित व्यवस्थापन गर्न नसक्नु । | उठाउन सक्ने क्षमता नहुनु ।<br>• नगरपालिकाको प्राथमिकतामा नपर्नु ।<br>• एकीन विवरण प्राप्त नहुनु । | विवरण वार्षिक अद्यावधिक गर्ने ।<br>• सिप विकास र आयआर्जन सम्बन्धि नियमित तालिम दिने । |

## ६.४.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्यः** स्थानीय सार्वजनिक सेवामा लक्षित वर्गको पहुँच वृद्धि गर्ने ।

**उद्देश्यः** सिप विकास र आयआर्जन मार्फत लक्षित बर्गको जिवनस्तरमा सुधार ल्याउनु ।

**रणनीति तथा कार्यनीतिः**

**रणनीति १ः** दलित, महिला, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकप्रति हुने हिंसा न्यूनीकरण गर्ने ।

**कार्यनीतिः**

१) लैगिंक समानता तथा सामाजिक समावेशकिरण नीति तर्जुमा गरी लागु गरिनेछ ।
२) नगरपालिकाको नीति निर्माण प्रक्रियामा महिला, बालबालिका र विपन्न वर्गको सहभागिता गरिनेछ ।
३) एकल र विधुवा महिला कानूनी व्यवस्था सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
४) महिला र विपन्न उद्यमीको लागि व्यवसायमूलक, रोजगारमूलक र नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ ।
५) अनाथ, असहाय, हिंसा पीडित, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ ।

**रणनीति २ः** ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको उपयोग गर्ने ।

**कार्यनीतिः**

१. ज्येष्ठ नागरिकको अभिलेख अध्यावधीक गरी उनीहरूमा भएको ज्ञान, सीप र अनुभवको उपयोग गरिनेछ ।
२. ज्येष्ठ नागरिकलाई सम्मान स्वरूप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।
३. ज्येष्ठ नागरिकले समाज र नगरपालिकामा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिनेछ ।
४. ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना र संचालन गरिनेछ ।

**रणनीति ३ः** अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने ।

**कार्यनीतिः**

१) भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।
२) शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।
३) अपाङ्गता भएका व्यक्तिहरूलाई सीपमूलक तालिम प्रदान गरी सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसरमा वृद्धि गरिनेछ ।
४) अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभेद र हिंसा न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति ४ः** दलित, विपन्न र लक्षित वर्गको सशक्तिकरण गर्ने ।

**कार्यनीतिः**

१. दलित, विपन्न र लक्षित वर्गको सशक्तिकरणको लागि कानून निर्माण गरिनेछ ।

२. शिक्षा, स्वास्थ्य लगायत नगरपालिकाले दिने सेवा सुविधामा दलित र विपन्न वर्ग, सीमान्तकृत वर्गलाई सहुलियत प्रदान गरिनेछ ।
३. दलित, विपन्न र सीमान्तकृत वर्गलाई स्वरोजगारमूलक र सीप विकास सम्बन्धि तालिम प्रदान गरिनेछ ।

## ६.४.४ नतिजा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०८०/८१) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| **उद्देश्यः** सिप विकास र आयआर्जन मार्फत लक्षित बर्गको जिवनस्तरमा सुधार ल्याउनु । | | | | | |
| १ | महिला, ज्येष्ठ नागरिक, विपन्न, दलित र अपाङ्गता भएका व्यक्तिहरू. प्रति हुने हिंसा र विभेद न्यूनीकरण भएको हुनेछ। | महिला, बालबालिका, ज्येष्ठ नागरिक, विपन्न, दलित र अपाङ्गता भएका व्यक्तिहरूको प्रोफाइल | संख्या | - | १ |
| | | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति | संख्या | - | १ |
| | | लैङ्गिक हिंसा निवारण कोष | संख्या | - | १ |
| | | द्वन्द्व र हिंसा पीडितहरूको लागि संरक्षण केन्द्र | संख्या | - | १ |
| | | अपाङ्गमैत्री पुर्नस्थापना केन्द्र | संख्या | - | १ |
| २ | महिला तथा लक्षित वर्गको आयआर्जन वृद्धि भएको हुनेछ । | व्यवसायिक सिपमूलक तालिम प्राप्त गर्ने महिला | संख्या | - | ५०० |
| | | व्यवसायिक सिप प्राप्त गर्ने दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति र एकल महिला | संख्या | १५ | १०० |
| | | सहुलियतपूर्ण विउ पुँजी प्राप्त गर्ने महिला, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति र एकल महिला | संख्या | - | ८५ |
| | | स्वरोजगार हुने महिला, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति र एकल महिला | संख्या | - | १०० |
| | | रोजगारी सृजना गर्ने महिला उद्यमी | संख्या | - | ६५ |
| | | आफ्नो नाममा घर/जमिन हुने महिला | प्रतिशत | ७.४ | १५ |
| ३ | दलित, महिला,अपाङ्गता | बालमैत्री स्थानीय शासन अवलम्वन | वडा | - | १२ |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०८०/८१) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | भएका बालबालिका तथा विपन्न वर्गको क्षमता विकास भएको हुनेछ । | बाल क्लवमा संगठित बालबालिका | संख्या | - | २००० |
| | | बाल क्लव गठन | संख्या | - | ३८ |
| | | विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति वा निजका बालबालिकालाई छात्रवृतिको व्यवस्था | संख्या | - | सबै |
| | | बहिरा बालबालिकाको लागि दोभाषे शिक्षकको व्यवस्था | संख्या | - | ५ |
| | | दृष्टिविहीन बालबालिकाको लागि ब्रेललिपिमा पढाउने शिक्षकको व्यवस्था | संख्या | - | ५ |

## ६.४.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १ःमहिला, ज्येष्ठ नागरिक, विपन्न, दलित र अपाङ्गता भएका व्यक्तिहरूप्रति हुने हिंसा र विभेद न्यूनीकरण भएको हुनेछ ।** | | | | | | |
| १.१ | लक्षित वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, विपन्न, दलित र अपाङ्गता भएका) प्रोफाइल निर्माण | नयाँ | पटक | १ | नगरस्तरीय | ५०० |
| १.२ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा | नयाँ | संख्या | १ | नगरस्तरीय | ५०० |
| १.३ | लैङ्गिक हिंसा निवारण कोष | नयाँ | संख्या | १ | नगरस्तरीय | ५००० |
| १.४ | अपाङ्गतामैत्री पूर्नस्थापना केन्द्र निर्माण | नयाँ | संख्या | २ | नगरस्तरीय | १०००० |
| १.५ | अपाङ्गता भएका व्यक्तिहरुको लागि सशक्तिकरण कार्यक्रम | क्रमागत | संख्या | ५ | वडास्तर | २००० |
| १.६ | एकल महिला सम्बन्धि कानुनी सचेतना कार्यक्रम | नयाँ | संख्या | १२ | वडामा | १२०० |
| १.७ | अपाङ्गमैत्री उद्यान निर्माण | नयाँ | संख्या | १ | नगरस्तरीय | १००० |
| १.८ | बाल सुधार गृह निर्माण | नयाँ | संख्या | १ | नगरस्तरीय | ६००० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| १.९ | मानव बेचविखन तथा ओसारप्रसार विरुद्ध अभियान | नयाँ | पटक | १२ | वडास्तर | ८०० |
| १.१० | जेष्ठ नागिरकको ज्ञान, सिप र बौद्धिकता सम्बन्धी अनुभवलाई नवपुस्तामा हस्तान्तरण कार्यक्रम | नयाँ | संख्या | नियमित | वडामा | ५४०० |
| १.११ | जेष्ठ नागरिक सत्संग तथा भजन कृतन केन्द्र निर्माण तथा संचालन | नयाँ | संख्या | २ | वडास्तर | ८००० |
| १.१२ | जेष्ठ नागरिक मिलन केन्द्र निर्माण तथा संचालन | नयाँ | संख्या | १२ | वडास्तर | ५००० |
| १.१३ | सेफहाउस/मनोविमर्स केन्द्र संचालन | नयाँ | संख्या | १ | नगरस्तर | ३००० |
| **नतिजा क्षेत्र २:** महिला तथा लक्षित वर्गको आयआर्जन वृद्धि भएको हुनेछ । | | | | | | |
| २.१ | महिला नेतृत्व विकास कार्यक्रम | नयाँ | संख्या | १२ | वडास्तरीय | १२०० |
| २.२ | महिलाको लागि व्यवसायिक सिपमूलक तालिम सञ्चालन | नयाँ | तालिम संख्या | ५ | नगरस्तरीय | २५०० |
| २.३ | दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति र एकल महिलाको लागि व्यवसायिक सिपमूलक तालिम सञ्चालन | नयाँ | तालिम संख्या | २४ | वडास्तरीय | ४८०० |
| २.४ | अपाङ्गता भएका व्यक्तिहरूलाई सीपमूलक तालिम/शिक्षा कार्यक्रम | नयाँ | संख्या/ जना | १०० | नगरस्तर | १७०० |
| २.५ | दलित, विपन्न र सीमान्तकृत वर्गलाई स्वरोजगारमूलक र सीप विकास तालिम | नयाँ | संख्या/ जना | ३०० | नगरस्तर | १८०० |
| २.६ | महिला, दलित, विपन्न, अपाङ्गता भएका र एकल महिलाको लागि सहुलियतपूर्ण व्यावसायिक विउ पुंजी कोष | नयाँ | संख्या | १ | नगरस्तर | ५००० |
| २.७ | एक घर एक गृहणी स्वरोजगार कार्यक्रम | नयाँ | संख्या | १२ | वडास्तर | ४००० |
| **नतिजा क्षेत्र ३: बालबालिकाको क्षमता विकास भएको हुनेछ** | | | | | | |
| ३.१ | बालक्लब/संजालगठन तथा क्षमता विकास कार्यक्रम | नयाँ | संख्या | १० | नगर र वडास्तर | २५०० |
| ३.२ | किशोर किशोरीहरुका लागि बालहिंसा, बालविवाह, शारिरीक विकास,आत्महत्या र प्रजनन स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम | नयाँ /क्रमागत | संख्या | ५ | नगर र वडास्तर | २५०० |
| ३.३ | बहिरा बालबालिकाको लागि दोभाषे शिक्षकको व्यवस्था | नयाँ | संख्या | १ | नगरस्तर | ८०० |
| ३.४ | दृष्टिविहिन वालबालिकाका लागि ब्रेललिपि द्धारा | नयाँ | संख्या | १ | नगरस्तर | २५०० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | शिक्षा | | | | | |
| ३.५ | विपन्न, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति वा निजका बालबालिका लाई छात्रवृति कार्यक्रम | नयाँ | संख्या | १२ | नगरस्तरीय | ५०० |
| ३.६ | बालमैत्री स्थानीय शासन अवलम्वनर घोषणा कार्यक्रम | नयाँ | संख्या | १२ | वडास्तरीय | १०००० |
| | **जम्मा बजेट** | | | | | ८८२०० |

## ६.५ युवा तथा खेलकुद

### ६.५.१ सम्भावना तथा अवसर

- युवा जनशक्ति ठूलो संख्यामा हुनु ।
- नगरस्तरीय खेलमैदान निर्माण प्रारम्भ हुनु ।
- खेल प्रति युवाहरुको आकर्षण देखिनु ।

### ६.५.२ समस्या तथा चुनौती

| समस्या | कारण | समाधानका उपाय |
|---|---|---|
| रोजगारको लागि विदेश जाने युवाको संख्या वढ्दै जानु । | • गाउँमा रोजगारीको अवसर नहुनु ।<br>• युवालाई उद्यमशिलतामा जोड्न नसक्नु<br>• युवा जनशक्तिमा विदेशी रहनसहनको देखासिखी गर्ने बानी विकास हुनु ।<br>• युवासँग व्यवसायिक पुँजी अभाव हुनु । | • युवाहरुका व्यवसायिक विकास र खेल दक्षता वृद्धिका लागि नगरस्तरीय युवा परिषद् गठन गर्ने ।<br>• युवा रोजगारीको क्षेत्र पहिचान गर्ने<br>• युवा लक्षित खेलकुद तालिम सञ्चालन गर्ने<br>• समय सापेक्ष आयमूलक उद्यम तालिम सञ्चालन गर्ने |
| खेलकूदको समूचित विकास नहुनु । | • नगरपालिकामा स्तरीय व्यवस्थित खेलमैदान नहुनु ।<br>• खेलाडीलाई प्रतिष्पर्धी बनाउन प्रशिक्षणको व्यवस्था नहुनु ।<br>• अलग अलग विदाका खेलकूद प्रतियोगिताहरुको आयोजना गर्न नसक्नु नहुनु | • नगरपालिकामा स्तरीय व्यवस्थित खेलमैदानको निर्माण गर्ने ।<br>• खेलकूद बजेटको व्यवस्था गर्ने।<br>• खेलकुद विद्यालय, व्यायामशाला र प्रशिक्षण गर्ने । |

### ६.५.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य:** युवा जनशक्तिलाई सामाजिक तथा आर्थिक विकासमा समावेश गराउनु ।

**उद्देश्य:**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्वी बनाउनु ।

२. युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।

**रणनीति तथाकार्यनीति:**

**रणनीति १:** युवालाई उद्यमशील, स्वरोजगार र स्वावलम्वी वन्न प्रेरित गर्ने ।

**कार्यनीति:**

१) युवालाई उद्यमशिल, व्यवसायी र स्वावलम्वी वनाउन प्राविधिक र वित्तीय सेवा उपलब्ध गरिनेछ ।

२) स्वरोजगार कार्यक्रमका लागि विकास निर्माणका काममा युवा परिचालन गरिनेछ ।

४) उद्यमीहरूको उत्पादनलाई बजार व्यवस्थापन कार्यमा सहयोग पुग्नेगरी व्यवसायिक र प्राविधिक ज्ञान प्रदान गरिनेछ ।

५) रिटर्नी युवाको ज्ञान, सीप, दक्षता, प्रविधि र अनुभवलाई स्थानीय उत्पादनका क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।

**रणनीति २:** खेलकुदको विकासको पूर्वाधार निर्माण र युवा खेलाडीको क्षमता विकास गर्ने ।

**कार्यनीति:**

१) सुविधा सम्पन्न वहुउद्देश्यीय खेलकुद मैदान, कभर्डहल निर्माण गरिनेछ ।

२) सार्वजनिक, निजी र सामुदायिक साझेदारीमा आधुनिक खेलकुद र सोको पूर्वाधार निर्माण गरिनेछ ।

## ६.५.४ नतिजा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्वी बनाउनु ।** | | | | | |
| १ | युवाहरुले उद्यम व्यवसाय संचालन गरेका हुनेछन्। | युवाहरुको उद्यम व्यवसाय सम्बन्धि कानुन निर्माण गर्ने | संख्या | - | १ |
| | | उद्यम, व्यवसाय संचालन सम्बन्धी सिप प्राप्त युवा | संख्या | - | ३०० |
| | | युवा उद्यमीले संचालन गरेका उद्यम व्यवसाय | संख्या | - | ५० |
| | | स्थानीय स्तरमा रोजगार हुने युवा | संख्या | | १५०० |
| | | उत्पादन कार्यमा संलग्न युवा | संख्या | | २०० |
| | | बजारीकरणमा संलग्न युवा | संख्या | | ५० |
| **उद्देश्य २: युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।** | | | | | |
| २ | स्थानीय स्तरमा खेलकूदको विकास भएको हुनेछ | नगर युवा परिषद् गठन कार्यविधि तर्जुमा | संख्या | - | १ |
| | | सुबिधा सम्पन्न खेलमैदान | संख्या | - | १ |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | | निर्माण | | | |
| | | आधारभुत खेलकूद मैदान | संख्या | - | १२ |
| | | कभर्डहल निर्माण | संख्या | - | १ |
| | | नगरस्तरीय खेलकूद प्रतियोगिता | संख्या | - | ५ |
| | | स्थानीय खेलकूद प्रतियोगिता | संख्या | - | १५ |

## ६.५.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १: युवाहरुले उद्यम व्यवसाय संचालन गरेका हुनेछन् ।** | | | | | | |
| १.१ | नगर युवा परिषद् गठन | नयाँ | वटा | १ | नगरपालिका | ५०० |
| १.२ | नमुना युवा नगर सभा सञ्चालन | नयाँ | पटक | १ | नगरस्तरीय | ५०० |
| १.३ | युवा सिप विकास कार्यक्रम | नयाँ | संख्या | १० | नगरस्तरीय | ५००० |
| १.४ | रोजगार/स्वरोजगार प्राविधिक र वित्तीय सेवा कार्यक्रम | नयाँ | संख्या | ५ | नगरस्तरीय | १५००० |
| १.५ | युवा उद्यमी विकास कार्यक्रम | नयाँ | संख्या | ५ | नगरस्तरीय | १४००० |
| १.६ | युवा दुव्यसनी सुधार केन्द्र | नयाँ | संख्या | १ | नगरस्तरीय | १००० |
| **नतिजा क्षेत्र २: स्थानीय स्तरमा खेलकूदको विकास भएको हुनेछ।** | | | | | | |
| २.१ | खेलकूद नीति तयारी | नयाँ | संख्या | १ | नगरस्तरीय | ५०० |
| २.२ | नगरस्तरीय खेलकूद रंगशाला निर्माण | नयाँ | संख्या | १ | नगरस्तरीय | १२००० |
| २.३ | सहासिक खेल पूर्वाधार विकास कार्यक्रम | नयाँ | संख्या | ५ | वडा/नगरस्तरीय | १०००० |
| २.४ | स्काउट गठन | नयाँ | संख्या | १३ | नगरस्तरीय | ३०० |
| २.५ | नगरस्तरीय राष्ट्रपित रनिङ शिल्ड प्रतियोगिता | क्रमागत | पटक | ५ | नगरस्तरीय | ८०० |
| २.६ | वडास्तरीय खेलकुद मैदान निर्माण | नयाँ | | १२ | वडास्तरीय | ६००० |
| २.७ | मेयर कप भलिबल | क्रमागत | पटक | ५ | नगरस्तरीय | १००० |
| २.८ | नगरस्तरीय खेलकुद प्रतियोगिता | नयाँ | | ५ | नगरस्तरीय | ३००० |
| २.९ | वडास्तरीय खेलकुद प्रतियोगिता | नयाँ | पटक | ६० | वडास्तरीय | ६००० |
| २.१० | खेलाडीको प्रशिक्षण तथा सम्मान | नयाँ | पटक | ५ | नगरस्तरीय | २५०० |
| | **जम्मा** | | | | | **७७६००** |

# परिच्छेद ७

# पूर्वाधार विकास

## ७.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ७.१.१ सम्भावना र अवसर

- भवन निर्माण मापदण्ड तर्जुमा गरि कार्यान्वियनमा आएको ।
- प्रशासनिक भवन, अस्पताल, स्वास्थ्य चौकी, अधिकांश वडा कार्यालय भवन निर्माण भएको ।
- एकीकृत नमुना वस्ती विकासको कार्यक्रम थालनी हुनु ।

### ७.१.२ समस्या तथा चुनौती

| समस्या र चुनौती | कारण | समाधानका उपाहरु |
|---|---|---|
| आवास, भवन तथा वस्ती विपद् उत्थानसील नहुनु। | • एकीकृत वस्ती विकास अवधारणको थालनी नै नहुनु,<br>• भुकम्प प्रतिरोधी प्रविधि र स्वीकृत भवन निर्माण मापदण्ड अनुसार निर्माण कार्य नहुनु,<br>• ढल निकासको व्यवस्था नहुन,<br>• दमकल सेवा नहुनु,<br>• ल्याण्ड पुलिङ्गको कार्यकम सुरु नहुनु । | • भुकम्प प्रतिरोधी प्रविधि र भवन निर्माण मापदण्ड कडाइका साथ लागु गर्ने।<br>• ढल निकासको उचित व्यवस्थापन गर्ने,<br>• छिमेकी स्थानीय तहहरुसँको साझेदारीमा दमकल सेवा सुरु गर्ने।<br>• ल्याण्ड पुलिङ्ग तथा एकीकृत वस्ती विकास कार्यक्रम लागु गर्ने। |
| नगरपालिका गठन हुनु पूर्व निर्माण भएका निजी तथा सार्वजनिक भवनहरुको नक्सा पास नहुनु। | • वि.स.२०७४ अधि निर्माण भएका भवनहरूको अभिलेखीकरण नगरिनु। | • वि.स.२०७४ अधि निर्माण भएका भवनहरूको अभिलेखीकरण गर्न अभियान संचालन गर्ने। |
| मापदण्ड विपरित भवन निर्माण हुनु । | • सूचनाको अभाव, मापदण्ड कडाइका साथ लागू नगरिनु। | • सेवाग्राहीलाई प्रयाप्त सूचना तथा जानकारी प्रवाह गर्ने र भवन निर्माण मापदण्ड विपरित बनेका संचनाहरु भत्काउने र जरिवाना गर्ने। |
| सार्वजनिक निर्माण सम्बन्धि मापदण्ड, कानुन, कार्यविधि नहुनु । | • सार्वजनिक निर्माण सम्बन्धि मापदण्ड, कानुन, कार्यविधि वनाउन ध्यान नपुग्नु । | • सार्वजनिक निर्माण सम्बन्धि मापदण्ड, कानुन, कार्यविधि वनाई लागु गर्ने । |
| • सार्वजनिक भवन अपाङ्गमैत्री नहुनु | • सार्वजनिक भवन निर्माण मापदण्ड पूर्णरुपमा कार्यान्वयन नगर्नु। | • सार्वजनिक भवन निर्माण मापदण्ड पूर्णरुपमा कडाईका साथ लागु गर्ने। |

### ७.१.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्यः** नगर क्षेत्रका वस्तीहरू उत्थानशिल, बलियो र व्यवस्थित हुने ।

**उद्देश्यः** नगर क्षेत्रका भौतिक संरचनाहरू राष्ट्रिय भवन संहिता र प्राविधिक मापदण्ड अनुरूप निर्माण गर्नु ।

**रणनीति तथा कार्यनीतिः**

**रणनीति १ः** आवास, भवन र बस्ति सुरक्षित र सुन्दर वनाउने ।

**कार्यनीतिः**

१) जग्गा बर्गिकरण २०७९ अनुसार भू-उपयोग क्षेत्रहरुको नक्सांकन गरिनेछ।
२) विजुली तथा केबलका तारहरू व्यवस्थित गरिनेछ ।
३) सार्वजनिक उद्यान निर्माण गरिनेछ ।
४) बजार क्षेत्रका सडकहरूमा ढल निकासको व्यवस्था गरिनेछ ।
५) बजार क्षेत्रमा सडकपेटी निर्माण गरिनेछ ।

**रणनीति २ः** स्वीकृत मापदण्ड अनुरुपका भवन बनाउने ।

**कार्यनीतिः**

१. बिक्रम सम्बत २०७४ अघि निर्माण भएका भवनहरुको अभिलेखीकरण गरिनेछ|
२. भवन आचार संहिता पालना गरी आवास भवन निर्माण गर्ने व्यवस्था गरिनेछ।
३. सबै निजि तथा सार्बजनिक भवनहरु नक्सा पास मापदण्ड भित्र ल्याइनेछ ।

## ७.१.४ नतिजा सूचक

| क्र. सं. | नतिजा/ नतिजाहरू | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| **उद्देश्यः नगर क्षेत्रका भौतिक संरचनाहरू राष्ट्रिय भवन संहिता र प्राविधिक मापदण्ड अनुरूप निर्माण हुने ।** | | | | | |
| १ | आवास, भवन तथा वस्ती व्यवस्थित एवम् सुरक्षित भएको हुनेछ । | जग्गा बर्गिकरण ऐन, २०७९ अनुसार भू-उपयोग क्षेत्रहरुको नक्सांकन | क्षेत्र संख्या | - | ११ (औधोगिक क्षेत्र, कृषि क्षेत्र, व्यवसायिक क्षेत्र, आवास क्षेत्र, बन क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र, खानी तथा खनिज क्षेत्र, नदी खोला ताल सिमसार क्षेत्र आदि) |
| | | वि. सं २०७४ अघि निर्माण भएका घरहरूको अभिलेखीकरण | संख्या | २८ | ६००० |
| | | एकिकृत वस्ती विकास कार्यक्रम | संख्या | - | १२(सबै वडा) |
| | | विद्यालय भवन निर्माण | संख्या | | ३ |
| | | वडा कार्यालय भवन निर्माण | संख्या | ९ | १२ |
| | | सार्वजनिक भवन मर्मत तथा नयाँ | संख्या | - | ६ |

| क्र. सं. | नतिजा/ नतिजाहरू | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | | निर्माण | | | |
| | | निजी तथा सार्वजनिक भवनहरुको नक्सा पास | संख्या | ८३४ | २५०० |
| | | पन्ध्र शैयाको अस्पताल निर्माण सम्पन्न | संख्या | - | १ |

## ७.१.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १: आवास, भवन तथा वस्ती व्यवस्थित एवम् सुरक्षित भएको हुनेछ ।** | | | | | | |
| १.१ | जग्गा बर्गिकरण ऐन, २०७९ अनुसार भू-उपयोग क्षेत्रहरुको नक्सांकन | नयाँ | क्षेत्र संख्या | ११ | नगरस्तीय | २००० |
| १.२ | एकीकृत बस्ती विकासको DPR तयारी | नयाँ | संख्या | १२ | नगरस्तीय | ५००० |
| १.३ | एकीकृत बस्तीमा विधुत, खानेपानी, ढल निकास सेवा वितरण | नयाँ | वस्ती संख्या | २ | नगरस्तीय | ५००० |
| १.४ | विद्यालय भवन निर्माण | नयाँ | संख्या | ३ | नगरस्तीय | १०००० |
| १.५ | सार्वजनिक भवन मर्मत तथा नयाँ निर्माण | नयाँ | - | ६ | नगरस्तीय | ६००० |
| १.६ | विपन्न आवास कार्यक्रम (दलित, विपन्न र आवास विहिनका लागि नमुना वस्ती निर्माण) | नयाँ | घर संख्या | ३० | वडा नं १० तिनधारा | १५००० |
| १.७ | वडा कार्यालयको भवन निर्माण | नयाँ | संख्या | ४ | वडा नं ८, ९, १०,१२ | (बजेट संस्थागत शीर्षकमा राखिएको) |
| १.८ | निजी तथा सार्वजनिक भवनहरुको नक्सा पास | नियमित कार्य | संख्या | ८३४ | २५०० | |
| १.९ | पन्ध्र शैयाको अस्पताल निर्माण | नयाँ | संख्या | १ | नगर | बजेट स्वास्थ्य क्षेत्रमा राखिएको |
| | **जम्मा** | | | | | ४३००० |

## ७.२ सडक, पुल तथा यातायात

### ७.२.१ सम्भावनातथा अवसर

- नगरपालिकाको पूर्वाधार विकास ऐन तथा नगर यातायात गुरु योजना तयार भएको,

- काठमाडौं उपत्यकाबाट नजिक रहेको,
- भौगोलिक रूपमा मध्यम स्तरीय पहाडी धरातल कलात्मक फाँट/चौरहरू., आकर्षक डाँडा काँडा रहेको हुँदा मानव बसोवास र पर्यटन पूर्वाधारका लागि उपयुक्त रहेको,
- नगरपालिका क्षेत्रमा १५ कि.मी रणनैतिक सडक र ६७ कि.मि. जिल्ला/प्रदेशस्तरका सडक रहेका,
- नगरपालिकाका सबै वडा केन्द्रमा सडक संजालले समेटेको,
- सडक पुल र झोलुङ्गे पुल गरी यस नगर क्षेत्रमा १५ वटा पुलहरू रहेको ।

### ७.२.२ समस्या तथा चुनौती

| समस्या र चुनौती | कारण | समाधानका उपाहरु |
|---|---|---|
| • मापदण्ड बमोजिम सडक विस्तार गर्न नसकिएको | • मुआव्जा विना नागरिकले जग्गा दिन आनाकानी गरेको ।<br>• आयोजना निर्माण सम्पन्नमा ढिलाई हुनु ।<br>• नियमित र आवधिक सडक मर्मत संहार सम्बन्धी व्यवस्था नहुनु ।<br>• सडक मापदण्ड बमोजिम सडक अधिकार क्षेत्र कायम गर्न नसक्नु | • लगत कट्टा गर्ने, सडक सीमाङ्कन गरिदिने, क्षतिपूर्तिका लागि प्रदेश तथा सङ्घीय सरकारसँग पहल गर्ने ।<br>• योजनाको डिजाईन र मापदण्डमा सुधार गरी लागु गर्ने ।<br>• नगर यातायात गुरु योजना पुनरावलोकन गर्ने ।<br>• मर्मत सम्भार कोष खडा गर्ने । |
| • सडकको स्तरोन्नति नहुनु | • स्रोतको अपर्याप्तता हुनु ।<br>• सडक यातायात गुरु योजना कार्यान्वयनमा ल्याउन नसकिनु ।<br>• जनसहभागिता नजुट्नु। | • प्रदेश र सङ्घीय सरकारसँग प्रभावकारी समन्वय गर्ने तथा बजेट व्यवस्थापनको लागि पहल गर्ने ।<br>• सडक यातायात गुरु योजना कार्यान्वयन गर्ने ।<br>• पब्लिक प्राईभेट पार्टनरसिप मोडेल लागु गर्ने । |

### ७.२.३ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य:** सुरक्षित र भरपर्दो यातायात पूर्वाधार विकास गर्ने ।

**उद्देश्य:** सुरक्षित सडक पूर्वाधार निर्माण गर्नु ।

**रणनीति तथा कार्यनीति:**

**रणनीति १:** नगरपालिका र सबै वडा केन्द्रलाई भरपर्दो सडक संजालमा जोड्ने ।
**कार्यनीति:**

१. नगर सडक यातायत गुरूयोजना कडाइका साथ लागु गरिनेछ ।
२. नगरका सबै वडा केन्द्र जोड्ने सडक संजाल बार्है महिना सुचारू हुने गरी सुधार गरिनेछ ।
३. निर्माण भएका सडकहरूको प्राथमिकता तोकी स्तरोन्नति गरिनेछ ।

**रणनीति २:** सडक एवम् यातायाका अन्य पूर्वाधार बलियो, टिकाउ एवम् विपद् प्रतिरोधी बनाउने ।

**कार्यनीति:**

४. सडक एवम् सडकका सहायक पूर्वाधारको नियमित मर्मत सम्भार गरिनेछ ।
५. मापदण्ड अनुसरण गरी सडक, पुल, झलुङ्गेपुल, ट्रसब्रिज निर्माण गरिनेछ ।
६. पैदल यात्रुको चापलाई मध्यनजर गरी मापदण्ड अनुसारका सडकपेटी निर्माण गरिने छ ।
७. सडकमा पर्ने ससाना खोला/खोल्साहरूमा स्ल्याव ह्युम पाईप, कल्भर्ट तथा कजवेको व्यवस्था गरिनेछ ।
८. सडकको दिगो विकासका लागी वायो ईन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरिनेछ ।

**रणनीति ३:** सडकका सहायक पूर्वाधार निर्माण गरी आवागमनलाई सुरक्षित बनाउने ।

**कार्यनीति:**

१. सडक लेन संकेत चिन्हहरू मापदण्ड अनुसार राखिनेछ ।
२. प्राथमिकता प्राप्त सडकहरूमा मापदण्ड बमोजिम प्रतिक्षालयको व्यवस्था गरिनेछ ।
३. तोकिएको समय अनुसार सार्वजनिक यातायातका साधन उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

## ७.२.४ नतिजा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | **उद्देश्यः सुरक्षित सडक पूर्वाधार निर्माण गर्नु ।** | | | | |
| १ | नगरपालिकाभित्र सडक तथा सहायक सड्क पूर्वाधार विस्तार भएको हुनेछ । | कालोपत्रे सडक | किमी | ४५ | ९५ |
| | | ग्राभेल सडक | किमी | ३७ | ११२ |
| | | नयाँ ट्र्याक | किमी | - | ५० |
| | | वायो ईन्जिनियरिङ्ग प्रविधिको प्रयोग भएको सडक | किमी | - | १५ |
| | | सड्क पुल | संख्या | ४ | ७ |
| | | झोलुङ्गे पुल | संख्या | १० | १६ |

## ७.२.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान(रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १ः नगरपालिकाभित्र सडक तथासहायक सड्क पूर्वाधार विस्तार भएको हुनेछ** | | | | | | |
| **१** | **सडक कालोपत्रे योजना** | नयाँ | किलोमिटर | ५० | सबै वडा | ७४०००० |
| १.१ | हिगुवापाटी देउपुर नाल्दुम सडक | | | | | |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान(रु ००० मा) |
|---|---|---|---|---|---|---|
| १.२ | फेदी चइण्डेनी छाप सडक | | | | | |
| १.३ | डुम्रीडाँडा सिपाघाट सडक | | | | | |
| १.४ | महादेवस्थान चण्डेनी कोलाचौर सडक | | | | | |
| १.५ | नर्सरी पौवाटार जैमाने सडक | | | | | |
| १.६ | गैह्रिगाउँ ढाँडागाउँ कार्तिके सडक | | | | | |
| १.७ | ट्यांकी डाँडा माने हिले तिरतिरे सडक | | | | | |
| १.८ | गोठ डाँडा खाटेचौर सल्लेवास सडक | | | | | |
| १.९ | गैह्रिविसौना उद्योग ग्राम पौवाटार सडक | | | | | |
| १.१० | कोलाचौर भिमटार सडक | | | | | |
| १.११ | आँपघारी गणेशथुम्की चण्डेनी | | | | | |
| १.१२ | ढाँडागाउँ देवीस्थान १ नं वडा कार्यालय सडक | | | | | |
| १.१३ | फेदी ढाइटार हाँडीखोला पौवाटार सडक | | | | | |
| १.१४ | नर्वन्दा खर्क जितारीपोखरी | | | | | |
| १.१५ | फुलको बोट कालिका स्थान सिमलीपाटी सडक | | | | | |
| १.१६ | धाईटार-सर्वझाङ्ग-नयाँगाउ सडक | | | | | |
| १.१७ | पिपलवोट सर्वझाङ्ग सडक | | | | | |
| १.१८ | जैसीथोक छिनेको पैरो सडक | | | | | |
| १.१९ | हिंगुवापाटी झगरपुर उद्योगग्राम सडक | | | | | |
| **२** | **ग्राभेल सडक योजना** | नयाँ | किलोमिटर | ७५ | सबै वडा | १५९००० |
| २.१ | डाँडा गाउँ जुडीगाउँ ढाइटार सडक | | | | | |
| २.२ | बालुवापाटी रानीवन गिरधरे चुरीथुम्का सडक | | | | | |
| २.३ | ट्यांकी डाँडा घुमाउने चौर | | | | | |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान(रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | सडक | | | | | |
| २.४ | भंगेरी रोहिणी ढुलीचौर सडक | | | | | |
| २.५ | सिमखेत सिंगे चित्ते मेसागाउँ सडक | | | | | |
| २.६ | चैनपुर सालठाटी जैमाने सडक | | | | | |
| २.७ | घुमाउने खानी गाउँ सल्लेवास सडक | | | | | |
| २.८ | ढकालथोक भाँगेटार सडक चुरीथुम्का | | | | | |
| २.९ | तिनकुने ढकालथोक महांकाल सडक | | | | | |
| २.१० | झगरपुर कालिकास्थान सडक | | | | | |
| २.११ | हाँडीखोला सालठाटी सडक | | | | | |
| २.१२ | राम्चे झगरे डाँडा रामपुर सडक | | | | | |
| २.१३ | बयरवोट कुकुरमारे बर्देउ जैमाने सडक | | | | | |
| २.१४ | छाप साल विसौना सडक | | | | | |
| २.१५ | रामपुर ढुलडिही सडक | | | | | |
| २.१६ | रामपुर-झगडेडाँडा सडक | | | | | |
| २.१७ | ईटेंपानी-सालविसौना-कोलाचौर सडक | | | | | |
| २.१८ | ठुल्डी-ईन्द्रावती सडक | | | | | |
| २.१९ | कोइरोविडी-इन्द्रावती सडक | | | | | |
| २.२० | राउते-इन्द्रावती सडक | | | | | |
| २.२१ | रामपुर रिठ्ठेखोला-ठूल्डी सडक | | | | | |
| २.२२ | नगरकोट-भंगेरी-ठकुरीगाऊ-दुइघरे रोहिणी भञ्याङ्ग सडक | | | | | |
| २.२३ | छाप-सालविसौना सडक | | | | | |
| २.२४ | भतेरे-दोबाटो भिमटार सडक | | | | | |
| २.२५ | जुकेपानी-काफलचौर सडक | | | | | |
| २.२६ | वालुवापाटी चित्ते सडक | | | | | |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान(रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **३** | **नयाँ सडक ट्र्याक निर्माण** | क्रमागत | कि.मि. | ५० | नगरस्तरी | ७५००० |
| **३.१** | **तर्किनटार-जैसिथोक-नरवन्दा-रानीटार खर्क-सिउडीटार-ढकालगाउँ – दारिमचौर** | नयाँ | कि.मि. | १० | नगरस्तरी | |
| ४ | **झोलुङ्गे पुल निर्माण** | नयाँ | संख्या | ६ | | प्रदेश सरकारले कार्यान्वयन गर्ने |
| ४.१ | इन्द्रवती झो पु वडा नं ९ | | | | | |
| ४.२ | खर्क झो पु वडा नं ६ | | | | | |
| ४.३ | चाखोला झो पु राम्चे वडा नं ११ | | | | | |
| ४.४ | चुरीथुम्का पञ्चपाले पर्यटकीय झो पु वडा नं १ | | | | | |
| ४.५ | मकैटार झो पु वडा नं. ९ | | | | | |
| ४.६ | तिमल्सिनागाउँ कोटयाङ झो पु वडा नं. ४ | | | | | |
| **५** | **सडक पुल निर्माण** | नयाँ | संख्या | ६ | | प्रदेश सरकारले कार्यान्वयन गर्ने |
| ५.१ | कुकुरमारे | | | | | |
| ५.२ | सिंगे चित्ते | | | | | |
| ५.३ | ह्राङ्हाङ्गे नर्वन्दा | | | | | |
| ५.४ | पचास किलो | | | | | |
| ५.५ | फेदी फलिटवोट | | | | | |
| ५.६ | आँशीखोला | क्रमागत | | | | |
| ६ | **अन्य** | | | | | |
| ६.१ | वायोईन्जिनियरिङ्ग प्रविधिको प्रयोग | नयाँ | किमी | १५ | मुख्य सड़कहरु | ५००० |
| ६.२ | सडक क्षेत्राधिकार जग्गाको अभिलेखीकिरण, स्वामित्व हस्तान्तरण र लगत कट्टा | नयाँ | कित्ता | ५०० | मुख्य सड़कहरु | १००० |
| | **जम्मा** | | | | | **९८००००** |

## ७.३ सिंचाई र विद्युतीकरण

### ७.३.१ सम्भावना र अवसर

- लिफ्टिङ प्रणाली द्धारा सिंचाई सुविधा प्रदान गर्न ईन्द्रावती नदीमा पानीको पर्याप्त स्रोत हुनु।
- सहत संचाई सुविधा उपलब्ध गराउन चाखोला, आसीखोला, ढाडखोला र थारखोला हुनु ।
- चनौटे, सिपाघाट, जोगिटार, ज्याम्दी, चुरीथुम्का, सिङ्गे कल्छे, आँसीखोला फाँट जस्ता उपत्यका र टारहरुमा प्रचुर कृषियोग्य जमिन हुनु ।
- नगरपालिकाका ९८ प्रतिशत घरधुरीहरुमा राष्ट्रिय प्रसारण लाईन मार्फत विद्युतीकरण भएको।

### ७.३.२ समस्या तथा चुनौती

| समस्या र चुनौती | कारण | समाधानका उपाहरु |
| --- | --- | --- |
| • कृषि योग्य जमिनमा पर्याप्त सिंचाई सुविधा नहुनु | • स्रोतको अपर्याप्तता हुनु ।<br>• सिंचाई पूर्वाधार निर्माण गर्न नसक्नु ।<br>• मौजुदा सिंचाई पुर्वाधारको नियमित मर्मत संभार नहुनु ।<br>• किसानद्धारा व्यवस्थित साना सिंचाई योजनाहरुमा जनसहभागिता घट्दै जानु | • प्रदेश र सङ्घीय सरकारसँग प्रभावकारी समन्वय गर्ने तथा बजेट व्यवस्थापनको लागि पहल गन<br>• मर्मत सम्भार कोष खडा गर्ने<br>• जलवायु परिवर्तनका कारण खोलाहरुमा पानीको मात्र घट्दै गएकोले ईन्द्रवती नदिबाट लिफ्ट सिंचाई प्रणाली विकास गर्दै लजाने ।<br>• किसानको लागत सहभागितता सम्बन्धि स्पष्ट नीति वनाई कार्यान्वयन गर्ने ।<br>• पाँचखाल तथा नमोबुद्ध नगरपालिकासंग समन्वय गरी मण्डन-पाँचखाल-कासीखण्ड बृहत लिफ्ट सिंचाई आयोजना सुरु गर्ने । |
| • दिगो र गुणस्तरीय विद्युत आपूर्तिको व्यवस्था नहुनु | • विद्युतका नांगा तार लेमिनेटेड तार द्वारा विस्थापित नगरिनु ।<br>• सब स्ट्यानडर्ड विद्युत पोलहरू विद्यमान हुनु ।<br>• विद्युत मर्मत सम्भार र अन्य विद्युतीय सेवा प्रदान गर्ने कार्यालय नगरभित्र नहुन । | • विद्युतका नांगा तार लेमिनेटेड तार द्वारा विस्थापित गर्ने ।<br>• सब स्ट्यानडर्ड विद्युत पोलहरू स्ट्यानडर्ड पोल द्वारा रिप्लेस गर्ने ।<br>• .नगरका मुख्य सहरी केन्द्रहरुमा सडक वत्ति जडान गर्ने नीति गर्ने ।<br>• विद्युत मर्मत सम्भार र अन्य विद्युतीय सेवा प्रदान गर्ने कार्यालय नगरभित्र स्थापना गर्न पहल गर्ने । |

### ७.३.३ लक्ष्य, उद्देश्य, रणनीति, तथा कार्यनीति

**लक्ष्यः** भरपर्दो सिंचाई र सुरक्षित उर्जाको दिगो आपूर्ति गरी नगरवासीको जीवनयापनमा सुधार गर्ने ।

**उद्देश्यः** खेतीयोग्य जमीनमा सिंचाई सुविधा र भरपर्दो विद्युत आपूर्ति हुने व्यवस्था मिलाउनु ।

**रणनीति तथा कार्यनीतिः**

**रणनीति १:** खेतीयोग्य जमीनमा सिंचाई सुविधा विस्तार गर्ने ।

**कार्यनीति:**

१. स्थानीय नदी, खोला, खोल्सा र पानीका अन्य मुहानहरूको संरक्षण गरिनेछ ।
२. स्थानीय कूलोहरूको संरक्षण तथा मर्मत सम्भार गरी सिचाईको व्यवस्था गरिनेछ ।
३. नयाँ सिचाई योजनाहरू निर्माण गरि सिचाई सेवाको विस्तार गरिनेछ ।
४. सिंचाई व्यवस्थापनमा स्थानीय कृषकहरूको सहभागिता वढाईनेछ ।
५. संचाईको लागि खपत हुने विद्युता सहुलियत प्रदान गर्ने नीति लिईनेछ

**रणनीति २:** नगर क्षेत्रका सबै वडामा दिगो र गुणस्तरीय विद्युत आपूर्तिको व्यवस्था गर्ने ।

**कार्यनीति:**

१.विद्युतका नांगा तार लेमिनेटेड तार द्वारा विस्थापित गरिनेछ ।
२.सब स्ट्यानडर्ड विद्युत पोलहरू स्ट्यानडर्ड पोल द्वारा रिप्लेस गरिनेछ ।
३. नगरका मुख्य सहरी केन्द्रहरुमा सडक वत्ति जडान गर्ने नीति लिईनेछ ।
४. औद्योगिक तथा व्यवसायिक प्रयोजनका लागि छुट्टै फिडरद्धारा विद्युत आपूर्ति गरिनेछ ।

## ७.३.४ नतिजा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | **उद्देश्यः खेतीयोग्य जमीनमा सिंचाई सुविधा र भरपर्दो विद्युत आपूर्ति हुने व्यवस्था मिलाउनु ।** | | | | |
| १ | खेतीयोग्य जमिनमा सिँचाइको सुविधा विस्तार भएको हुनेछ | सिँचित क्षेत्रफल | हेक्टर | १५३२ | ३१४२ |
| २ | विधुत सेवा विस्तार र सुरक्षित भएको हुनेछ। | राष्ट्रीय ग्रिड को विधुत सेवाको उपलब्धता | घरधुरी प्रतिशत | ९८ | १०० |
| | | ट्रान्स्फर्मरको क्षमता वृद्धि भएको हुने | वटा | - | १० |
| | | काठका विद्युत पोलहरू. कङ्क्रीट/मेटल पोलले विस्थापित हुने | पोलसंख्या | - | ५० |
| | | नाङ्गो तार Insulated cable द्वारा विस्थापित हुने | किमी | - | १० |

## ७.३.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्र मागत | एकाइ | परिमाण | वडा नं./स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १ः खेतीयोग्य जमिनमा सिँचाइको सुविधा विस्तार भएको हुनेछ ।** | | | | | | |
| १ | सिँचाइ योजना/सिंचित क्षेत्र | नयाँ/क्र मागत | हेक्टर | १६१० | सबै वडा | २५००० |
| १.१ | चाखोला सिंगे चैनपुर राजकुलो सिँचाइ योजना | | | | | |
| १.२ | चाखोला किर्तेटार सिँचाइ योजना | | | | | |
| १.३ | छेडा राजकुलो सिँचाइ योजना | | | | | |
| १.४ | टटले ढाइटार सिँचाइ योजना | | | | | |
| १.५ | मुहाने ढाइटार सिँचाइ योजना | | | | | |
| १.६ | जुके चाँप खोला सिँचाइ योजना | | | | | |
| १.७ | पिपलवोट अदुवाबारी सिँचाइ योजना | | | | | |
| १.८ | आँशीखोला नाम्जे सर्वझाङ्ग सिँचाइ योजना | | | | | |
| १.९ | आँशीखोला भोर्ले धामीचौर सिँचाइ योजना | | | | | |
| १.१० | आँशीखोला आँपखोला  सिँचाइ योजना | | | | | |
| १.११ | आँशीखोला ढाइटार सिँचाइ योजना | | | | | |
| १.१२ | आँशीखोला भोर्ले घट्टे  झहरे सिँचाइ योजना | | | | | |
| १.१३ | सिस्ने  खोला रहेले सिँचाइ योजना | | | | | |
| १.१४ | आँशीखोला ससे सिँचाइ योजना | | | | | |
| १.१५ | आँशीखोला करुवा भुमेढुंगा ढाइटार सिँचाइ योजना | | | | | |
| १.१६ | भुमे ढुंगा हमालटार ढाइटार सिँचाइ योजना | | | | | |
| १.१७ | मेले अनन्ते डिही सिँचाइ योजना | | | | | |
| १.१८ | सल्लेनीवन कालीमुन्टे किपट भालटार सिँचाइ योजना | | | | | |
| १.१९ | कोईलालेविडी तारीखेत सिंचाई कुलो सिँचाइ योजना | | | | | |
| १.२० | वेतिनी सालविसौना सिंचाइ कुलो सिँचाइ योजना | | | | | |
| १.२१ | बाँध सिंचाइ पोखरी निर्माण सिँचाइ योजना | | | | | |
| १.२२ | कालीकुवा सिंचाइ पोखरी सिँचाइ योजना | | | | | |
| १.२३ | चण्डेनी,कोलाचौर, भतेरे, इटेपानी, वारेपखरी र सुकेपोखरी लगायतका स्थानीय पुराना सार्वजनिक पोखरीहरुको पुन:निर्माण | | | | | |
| १.२४ | सेउरे भालटार सिँचाइ योजना | | | | | |
| १.२५ | चाखोला अनन्त करुवा डिही सिँचाइ योजना | | | | | |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्र मागत | एकाइ | परिमाण | वडा नं./स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| १.२६ | आँशीखोला ठाडो सिम सिँचाइ योजना | | | | | |
| १.२७ | शंकरेबाँध सिँचाइ आयोजना | | | | | |
| १.२८ | बान्द्रे बदारे कुलो सिँचाइ योजना | | | | | |
| १.२९ | गैरीगाँउ शेरा कुलो सिँचाइ योजना | | | | | |
| १.३० | छाप रातमाटे रानिवन सिँचाइ योजना | | | | | |
| १.३१ | घट्टेभिर चित्ते सेसागाँउ सिँचाइ योजना | | | | | |
| १.३२ | सोतीदेवि-गह्राखेत सिँचाइ योजना | | | | | |
| १.३३ | मसाने खोला नाल्दुमखेत सिँचाइ योजना | | | | | |
| १.३४ | साठीकुरीयामा पर्यटकीयस्थल तथा सिँचाई डयामनिर्माण | | | | | |
| १.३५ | चैनपुर माथिल्लोटोल सिँचाइ योजना | | | | | |
| १.३६ | इन्द्रवती लिफ्ट सिँचाइ योजना | | | | | |
| १.३७ | भेडेचौर -वाह्रमुरे सिँचाइ योजना | | | | | |
| १.३८ | तीनकुने सिँचाइ योजना | | | | | |
| १.३९ | गेरुवा लाँकुरेबाँध सिँचाइ योजना | | | | | |
| १.४० | बगर लाकुरे सिँचाइ योजना | | | | | |
| १.४१ | | | | | | |
| **नतीजा क्षेत्र २: विधुतसेवा विस्तार र सुरक्षित भएको हुनेछ।** | | | | | | |
| २.१ | काठे विद्युत पोल विस्थापन गर्ने | नयाँ/ क्रमागत | पोल संख्या | २०० | आवश्यक स्थान | १००० |
| २.२ | Insulated cableद्वारा नाङ्गो विद्युत तार प्रतिस्थापन कार्यक्रम | नयाँ/ क्रमागत | किमी | ५० | आवश्यक स्थान | विद्युत प्राधिकरणले गर्ने |
| २.३ | ट्रान्सफर्मर क्षमता बृद्धि कार्यक्रम | नयाँ/ क्रमागत | वटा | २० | आवश्यक स्थान | विद्युत प्राधिकरणले गर्ने |
| २.४ | उर्जा सुरक्षा तथा प्रयोग सम्बन्धी जनचेतना कार्यक्रम | क्रमागत | संख्या | १२ | वडा सबै | २००० |
| | **जम्मा** | | | | | **२८०००** |

## ७.४ सूचना, सञ्चार तथा प्रविधि

### ७.४.१ सम्भावना र अवसर

- नगरपालिकाको डिजिटल प्रोफाईल तयार भएको ।
- नगरपालिकाको प्रशासनिक भवन, नगरकोट, कुन्ताबेसी चोक, सिपाघाटमा डिजिटल नोटिस बोर्ड (विद्युतीय सूचना पाटी) र सिसिटिभी क्यामेरा जडान भएको ।
- इन्टरनेट सेवाप्रदायकहरू उपलब्धता रहेको ।
- नगरपालिकाको सर्भर, वेबसाइट र मोवाइल एप भएको ।

### ७.४.२ समस्या तथा चुनौती

| समस्या/चुनौती | कारण | समाधानका उपायहरू. |
|---|---|---|
| सूचना तथा संचार प्रविधि सुरक्षित, गुणस्तरीय, भरपर्दो र सर्वसुलभ नहुनु । | • विद्युतीय प्रणालीमा आधारित सेवा उपलब्ध नहुनु ।<br>• अनलाइन माध्यमबाट गुनासो गर्ने, सुनुवाई गर्ने व्यवस्था नहुनु<br>• साइवर परिक्षण (cyber audit) विधि नहुनु<br>• अप्टिकल फाईवर जस्ता सूचना प्रविधि पूर्वाधार नहुनु । | • अप्टिकल फाईवरको विस्तारद्धारा इन्टरनेटको क्षमता वृद्धि गरी सो को प्रयोगमा आम नगरवासीको पहुँच वृद्धि गर्ने ।<br>• डिजिटल नगरपालिकाको अवधारणा विकास गर्ने।<br>• सूचना र संचार तथा यसको डिजिटाइज्ड भर्सन र प्रभाव क्षेत्रका सबै वडा बस्तीमा जानकारी मूलक कार्यक्रम आवधिक रूपमा सञ्चालन गर्ने<br>• डिजिटल साक्षरता वृद्धिका कार्यक्रम संचालन गर्ने । |

### ७.४.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्यः** गुणस्तरीय, सुरक्षित र सर्वसुलभ सूचना तथा संचार प्रविधिको सेवा विस्तार गर्ने ।

**उद्देश्यः** गुणस्तरीय सूचना तथा संचार प्रविधिमा नागरिकको पहुँच बृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीतिः**

**रणनीति १ः** सूचना र संचार प्रविधिको विकास र विस्तार गर्ने ।
**कार्यनीतिः**

१. नगरपालिका भित्रका मुख्य सडक मार्गमा अप्टिकल फाइवर बिछ्याइनेछ।
२. इन्टरनेटको क्षमता वृद्धि गरी सो को प्रयोगमा आम नगरवासीको पहुँच वृद्धि गरिनेछ।
३. प्रत्येक वडा कार्यालयहरुको सूचना नगरपालिकाको सूचना प्रविधि शाखा संग आवद्ध गरिनेछ ।
४. नगरस्तरीय सडकका महत्वपुर्ण स्थानमा सिसिटिभी क्यामेराको व्यवस्था गरिनेछ ।
५. डिजिटल साक्षरता वृद्धि गर्ने नीति लिईनेछ।

**रणनीति २ः** सूचना प्रविधिको गुणस्तर र प्रयोगमा वृद्धि गर्ने ।

**कार्यनीतिः**

१. नगर क्षेत्रभित्रका सार्वजनिक स्थलहरूमा द्रुत गतिको फ्री wifi सेवाको व्यवस्था मिलाईनेछ ।
२. उद्यम व्यवसायलाई सूचना प्रविधिमा आधारित बनाइनेछ ।
३. नागरिकहरुलाई सूचना प्रविधिसंग जोड्न विशेष अभियान संचालन गरिनेछ ।
४. सार्वजनिक सरोकारका विषयमा जानकारी दिन सार्वजनिक स्थलहरूमा डिजिटल सूचना पाटीको राखिनेछ ।
५. आम नगरवासीहरूलाई कम्प्युटर, इमेल, इन्टरनेट सम्बन्धी आधारभूत जानकारी गराउन कार्यक्रम सञ्चालन गरिनेछ ।

## ७.४.४ नतिजा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | **उद्देश्यः गुणस्तरीयसूचनातथा संचारप्रविधिमानागरिकको पहुँच बृद्धि गर्नु।** | | | | |
| १ | सूचना र संचार सेवा वृद्धि भएको हुनेछ । | मुख्य सडक मार्गमा अप्टिकल फाइवर बिछ्याउने | किमी | - | ४० |
| | | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ३५.८ | ८० |
| | | मोबाइल प्रयोगगर्ने जनसंख्या | प्रतिशत | ८९.८९ | १०० |
| | | कम्प्यूटर/ल्यावटप प्रयोगगर्ने जनसंख्या | प्रतिशत | ६.८७ | २५ |
| | | डिजीटल साक्षर वृद्धि गर्ने | प्रतिशत | ० | २५ |

## ७.४.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १: सूचना र संचार सेवावृद्धि भएको हुनेछ** | | | | | | |
| १.१ | मेलम्ची सडक, नगरकोट कुन्ता सडक तथा सिपाघाट कार्तिके सडक, हिगुवापाटी दोलालघाट सडक लगायतका मुख्य मार्गहरुमा अप्टिकल फाइवर विच्छ्याउने | नयाँ | किमी | ४० | मुख्य सड्क आसपास | दूरसंचार प्रधिकरणले गर्ने |
| १.२ | इन्टरनेट सेवा विस्तार कार्यक्रम | नयाँ | | | नगरपालिका क्षेत्र | इन्टरनेट सेवा प्रदायक |
| १.३ | डिजिटल सूचना पाटी तथा सीसी क्यामेरा जडान | नयाँ | स्थान | २५ | वडा कार्यालय र अन्य सार्वजनिक स्थल | २००० |
| १.४ | कम्प्युटर, इमेल, इन्टरनेट सम्बन्धी | नयाँ | संख्या | १० | नगरपालिका | १००० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | अभिमुखिकरण कार्यक्रम | | | | | |
| १.५ | उद्यम व्यवसायमा सूचना प्रविधि कार्यक्रम | नयाँ | संख्या | ५ | नगरपालिका | २५०० |
| | **जम्मा** | | | | | **५५००** |

# परिच्छेद ८
# वन, वातावरण तथा विपद् व्यवस्थापन

## ८.१ वन तथा जैविक विविधता

### ८.१.१ सम्भावना र अवसर

- नगरक्षेत्रको कुल भुभाग मध्ये करिव ४० प्रतिशत वन क्षेत्र हुनु ।
- वन क्षेत्रमा भएका मठ, मन्दिर, गुम्वा जस्ता संरचनाको संरक्षण गर्दै उचित स्थानमा पिकनिक स्पोँट बनाउने, पर्यटक संख्या बृद्धिको सम्भावना रहनु
- जैविक विविधतामा प्रचुरता रहनु ।
- सामुदायिक वनक्षेत्रलाई गैरकाष्ठ वन पैदावार मार्फत आयआर्जन र जिवीकोपार्जनसँग आवद्ध गर्ने सकिने सम्भावना रहनु ।
- कवुलियती वनको प्रयोगद्धारा निम्न आय भएका उपभोक्ताको जिवीकोपार्जनमा सुधार ल्याउने अवस्था हुनु ।

### ८.१.२ समस्या तथा चुनौती

| समस्या | कारण | समाधानका उपाय |
|---|---|---|
| वनलाई आयआर्जनसंग जोड्न नसक्नु । | • वनसंरक्षण र उपभोगमा नीति र कानुनी अष्पष्टता हुनु,<br>• वनक्षेत्र, वन्यजन्तु र बन पैदावर सम्बन्धी एकिन तथ्यांक नहुनु,<br>• वन पैदावारको उपभोगमा आश्रित समुदायको पहुँच कम हुनु<br>• कतिपय सामुदायिक र कवुलियती वन उपभोक्ता समितिहरू. निस्कृय रहनु, | • वनसंरक्षण र उपभोग सम्बन्धी नीति तयार गर्ने,<br>• वनक्षेत्र, वन्यजन्तु र बन पैदावर सम्बन्धी एकिन विवरण तयार तथा अद्यावधिक गर्ने ।<br>• वन पैदावारमा उपभोक्तको पहुँच वढाउने, |
| वन तथा वनजन्य श्रोतको सही परिचालन नहुनु । | • वन्यजन्तु तथा पंक्षिहरू संरक्षण नहुनु,<br>• वन, जैविक विबिधता र तिनको महत्वको बारेमा जनचेतना कमजोर रहनु,<br>• वातावरणीय प्रभाव मूल्याङकन नगरी विकास निर्माणका कार्यसञ्चालन हुनु,<br>• वन संरक्षण सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन नहुनु । | • जङ्गली जनावर तथा पंक्षिहरूको संरक्षण र व्यवस्थापन गर्ने,<br>• वन, जैविक विबिधता र तिनको महत्वको बारेमा जनचेतना जगाउने,<br>• उपयुक्त क्षेत्रमा वृक्षारोपण गर्ने,<br>• वातावरणीय प्रभाव मूल्याङकन नगरी विकास निर्माणका कार्यहरू.सञ्चालन गर्न नदिने । |
| वन डेढेलो र वन क्षेत्रको अतिक्रमण वढ्दै जानु, | • अव्यवस्थित बसोवासीको संख्या अधिक हुनु<br>• वस्ती विस्तार, कृषि भूमिको लागि बनक्षेत्रको उपयोग बढ्दै जानु ।<br>• जलवायु परिवर्तनका कारण | • अव्यवस्थित बसोवासीलाई कानुनी प्रक्रिया बमोजिम एक पटकको लागि जग्गाको स्वामित्व दिने।<br>• बनजंगलमा हुने जथाभावी चोरी सिकार रोक्ने कडा नीति अवलम्वन गर्ने । |

| ८.१.२ समस्या तथा चुनौती | | |
|---|---|---|
| **समस्या** | **कारण** | **समाधानका उपाय** |
| | सुख्खापना वढ्दै जानु । <br>• जथाभावी चोरी निकासीका लागि जंगलमा आगो लगाउने कार्य हुनु। | • सामुदायिक वनमा वन डढेलो नियन्त्रण गर्ने अग्नी रेखा निर्माण तथा रिचार्ज पोखरी बनाउने। |
| जङ्गली जनावरको आतंक बढ्दै जानु, | • वनजंगलमा आहारा र खानेपानीको अभाव हुनु <br>• बन्यजन्तुको खाद्य श्रृखलामा ह्रास आउनु । | • वनक्षेत्रमा बन्यजन्तुको आहाराको लागि सोहि बमोजिमको बृक्षारोपण गर्ने । <br>• जगलभित्रै खानेपानीको व्यवस्थापनको लागि पोखरी खन्ने। <br>• बन्यजन्तु र मानव द्धन्द कम गर्ने उचित कानुनी प्रवन्ध गर्ने । |

## ८.१.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य: दिगो र बैज्ञानिक वन व्यवस्थापन मार्फत नगरवासीको जिवीकोपार्जनमा वृद्धि गर्ने ।**

**उद्देश्य:** पर्यावरण सन्तुलन कायम गर्दै आर्थिक सामाजिक विकासका लागि वनको उपयोग गर्ने।

**रणनीति तथा कार्यनीति:**

**रणनीति १:** वनलाई कृषि, उद्योग, पर्यटन र व्यापार संग जोडेर नगरबासीको आय श्रोतमा वृद्धि गर्ने।

**कार्यनीति:**

(१) वनलाई थप व्यवस्थित गर्दै नगरवासिको जीवनयापन र जीविकोपार्जनसंग जोड्ने नीति लिईनेछ ।
(२) सिजन र आवश्यकता अनुसार बन खुल्ला गरिनेछ ।
(३) वन पैदावार संकलन, प्रशोधन र बजारीकरण सम्बन्धी कार्यहरू गरिनेछ ।
(४) गैरकानुनी चरिचरण तथा अतिक्रमणलाई नियन्त्रण गरिनेछ ।
(५) सामुदायिक तथा कबुलियति वनहरूको व्यवस्थापन प्रभावकारी बनाइनेछ, ।
(६) वनक्षेत्रका मठ, मन्दीर, गुम्वा, ताल, तलैया, र पिकनिक स्पोटको संरक्षण र थप आकर्षक बनाइनेछ ।

**रणनीति २:** वनलाई हावापानी र वातावरण अनुसारको रूख विरूवा र जैविकरूपले विविधतायुक्त बनाउने ।

**कार्यनीति:**

(१) वनमा उपलब्ध श्रोत (जीवजन्तु, बोट, विरूवा, तालतलैया, मठमन्दिर) को पहिचान र परिचालन सम्वन्धी अध्ययन, अनुसन्धान गरिनेछ ।
(२) वनजन्य उत्पादनको पहिचान, परिचालन र विस्तार गरिनेछ ।
(३) बाँझो जमिनहरूमा गैरकाष्ठ वनपैदावार वृक्षारोपण गर्न प्रोत्साहन गरिनेछ ।
(४) खाली ठाउँमा वृक्षारोपण, वन्य जीवजन्तुको संरक्षण, कृषि र वनजन्य उत्पादनमा बृद्धि र आयआर्जन सम्बन्धी कार्यक्रम गरिनेछ ।
(५) कृषि र बनजन्य उद्योग र उत्पादन लाई बजारसंग जोड्ने व्यवस्था मिलाईनेछ ।

(६) वन्यजन्तुको व्यवस्थापनमा सघाउने गरी प्राकृतिक चिडीयाखाना (Natural Zoo) को अवधारण लागु गर्ने कार्यको थालनी गरिनेछ ।

## ८.१.४नतिजा सूचक

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | **उद्देश्यः पर्यावरण सन्तुलन कायम गर्दै आर्थिक सामाजिक विकासका लागि वनको उपयोग गर्ने।** | | | | |
| १ | वनलाई कृषि, उद्योग, पर्यटन र व्यापार संग आवद्ध गरी नगर बासीको आय बृद्धि गरिनेछ। | बृक्षारोपण | हेक्टर | - | ७० |
| | | बन्यजन्तुको अभिलेखीकरण | पटक | - | ५ |
| | | कवुलियती वनको क्षेत्रफल | हेक्टर | | ८० |
| | | पानीको स्रोत पहिचान, संरक्षण र उपयोगको सम्भावना अध्ययन | वटा | - | ३ |
| | | बन्यजन्य उद्योग | संख्या | - | ५ |
| | | बन्जन्य प्रांगारिक मल उत्पादन | मेट्रिक टन | - | १०० |
| २ | वन तथा जैविक विविधताको संरक्षण भएको हुनेछ | सामुदायिक वनको क्षेत्रफल | हेक्टर | १५०८.४५ | १७०० |
| | | जैविक विविधता संरक्षण | हेक्टर | | १ |
| | | जडिवुटी खेती | हेक्टर | - | ५० |
| ३ | वन डेढेलो र वन क्षेत्रको अतिक्रमण कम भएको हुनेछ । | रिचार्ज पोखरी निर्माण | संख्या | - | २० |
| | | अग्नी रेखा निर्माण | कि.मी | ३ | १५ |
| | | अव्यवस्थित बसोवासीको संख्या न्यूनीकरण | परिवार संख्या | ३०० | ० |
| ४ | जङ्गली जनावरको आतंक न्यूनीकरण भएको हुनेछ । | प्राकृतिक चिडियाखाना निर्माण | संख्या | - | २ |
| | | आहारा व्यवस्थापनका लागि वृक्षारोपण | संख्या | - | १ लाख |
| | | खानेपानी पोखरी निर्माण | संख्या | - | २० |

## ८.१.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं./स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १ःवनलाई कृषि, उद्योग, पर्यटन रव्यापार संग आवद्धगरीनगरबासीको आय बृद्धि गरिनेछ।** | | | | | | |
| १.१ | सम्भावित बनजन्यउत्पादनको | नयाँ | पटक | ५ | नगरपालिकाभर | ५०० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं./स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | अभिलेखीकरण | | | | | |
| १.२ | कवुलियती वन विस्तार | क्रमागत | हेक्टर | २६.४ | वडा | ११५० |
| १.३ | निजी वन पहिचान र विस्तार | नयाँ | संख्या | १२ | वडा | १००० |
| १.४ | वृक्षारोपण (बास,निगालो,अम्रिसो,अलैची, टिम्मुर, गुर्जो, अमला, रुद्राक्ष, बोधिचित्त, श्रीखण्ड, तेजपात, ओखर, किम्वुआदि) | क्रमागत | हेक्टर | ५० | नगरपालिकाभर | १००० |
| १.५ | चौडापाते बिरुवा बृक्षारोपण गर्ने | नँया | हेक्टर | २० | नगरस्तरीय | १००० |
| १.६ | नर्सरी निर्माण | नँया | बिरुवा संख्या | ५०००० | नगरस्तरीय | २४०० |
| १.७ | दुना टपरी उत्पादन उद्योग | नँया | संख्या | २ | नगरस्तरीय | २००० |
| १.८ | जडिबुटी पहिचान अध्ययन | नँया | संख्या | १ | नगरस्तरीय | ५०० |
| १.९ | बन्यजन्य प्रांगारिक मल उत्पादन | नँया | मेट्रिक टन | १०० | नगरस्तरीय | १८०० |
| **नतिजा क्षेत्र २ः वन तथा जैविक विविधताको संरक्षण भएको हुनेछ ।** | | | | | | |
| २.१ | पानीको मुहान संरक्षण | क्रमागत | संख्या | १० | | १००० |
| २.२ | पोखरी संरक्षण तथा निर्माण | क्रमागत | संख्या | ६५ | सबै वडा | ३३०० |
| २.३ | सामुदायिक बन अग्नि रेखा निर्माणगर्ने | क्रमागत | कि.मी | १५ | सबै वडा | ६५०० |
| २.४ | अतिक्रमित/अतिक्रमण सम्भावित भागमा बन सिमांकन गरी तार बार गर्ने | क्रमागत | संख्या | ६० | नगरस्तरीय | ६००० |
| २.५ | बन्यजन्तुबाट हुने क्षति न्यूनीकरण बैकल्पिक वाली प्रबर्धन | नँया | हेक्टर | ५ | नगरस्तरीय | ५०० |
| | **जम्मा** | | | | | **२८६५०** |

## ८.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ८.२.१ सम्भावना तथा अवसर

- वनक्षेत्रमा भएका पानीका मुहानको संरक्षण प्रर्वद्धन गर्ने, पर्यावरण सन्तुलन राख्ने र वाढि पहिरो जस्ता प्राकृतिक प्रकोप तथा विपद्को घटना कम गर्न सकिन अवस्था हुनु ।
- भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू, वन विकास र बृक्षारोपण, कृषि विकास,

| |
|---|
| औद्योगिक उत्पादन, भौतिक पूर्वाधार, खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमहरूमा संचालनमा रहनु ।<br>• नगरपालिकाले जलाधार र सिमसार क्षेत्र संरक्षणका लागि पूर्वाधार निर्माण गर्नु । |

| **८.२.२ समस्या तथा चुनौती** | | |
|---|---|---|
| **समस्या** | **कारण** | **समाधानका उपाय** |
| सिमसार क्षेत्र अतिक्रमणमा पर्नु | • जलाधार तथा सिमसार क्षेत्रको संरक्षण नहुनु<br>• स्थानीय भूसंरक्षण समितिहरूको क्षमता र सकृयता कम हुनु, | • जलाधार तथा सिमसार क्षेत्रको संरक्षण गर्ने<br>• स्थानीय भूसंरक्षण समितिहरूको क्षमता विकास गर्ने<br>• भुसंक्षण तथा सिमसार व्यवस्थापनका लागि जनशक्तिको व्यवस्था गर्ने । |
| माटोको उर्वराशक्ति घट्दै जानु | • नदी, खोलाको अनियन्त्रित अतिक्रमण र उत्खनन् बढ्नु,<br>• जलचर तथा चिस्यानमा वस्ने प्राणिहरू लोप हुदै जानु,<br>• नदी र खोलानालाका कटान रोक्न नसक्नु,<br>• विकास पुर्वाधार निर्माणमा पर्यावरणीय प्रभाव अध्ययन नगरिनु,<br>• खोलानालामा हुने प्रदुषण र पर्यावरणीय असरका वारेमा जनचेतना नहुनु, | • नदी, खोलाको अनियन्त्रित अतिक्रमण र उत्खनन् रोक्ने,<br>• नदी र खोलानालाका कटान रोक्ने,<br>• विकास पुर्वाधार निर्माणमा पर्यावरणीय प्रभाव अध्ययन अनिवार्य गर्ने,<br>• खोलानालामा हुने प्रदुषण र पर्यावरणीय असरका वारेमा जनचेतना अभिवृद्धि गर्ने । |

## ८.२.३ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति

**लक्ष्यः** जलाधार र पर्यावरणीय सन्तुलन कायम राख्दै भूक्षयको न्यूनीकरण र जलाधार क्षेत्र संरक्षण गर्ने ।

**उद्देश्यः** जमिन तथा जलाधार संरक्षण र संवर्द्धन गरी दीगो विकासको आधार तयार गर्ने ।

**रणनीति तथा कार्यनीतिः**

**रणनीति १ः** नगरपालिका क्षेत्रभित्र रहेका जलाधार र सिमसारक्षेत्रको उचित व्यवस्थापन गर्ने ।

**कार्यनीतिः**

(१) खुला ठाउँ, पानी पोखरी र सिमसार क्षेत्रको सूचीकृत गरी यसको संरक्षण गरिनेछ ।

(२) जलाधार संरक्षण र जलवायु अनुकुलन योजना तर्जुमा गरी लागु गरिनेछ ।

(३) खानीजन्य र उत्खनन् उद्योगहरूलाई नियमन गरिनेछ, ।

४) नगरपालिकाले व्यवस्थित वस्ती विकास र भूसंरक्षण तथा जलाधार क्षेत्र पहिचान र व्यवस्थापन नीति वनाई लागु गर्ने नीति लिईनेछ

५) जमिनको प्रकृति अध्ययगरी पूर्वाधार निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

## ८.२.४नतिजा सूचक

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | **उद्देश्यः जमिन तथा जलाधार संरक्षण र संवर्द्धन गरी दीगो विकासको आधार तयार गर्ने ।** | | | | |
| १ | भूक्षयको न्यूनीकरण भएको हुनेछ। | भूक्षय सम्बेदनशील क्षेत्र पहिचान अध्ययन | वटा | - | १ |
| | | जलवायु अनुकुलन स्थानीय योजना तर्जुमा | वटा | - | १ |
| | | भूक्षय सम्बेदनशील क्षेत्रमा बृक्षारोपण गर्ने | हेक्टर | - | ५० |
| | | प्रभावित क्षेत्रमा तटबन्ध निर्माण | मिटर | - | ७५० |
| | | भूक्षय कम गर्ने गरी सड्क लगायतका पूर्वाधार निर्माण गर्ने । | संख्या | - | १ |

## ८.२.५ प्रमुख कार्यकम र बजेट

| क्र.सं. | कार्यक्रम | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं./ स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतीजाक्षेत्र १ः भूक्षयको न्यूनीकरण भएको हुनेछ ।** | | | | | | |
| १.१ | भूक्षय सम्बेदनशील क्षेत्र पहिचानका लागि अध्ययन गर्ने | नँया | संख्या | १ | नगरपालिका | २००० |
| १.२ | पूर्वाधार निर्माण नीति अवलम्बन गर्ने | नँया | संख्या | २ | नगरपालिका | २००० |
| १.३ | भूक्षयप्रभावित/सम्भावित क्षेत्रमा बृक्षारोपण गर्ने | क्रमागत | हेक्टर | ५० | नगरपालिका | २००० |
| १.४ | इन्द्रावती नदि, चाखोला, ढाडखोला, आंशिखोला, थारखोला तटबन्ध निर्माण गर्ने | क्रमागत | मि | ७५० | नगरपालिका | ३०००० |
| १.५ | बायोइन्जिनियरिंग | नँया | कि.मी | २ | नगरपालिका | २००० |
| १.६ | सुरक्षित् ठाउँ बाट वर्षा को पानि(भल निकास) ब्यबस्थापन गर्ने | क्रमागत | संख्या | १२ | वडा | ५००० |
| १.७ | खानीजन्य र उत्खनन् | नयाँ | पटक | नियमित | वडास्तर | ४००० |

| क्र.सं. | कार्यक्रम | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं./ स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | उद्योगहरूलाई नियमन कार्य | | | | | |
| | रिजर्वयर पोखरी निर्माण | नयाँ | संख्या | ५ | नगरस्तरीय | १०० |
| | **जम्मा** | | | | | ४८००० |

## ८.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ८.३.१ सम्भावना तथा अवसर

- ल्याडफिल्ड साइडको DPR हुनु ।
- कुहिने फोहरको प्रयोगवाट माटोको उर्वरशक्ति वढाउन सकिने हुँदा यसलाई कृषि विकास सम्बन्धी कार्यक्रममा मिलान गर्न सकिने,
- फोहोर व्यवस्थापन केन्द्र स्थापना गर्न सम्भाव्य स्थानहरु नगरक्षेत्रभित्र नै उपलव्ध हुनु ।
- नगरपालिका खुला दिशामुक्त क्षेत्रको रुपमा घोषण हुनु ।
- वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनमा स्थानीय टोल विकास संस्थाहरूको सहयोग र समन्वयमा वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनम सम्बन्धी कार्य गर्न सकिने सम्भावना हुनु ।

### ८.३.२ समस्या तथा चुनौती

| समस्या | कारण | समाधानका उपाय |
|---|---|---|
| फोहरमैलाको उचित व्यवस्थापन गर्न नसकिनु | • सरसफाइ सम्बन्धी नीति नहुनु ।<br>• शैचालय र सार्वजनिक सरसफाईका लागि पर्याप्त पानी उपलव्ध नहुनु ।<br>• प्लास्टिकजन्य, काँचजन्य र अन्य प्रकारका फोहोरमैला विसर्जन व्यवस्थित नहुनु ।<br>• फोहोरमैला व्यवस्थापनमा थ्रि आर (कमप्रयोग, पुनप्रयोग, र पुनप्रयोगका लागि प्रशोधन) सचेतनाको कमी हुनु ।<br>• बजार केन्द्रीत वस्तीहरूमा ढलनिकास र सेफ्टी ट्याङ्कीको व्यवस्था नहुनु । | • सरसफाइ सम्बन्धी स्थानीय नीति तर्जुमा गर्ने ।<br>• प्लास्टिकजन्य, काँचजन्य र अन्य प्रकारका फोहोरमैलाको अलग अलग विसर्जन गर्ने ।<br>• फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना जगाउने ।<br>• बजार वस्तीहरूमा ढलनिकास र सेफ्टी ट्याङ्कीको व्यवस्था गर्ने ।<br>• फोहोरमैला प्रशोधन केन्द्र स्थापन गर्ने ।<br>• सरसफाई कार्यमा निजी क्षेत्रसँग साझेदारी गर्ने । |

### ८.३.३ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति

**लक्ष्यः** स्वस्थ र स्वच्छ वातावरण कायम गर्ने ।

**उद्देश्यः** फोहोरमैलालाई अर्थोपार्जनसंग जोड्ने र वातावरण संरक्षण गर्ने ।

**रणनीति तथा कार्यनीति**

**रणनीतिः** फोहोरमैलाको यथोचित व्यवस्थापन गर्ने ।

**कार्यनीतिः**

(१) वातावरणमैत्री स्थानीय शासन अवलम्वन गरिनेछ ।

(२) फोहरलाई वर्गिकरण गरी जैविक फोहोरबाट प्रांगारिक मल उत्पादन गर्ने र नकुहिने फोहरलाई उचित व्यवस्थापन गर्न फोहरमैला प्रशोधन केन्द्र निर्माण गरिनेछ ।

(३) घरको नक्सा पास गर्दा सेफ्टी टेंक अनिवार्य गरिनेछ । अगाडी बनेका घरहरुमा नयाँ सेफ्टी ट्याकी निर्माण अनिवार्य गरिनेछ ।
(४) निश्चित मापदण्डका आधारमा प्लाष्टिक झोलाको प्रयोग निषेध गरिनेछ ।

## ८.३.४नतिजा सूचक

| क.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (०८५/८६) |
|---|---|---|---|---|---|
| | **उद्देश्यः फोहोरमैलालाई अर्थोपार्जनसंग जोड्ने र वातावरण संरक्षण गर्ने ।** | | | | |
| १ | फोहरमैलालाई अर्थोपार्जनसंग जोड्न बैज्ञानिक तरिकाले फोहरमैला व्यबस्थापन गरिनेछ । | वातावरणमैत्री स्थानीय शासन अवलम्बन | वडा | - | १२ |
| | | प्रांगारिक मलको उत्पादन र प्रयोग | वडा | - | १२ |
| | | प्रत्येक नयाँ वन्ने घरमा सेफ्टि ट्यांक निर्माण | संख्या | - | नयाँ वन्ने सबै घर |
| | | फोहरमैला प्रसोधन तथा व्यवस्थापन केन्द्र निर्माण | संख्या | - | १ |
| | | कृषकले जम्मा गरेको पत्कर काठ र कुहिने फोहरलाइ प्रसोधन गरी बिक्रि बितरण गर्ने | वडा | | १२ |
| | | कुहिने र नकुहिने फोहोर अलग अलग विशर्जन गर्न प्रोत्साहन गरिने | वडा | | नियमित |

## ८.३.५ प्रमुख कार्यकम र बजेट

| क. सं | कार्यक्रम | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं./स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १ःफोहरमैलालाई अर्थोपार्जनसंग जोड्न बैज्ञानिक तरिकाले फोहरमैला व्यबस्थापन गरिनेछ ।** | | | | | | |
| १.१ | फोहरमैला प्रसोधन तथा व्यवस्थापन केन्द्र निर्माण | नया | संख्या | १ | नगरपालिका | १९२०० |
| १.२ | वातावरण मैत्रीस्थानीय शासन अवलम्बन | नया | वडा | १२ | वडा | ५००० |
| १.३ | ढल निकास संरचना निर्माण | नँया | संख्या | ६० | टोल टोल मा | ३००० |

| क्र. सं | कार्यक्रम | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं./स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| १.४ | सचेतना कार्यक्रम | नँया | संख्या | १२ | वार्ड वार्ड मा | १२०० |
| १.५ | निजी तथा सार्बजनिक संरचनामा अनिबार्य ढल निर्माण र ब्यबस्थापन गर्ने | नँया | संख्या | १ | नगरपालिका | ५००० |
| १.६ | क्रसर तथा इट्टा उघोग बाट सिर्जित फोहरमैला तथा प्रदुषण नियन्त्रण र नियमन | क्रमागत | संख्या | | नगरपालिका | १००० |
| १.७ | वाताबरणीय र फोहर जन्य प्रदुषणबाट सिर्जित महामारी नियन्त्रण | नँया | संख्या | १ | नगरपालिका | २४०० |
| १.८ | टोल टोल मा सरसफाई समिति निर्माण र संचालन गर्ने | नँया | संख्या | ५० | टोल | ५०० |
| १.९ | घरघरबाट निस्कने फोहर तथा पातपतिंगरको प्रयोग गरी प्रांगारिक मल उत्पादन गर्ने | नँया (सार्बजनिक निजी साझेदारी) | मे.टन | १०० | नगरपालिका | १००० |
| | जम्मा | | | | | **३६९००** |

## ८.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ८.४.१ सम्भावना र अवसर

- स्थानीय विपद् व्यवस्थापन कोषको निर्देशिका वनाई कार्य थालनी हुनु ।
- विपद् व्यवस्थापन समितिको क्षमता विकास गरी तिनलाई प्रभावकारी वनाइनु ।
- विपद्को समयमा आवश्यक उद्दार, राहत वितरण र पूर्व तयारी जस्ता कार्यहरूमा स्थानीय स्वयंसेवक समूह निर्माण र परिचालनका लागि क्षमता अभिवृद्धि हुनु ।
- विपद् प्रतिकार्य योजना तथा प्रकोप जोखिम प्रतिकार्य योजना तर्जुमा भई कार्यान्वयनमा रहनु ।

### ८.४.२ समस्या तथा चुनौती

| समस्या | कारण | समाधानका उपाय |
|---|---|---|
| विपद् जोखिम र प्रकोपका घटना वढ्नु | • स्थानीय विपद् व्यवस्थापन समितिहरू सक्रिय नहुनु ।<br>• कतिपय वस्ती उच्च जोखिममा रहनु र सुरक्षित वस्ती विकास कार्यक्रम लागु नहुनु ।<br>• विपद् जोखिम व्यवस्थापन सम्वन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन नहुनु ।<br>• विपद् पूर्व तयारी र विपद् पछि उद्धार, राहत र पुनर्स्थापना जस्ता क्रियाकलापमा समन्वय नहुनु ।<br>• भुकम्प प्रतिरोधी भौतिक पूर्वाधार निर्माणमा ध्यान नदिनु । | • विपद् व्यवस्थापन कार्यविधि अद्यावधिक गर्ने ।<br>• स्थानीय विपद् व्यवस्थापन समितिहरूको क्षमता विकास गर्ने ।<br>• सुरक्षित वस्ती विकास कार्यक्रम लागु गर्ने ।<br>• विपद् जोखिम व्यवस्थापन सम्वन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>• विपद् पूर्व तयारी र विपद् पछि उद्धार, राहत र पुनर्स्थापना जस्ता क्रियाकलापमा समन्वय वढाउने ।<br>• भुकम्प प्रतिरोधी भौतिक पूर्वाधार निर्माण गर्ने ।<br>• हाजार्ड म्यापिङ्ग गरी सोही बमोजिम पूर्व तयार गर्ने । |

### ८.४.३ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति

**लक्ष्य:** विपद्वाट हुने क्षति न्यूनिकरण गर्ने ।

**उद्देश्य:** विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन गर्नु ।

**रणनीति तथा कार्यनीति.**

**रणनीति १:** विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि नीतिगत व्यवस्था गर्ने ।

**कार्यनीति:**

(१) वाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको पूर्वजानकारी दिन आवश्यक सूचना प्रणाली र पूर्वाधार निर्माण गरिनेछ।
(२) विपद् पूर्व तयारी, आपतकालीन सामग्रीहरूको उपलव्धता र परिचालनका विधि र तरिकाका वारेमा पूर्व अभ्यास गरिनेछ ।

(३) नगरक्षेत्रभित्र संचालित खानीजन्य र उत्खनन् उद्योगलाई नियमन गरिनेछ ।

(४) सुरक्षित आवास निर्माण, जोखिमयुक्त स्थानको पहिचान गरी व्यवस्थित वस्ती विकास योजना लागु गरिनेछ ।

**रणनीति २:** समुदायको सहभागितामा विपद्वाट हुन सक्ने क्षति न्यूनीकरण गर्ने ।

**कार्यनीतिः**

(१) समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण कार्ययोजना बनाई लागु गरिनेछ ।

(२) वडा स्तरीय विपद् व्यवस्थापन समितिहरूको क्षमता विकास गरिनेछ ।

(३) स्थानीय स्वयंसेवकहरूको सूची तयारी तथा अध्यावधीक गर्ने र उनीहरूको क्षमता विकास गरी विपद्को समयमा एकद्वार प्रणालीवाट स्वयंसेवक परिचालन गरिनेछ ।

## ८.४.४ नतिजा सूचक

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (०८५/८६) |
|---|---|---|---|---|---|
| **उद्देश्यः विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन गर्ने ।** | | | | | |
| १ | विपद् जोखिम न्यूनीकरण सम्बन्धित नीति निर्माण गरी कार्यान्वयन भएको हुनेछ । | सुरक्षित वस्ती विकास नीति तर्जुमा | वटा | | १ |
| | | विपद् जोखिम न्यूनीकरण तथा जलबायु अनुकुलन योजना तर्जुमा | संख्या | - | १ |
| | | समुदायमा आधारीत विपद् जोखिम न्युनिकरण योजना तर्जुमा | संख्या | - | १२ |
| | | विपद् व्यवस्थापन कोष सञ्चालन | संख्या | - | १ |
| २ | विपद्वाट हुने क्षति न्यूनीकरण भएको हुनेछ । | प्राकृतिक प्रकोप पूर्वजानकारी सूचना प्रणाली | संख्या | - | १ |
| | | आपतकालीन सामग्रीहरूको उपलब्धता | संख्या | - | न्यूनतम् सामग्रीको व्यवस्था |
| | | सुरक्षित खुल्ला क्षेत्र पहिचान तथा व्यवस्थापन | संख्या | | १२ |
| | | समुदाय स्तरमा विपद् जोखिम न्यूनीकरण तथा स्वयंसेवक व्यवस्थापन | संख्या | - | ६० |

## ८.४.५ प्रमुख कार्यक्रम र बजेट

| क्र.सं | कार्यक्रम | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं./स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १: विपद् जोखिम न्यूनीकरण सम्बन्धित नीति निर्माण गरी कार्यान्वयन भएको हुनेछ ।** | | | | | | |
| १.१ | सुरक्षित वस्ती विकास नीति तर्जुमा | नयाँ | संख्या | १ | नगरपालिका | ७०० |
| १.२ | विषयगत योजनालाई विपद् जोखिम न्युनिकरण तथा जलबायु उत्थानशिल वनाउने | नयाँ | संख्या | ५ | नगरपालिका स्तर | २२५० |
| १.३ | समुदायमा आधारीत विपद् जोखिम न्युनिकरण कार्ययोजना तर्जुमा | नयाँ | संख्या | १२ | वडास्तर | १२०० |
| १.४ | विपद् व्यवस्थापन कोष स्थापना | क्रमागत | संख्या | १ | नगरपालिका | १०००० |
| १.५ | स्थानीय तह जलवायु उत्थानशिलता कार्यान्वयन योजना | नयाँ | संख्या | १ | नगरपालिका स्तर | ७०० |
| **नतिजा क्षेत्र २: विपद्वाट हुने क्षति न्यूनीकरण भएको हुनेछ ।** | | | | | | |
| २.१ | विपद् जोखिमबारे पुर्व सूचना प्रणाली निर्माण | नयाँ | संख्या | १ | वडाहरू | ५०० |
| २.२ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन स्वयंसेवक सूचीकृत | नयाँ | संख्या | ६० | वडास्तर | ३०० |
| २.३ | स्वयंसेवकलाई विपद् सम्बन्धी प्राविधिक तथा व्यवस्थापकीय तालिम र आवश्यक समाग्री | नयाँ | संख्या | ६० | नगरस्तर | १५०० |
| २.४ | स्वयंसेवक परिचालन (खाना, यातायाता, विमा, आदि) | नयाँ | संख्या | ६० | वडास्तर | ३००० |
| २.५ | विपद् व्यवस्थापनमा क्रियाशील सङ्घ/संस्थाहरू. संग समन्वय बैठक | नयाँ | संख्या | ६० | नगरपालिका स्तर | ५९८ |
| २.६ | स्थानीय विपद् व्यवस्थापन समितिहरूको क्षमता विकास | नयाँ | पटक | ५ | वडास्तरीय | २५०० |
| २.७ | दमकलको ब्यबस्था | नयाँ | संख्या | १ | नगरपालिका | १०००० |
| २.८ | विपद् सम्बन्धी जनचेतना कार्यक्रम | नयाँ | संख्या | ५ | नगरपालिका | १००० |
| २.९ | आपतकालीन उद्धार सामग्री र संरचना निर्माण | क्रमागत | संख्या | १३ | १-१२वडा | ५००० |
| २.१० | सुरक्षित खुल्ला क्षेत्र र पानीको स्रोत/पोखरी पहिचान तथा व्यवस्थापन | नयाँ | संख्या | १२ | वडास्तर | ३१०० |
| | **जम्मा** | | | | | **४२३५०** |

# परिच्छेद ९
# संस्थागत विकास तथा सुशासन

## ९.१ संस्थागत विकास तथा सुशासन

### ९.१.१ सम्भावना र अवसर

- ई-हाजिरी लागू हुनु ।
- ७२ वटा कानुन तर्जमा भई लागु भएको ।
- नगरपालिकाको आफ्नै नेटवर्क (Domin) भएको र सूचना प्रवाहमा एकद्वार प्रणाली अवलम्वन गरिएको,
- नागरिक वडापत्र, गुनासो सुनुवाई प्रणाली, सुचना अधिकारी र प्रवक्ताको व्यवस्था भएको ।
- नागरिक सन्तुष्टि सर्वेक्षण हुने गरेको।

### ९.१.२ समस्या तथा चुनौती

| समस्या र चुनौती | कारण | समाधानका उपाहरु |
|---|---|---|
| स्थानीय कानून (ऐन, नियम, मापदण्ड, कार्यविधि) को प्रभावकारी कार्यान्वयन नहुनु । | • अभिलेख व्यवस्थापन नहुनु,<br>• संस्थागत क्षमता कमजोर हुनु,<br>• अनुगमन अधिकृतको व्यवस्थापन नहुनु, | • कानूनी सचेतना अभिवृद्धि गर्ने ।<br>• संस्थागत क्षमता विकास गर्ने ।<br>• अनुगमन अधिकृत र कानून शाखाको व्यवस्थापन गर्ने<br>• Policy Audit को व्यवस्था गर्ने । |
| नगरपालिकाको राजश्व परिचालनको अवस्था कमजोर रहनु । | • राजश्व परिचालनको दायरा विस्तार गर्न नसक्नु ।<br>• आर्थिक ऐन तर्जुमा गर्दा बैज्ञानिक कर प्रणाली अवलम्वन नगर्नु (पूँजी, प्रविधि, लागत, प्रतिफल जस्ता विषयलाई आधार नमानिएको) ।<br>• आर्थिक ऐन, नियम सम्वन्धी ज्ञान, सीप र क्षमता कमजोर हुनु ।<br>• सेवाग्राहीमा कर तथा गैर कर सचेतना कमी हुनु । | • राजश्व शाखाका सम्बन्धित कर्मचारीको क्षमता विकास ।<br>• निर्वाचित जनप्रतिनिधिलाई अभिमुखीकरण गर्ने ।<br>• राजश्व सुधार कार्ययोजना तयार गरी लागु गर्ने ।<br>• राजश्वको यथार्थपरक प्रक्षेपण गर्ने । |
| तथ्याङ्कमा आधारित विषयगत योजना तर्जुमा हुन नसक्नु । | • विषयगत समितिहरू सक्रिय नहुनु ।<br>• समितिको क्षमता विकासमा प्रयाप्त ध्यान नदिनु ।<br>• कार्य जिम्मेवारी स्पष्ट नहुनु ।<br>• नियमित बैठक नबस्नु । | • पर्याप्त डाटा र तश्यांकको आधारमा प्राथमीकिकरण गरी मात्रै योजना तर्जूमा गर्ने ।<br>• विषयगत समितिको कार्य सम्पादन कार्यविधि तयार गरी जिम्मेवारी स्पष्ट गर्ने ।<br>• विषयगत समितिको सचिवालय व्यवस्थित |

| ९.१.२ समस्या तथा चुनौती | | |
|---|---|---|
| **समस्या र चुनौती** | **कारण** | **समाधानका उपाहरु** |
| | | गर्ने ।<br>• विषयगत समितिको क्षमता विकास गर्ने ।<br>• कार्यपालिका र शाखा प्रमुख बीच योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी विषयहरूमा नियमित छलफल/अन्तक्रिया गर्ने । |
| सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण र तेस्रो पक्ष मुल्याँकन जस्ता सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोग नहुनु । | • स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्थालाई स्थानीयकरण गर्न नसक्नु ।<br>• अनुगमन अधिकृत नतोकिनु ।<br>• योजना निर्माण र कार्यान्वयनमा जनसहभागिता कमजोर हुनु । | • सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण र तेस्रो पक्ष मुल्याँकनको छुट्टा छुटै कार्यविधि वनाई कडाईका साथ लागु गर्ने । |
| स्थानीय उद्योगी, व्यावसायी, वित्तीय संस्था, निजी क्षेत्र, सहकारी र गैर सरकारी क्षेत्रका कार्यलाई व्यवस्थित गर्न नसक्नु । | • स्थानीय उद्योगी, व्यावसायी, वित्तीय संस्था, निजी क्षेत्र, सहकारी र गैर सरकारी निकायहरू नगरपालिकाको व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गराउन नसक्नु । | • नगरपालिका भित्र काम गर्ने सवै संघ संस्था व्यवसाय प्रतिष्ठानको कार्यक्रमलाई अनिवार्य रुपमा नगरको सूचना प्रणलमिा आवद्ध गराउने |
| वडा कार्यालयहरूको संस्थागत क्षमता कमजोर रहनु । | • कर्मचारी दरवन्दी अपुग रहनु ।<br>• वडा कार्यालयहरूमा ईन्टरनेट सेवा भरपर्दो नहुनु ।<br>• कर्मचारीहरुको छोटो अवधिमै सरुवा गरिनु ।<br>• कर्मचारीलाई क्षमता अभिवृद्धि तालिमको व्यवस्था नहुनु । | • O&M गरी कर्मचारी दरवन्दी सृजना र पदपूर्ती गर्ने ।<br>• चौविसै घण्टा ईन्टरनेट सेवा उपलव्ध हुने व्यवस्था मिलाउने र नगरपालिका सूचना प्रणालीमा आवद्ध गर्ने ।<br>• वडा र कार्यपालिकाको कार्यालय विच अनलाइन नेटवर्किङ प्रणाली विकास गर्ने ।<br>• कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने । |

## ९.१.३ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्यः** नगरपालिकाबाट प्रवाह गरिने सेवालाई सरल, पारदर्शी, प्रविधियुक्त, नागरिकमैत्री र उत्तरदायी बनाउँदै सुशासन कायम गर्ने।

**उद्देश्य**ः नगरपालिकाको कार्यसम्पादन स्तरमा सुधार गरी सरल, सहज र नगरवासीलाई सुलभ रूपमा सेवा प्रवाह गर्नु।

**रणनीति तथा कार्यनीति**

**रणनीति १**ः स्थानीय नीति, ऐन, नियम, कार्यविधि र मापदण्ड तर्जुमा तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याउने ।

**कार्यनीतिः**

१) सेवा प्रवाह, राजश्व व्यवस्थापन, वन व्यवस्थापन, उद्यमशिलता विकास लगायतका क्षेत्रमा कानून तर्जुमा तथा परिमार्जन गरिनेछ ।
२) कार्यपालिका र वडास्तरवाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहको मापदण्ड तथा कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
३) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
४) मेलमिलाप केन्द्रको क्षमता विकास गरी अधिकतम विवादहरु वडातहबाट समाधान हुने व्यवस्था मिलाउन सक्ने गरी कार्यविधि तर्जुमा गरिनेछ ।

**रणनीति २:** नगरपालिका, वडा कार्यालय र नगरकार्यपालिका अन्तरगतका कार्यालयहरुको क्षमता विकास गर्ने ।

**कार्यनीतिः**

१) संगठन विकास सर्भेक्षण प्रतिवेदनका आधारमा संगठनात्मक संरचनाहरुको निर्धारण र कर्मचारी व्यवस्थापन गरिनेछ ।
२) वडातहको संस्थागत संरचना र भौतिक पूर्वाधार विकासका लागि आवश्यक पर्ने बजेट बिनियोजन गरिनेछ ।
३) सभाका समिति, कार्यपालिकाका विषयगत समिति, स्थानीय राजश्व परामर्श समिति र अन्य उप-समितिहरुको क्षमता विकास गरी यस्ता समितिलाई क्रियाशिल गराईनेछ ।
४) नगरस्तरीय न्यायिक समितिको क्षमता विकास गरी समितिको कार्यलाई थप प्रभावकारी र नातिजमुखी वनाईनेछ।
५) नियमित रुपमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) गरी सोही आधारमा नगरपालिकाको संस्थागत क्षमता विकासका कार्यहरू संचालन गरिनेछ ।

**रणनीति ३ः** नगरपालिकाको राजश्व तथा वित्तीय व्यवस्थापनलाई व्यवहारिक र नतिजामूखि वनाउने ।

**कार्यनीतिः**

१) राजश्व सम्भाव्यता अध्ययन, राजश्व सूचना प्रणाली व्यवस्थापन, करदातामैत्री राजश्व नीति अवलम्वन गरी करको दायरा फराकिलो वनाउदै नगरपालिकाको राजश्व वृद्धि गरिनेछ ।
२) प्रक्षेपित अनुमान अनुसारको राजश्व सङ्कलन र सभावाट स्वीकृत बजेट तोकिएको कार्यतालिका बमोजिम खर्च गर्न सक्ने गरी संस्थागत क्षमताको विकास गरिनेछ ।
३) राजस्व शाखाको संस्थागत विकास र मानव संसाधनको क्षमता अभिबृद्धिलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिनेछ ।
४) साझा विषयहरुमा सहयोग आदान प्रदान, सहकार्य र साझेदारी गर्न अन्य स्थानीय तहहरुसंग संजाल (Network) निर्माण गरिनेछ ।
५) उत्कृष्ट संस्थागत र व्यक्तिगत करदातालाई पुरस्कृत गर्ने नीति लिईनेछ ।

**रणनीति** ४ः सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी वनाउने ।

**कार्यनीतिः**

१) नगरपालिकाको श्रोत र क्षमता हेरी प्राथमिकताका आधारमा योजना कार्यान्वयन गर्न योजना बैंक (Project Bank) को अवधारणा लागु गरिनेछ ।
२) नगरपालिकाको योजना निर्माण र कार्यान्वयन प्रक्रियामा प्रवुद्ध व्यक्ति तथा समुहको सल्लाह, सुझाव र परामर्श लिने नीति लिईनेछ ।
३) नगरपालिका क्षेत्र भित्रका सार्वजनिक स्थल, धार्मिक, सांस्कृतिक सम्पदा एवम् खुला क्षेत्रको संरक्षण, संवर्धन गरिनेछ ।
४) नगर गौरवका आयोजना कार्यान्वयन गर्न कार्यपालिकाले नेपाल सरकारको पूर्व स्वीकृति लिई बैदेशिक सहयोग परिचालन गर्ने नीति लिनेछ ।
५) दिगो विकासका राष्ट्रिय लक्ष्यलाई स्थानीयकरण गरी यसलाई वार्षिक योजनासंग आवद्ध गरिनेछ ।
६) अन्तर स्थानीय तह र प्रदेश तथा संघीय सरकारसंगको समन्वय, साझेदारी र सहकार्यमा पूर्वाधार विकास र नविन खोजसंग सम्बन्धित योजनाहरु संचालन गरिनेछ।

**रणनीति ५:** सूचना तथा संचार प्रविधिमा आधारित शासन (E-Governance) प्रणालीको विकास तथा विस्तार गर्दै सार्वजनिक सेवालाई पारदर्शी, सरल, सहज र सुलभ वनाउने ।

**कार्यनीतिः**

१) राजश्व व्यवस्थापन, योजना तर्जुमा, अनुगमन, मुल्याकंन, प्रतिवेदन प्रणाली, सेवा प्रवाह र सामाजिक जवाफदेहिता प्रबर्धन सम्बन्धी कार्यमा सुधार गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।
२) सूचना प्रविधिको अवलम्वन गर्दै व्यवसाय दर्ता, नविकरण तथा कर असुली प्रकृयालाई सरल र सहज वनाई व्यवसायीलाई नगरपालिकामा आवद्ध हुन उत्प्रेरित गरिनेछ ।
३) नगरपालिकाको स्वामित्वमा रहेका र अन्य सरकारी तथा सार्वजनिक सम्पत्तीको अभिलेख तयार गरी सोको संरक्षण तथा समुचित उपयोग गरिनेछ ।
४) डिजिटल नगर प्रोफाईल निर्माण तथा नियमित अद्यावधिक गरी यसमा रहेका सूचनामा नागरिकको पहुँच सुनिश्चित हुने व्यवस्था मिलाईनेछ ।

**रणनीति ६:** नगरपालिकावाट प्रदान गरिने सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने ।

**कार्यनीतिः**

१) नगरपालिकावाट स्वीकृती लिई निर्माण हुने सार्वजनिक भवन, खानेपानी, शौचालय लगायतका भौतिक पूर्वाधारलाई बालमैत्री तथा अपाङ्गमैत्री बनाईनेछ।
२) प्रकोप र महामारीका समयमा तत्काल राहत सहयोग उपलव्ध गराउन सरकारी, गैर सरकारी, निजी क्षेत्र र अन्य श्रोतवाट प्राप्त हुने सहयोग एकद्वार प्रणालीवाट वितरण गर्ने नीति अवलम्वन गरिनेछ ।
३) बालमैत्री स्थानीय शासनको प्रबर्धन गरी बालमैत्री नगरपालिका घोषणा गरिनेछ ।
४) स्थानीय आवश्यकता र सम्भावना हेरी सार्वजनिक सेवामा पहुँच कम रहेका क्षेत्र र नागरिकलाई लक्षित गरी घुम्ती सेवा संचालन गरिनेछ।

**रणनीति ७:** सुशासनका उपयुक्त विधि र प्रक्रिया अवलम्वन गरी स्थानीय स्तरमा नागरिकमैत्री सेवा प्रवाह गर्ने ।

**कार्यनीतिः**

१) नागरिक बडापत्र, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, नागरिक सन्तुष्टि सर्भेक्षण जस्ता औजारहरुको व्यवस्थित र प्रभावकारी प्रयोगबाट नगर कार्यपालिका, वडा कार्यालय र नगरकार्यपालिका अन्तरगतका निकायबाट प्रदान गरिने सेवा प्रवाहलाई जवाफदेही एवम् उत्तरदायी बनाईनेछ।

२) सामाजिक जवाफदेहिता, उत्तरदायित्व र सदाचारको प्रबर्धन गर्दै भ्रष्टाचार विरुद्धको अभियानलाई सशक्त र प्रभावकारी बनाईनेछ।

३) नागरिक सचेतना, अभिमुखिकरण, नागरिक शिक्षा र नागरिक सहभागिता सम्बन्धी क्रियाकलापहरु कार्यान्वयन गरी टोल विकास संस्था तथा सामुदायिक संगठनहरुलाई उत्तरदायी र जिम्मेवार बनाईनेछ।

४) सूचकको आधारमा सर्वोत्कृष्ट कार्य सम्पादन गर्ने व्यक्ति तथा संस्थालाई पुरस्कृत गरी प्रोत्साहन गरिनेछ ।

५) बालमैत्री वडा घोषणा, घटना दर्ता, सम्झौता अवधिमा योजना सम्पन्न तथा राजश्व संकलन गर्ने जस्ता सूचकमा वडा-वडाबीचको प्रतिस्पर्धाका आधारमा उत्कृष्ट वडालाई सम्मान र पुरस्कृत गरिनेछ।

६) समान विशेषता, पारस्परिक लाभ र दीर्घकालिन साझेदारी प्रर्द्धनका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय भगिनी सम्बन्ध स्थापना गरिनेछ ।

## ९.१.४ नतिजा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | **उद्देश्यः नगरपालिकाको कार्यसम्पादन स्तरमा सुधार गरी सरल, सहज र नगरवासीलाई सुलभ रूपमा सेवा प्रवाह गर्ने ।** | | | | |
| १ | सहभागितामुलक कानून निर्माण भई कार्यान्वयन भएको हुनेछ । | नयाँ कानून निर्माण | सङ्ख्या | ७२ | ९१ |
| | | विद्यमान कानूनमा सुधार, संसोधन र परिमार्जन | सङ्ख्या | १० | २० |
| | | स्थानीय कानूनको उत्तर विद्यायिकिय परिक्षण | पटक | ० | ५ |
| | | कर्मचारी, सरोकारवाला र नगरवासीमा कानूनी सचेतना अभिवृद्धि | पटक | १२ | ६० |
| | | प्रचलित कानूनको अधिनमा रही व्यक्तिगत घटना दर्ता | प्रतिशत | ८० | ९५ |
| २ | डिजिटल प्रविधिको प्रयोग गरी नगरपालिकाका सूचनामा नागरिकको पहुँच बृद्धि भएको हुनेछ । | आम सरोकारका सूचना, निर्णय तथा प्रतिबेदनहरु नगरपालिकाको वेवसाईटमा राख्ने | पटक | - | त्रैमासिक |
| | | एकीकृत सूचना प्रणालीको प्रयोग (data center, mobile appsसहित ) | संख्या | - | १ |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | | सार्वजिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण र तेस्रोपक्ष मुल्याँकन | पटक | | चौमासिक |
| | | नियमित रुपमा बजार अनुगमन | पटक | नभएको | चौमासिक |
| ३ | सार्वजनिक सेवा पारदर्शी, जवाफदेही र उत्तरदायी भएको हुनेछ । | कार्यपालिकाको नियमित कामलाई Paperless वनाउने | नियमित | - | नियमित |
| | | नगरपालिकाको संगठन विकास सर्वेक्षण (O&M Survey) | पटक | - | १ |
| | | कार्यपालिका तथा वडा कार्यालयका निर्वाचित पदाधिकारी र कर्मचारीको क्षमता विकास | तालिम संख्या/ पटक | - | १० |
| | | नागरिक वडापत्र र गुनासो व्यवस्थापन कार्यविधिको प्रभावकारी कार्यान्वयन | कार्यान्वयन | - | निरन्तर |
| ४ | नगरपालिकाको आन्तरिक तथा वाह्य श्रोत परिचालन क्षमतामा सुधार भएको हुनेछ । | राजश्व संभाव्यता अध्ययन | पटक | - | १ |
| | | राजश्व सुधार कार्य योजना तर्जुमा | पटक | - | १ |
| | | राजश्व शाखाको व्यवस्थापन क्षमता विकास | नियमित | नियमित | नियमित |
| | | नगरक्षेत्र भित्रको व्यवसाय दर्ता | संख्या | ३४५ | ५०० |
| | | राजश्व प्रक्षेपण र सङ्कलन अनुपात बृद्धि | प्रतिशत | ५२ | ९० |
| | | नगरपालिकाको कूल राजश्वमा आन्तरिक स्रोतको अनुपात | प्रतिशत | ६.५९ | १९ |
| | | गैर सरकारी संस्था, सहकारी, विकास साझेदार, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, उधमी, व्यवसायी, व्यापारी सहजीकरण संयत्र निर्माण | संख्या | - | १ |
| ५ | योजना तर्जुमा र कार्यान्वयन | आवधिक नगर विकास योजनामा समावेस योजनाहरु | योजना कार्यान्वय | - | ८० |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | प्रक्रियामा सुधार भएको हुनेछ । | बार्षिक नगरविकास योजनामा समावेस र कार्यान्वयन | प्रतिशत | | |
| | | मध्यमकालिन खर्च संरचना तर्जुमा | संख्या | - | २ |
| | | स्वीकृत योजना समयमा नै कार्यान्वयन | प्रतिशत | ७५ | ९० |
| | | विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा | संख्या | - | ५ |
| | | संयुक्त अनुगमन | संख्या | - | १५ |
| | | आवधिक नगर विकास योजनाको तेश्रो पक्षवाट स्वतन्त्र मध्यावधि मूल्यांकन | संख्या | - | १ |
| ६ | न्यायिक समितिको कार्य सम्पादन प्रभावकारी भएको हुनेछ । | वडा तहका मेलमिलाप केन्द्रको व्यवस्थापन र क्षमता विकास | संख्या | - | १२ |
| | | मेलमिलापकर्ताको सेवा सुविधा सम्बन्धी कार्यबिधि निर्माण | संख्या | - | १ |
| | | मेलमिलापकर्तालाई अभिमुखीकरण | संख्या | - | ६० (वडामा बार्षिक) |
| | | न्यायिक समितिको क्षमता विकास तथा व्यवस्थापन सुदृढीकरण | निरन्तर | निरन्तर | निरन्तर |
| | | न्यायिक समितिमा प्राप्त उजुरी वा गुनासोको सुनुवाई | प्रतिशत | ८० | ९५ |
| | | न्यायिक समितिमा आएका विवादको समाधान | प्रतिशत | ६६ | ८० |
| ७ | आन्तरिक नियन्त्रण प्रणालीमा सुधार भएको हुनेछ । | सम्बन्धित पदाधिकारिलाई कानून बमोजिम अधिकार प्रत्यायोजन | नियमित | नियमित | नियमित |
| | | खरिद गुरुयोजना तर्जुमा | संख्या | - | १ |
| | | वार्षिक खरिद योजना तयारी | संख्या | - | ५ |
| | | तोकिएको कानून बमोजिम विपद् व्यवस्थापन कोष सञ्चालन | पटक | १ | १ |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | | आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी र नतिजमुखी बनाउने | नियमित | नियमित | नियमित |
| | | नगरपालिकाको बेरुजु | प्रतिशत | ४ | २ |
| | | आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका अध्यावधिक र कार्यान्वयन | संख्या | - | १ |
| | | नगरपालिकाको पूँजीगत खर्च क्षमता | प्रतिशत | ६३ | ८० |
| | | आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी अनुगमन | पटक | - | ५ |

## ९.१.५ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १ः सहभागितामुलक कानून निर्माण भई कार्यान्वयन भएको हुनेछ ।** | | | | | | |
| १.१ | बन ऐन लगायत विषयगत कानून तर्जुमा | नयाँ | सङ्ख्या | ७ | नगरस्तरीय | ३५०० |
| १.२ | आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि तर्जुमा | नयाँ | सङ्ख्या | ३ | नगरस्तरीय | १५०० |
| १.३ | नगरपालिकाको क्षमता विकास सम्बन्धी कानून निर्माण | नयाँ | संख्या | ५ | नगरस्तरीय | २५०० |
| १.४ | नगरपालिकाको वित्तिय व्यवस्थापन सम्बन्धी कानून निर्माण मौजुदा कानूनमा संसोधन, परिमार्जन | नयाँ | सङ्ख्या | १० | नगरस्तरीय | १०००० |
| १.५ | कानूनको उत्तर विद्यायिकिय परिक्षण | मौजुदा | पटक | ५ | नगरस्तरीय | २५०० |
| १.६ | कानूनी सचेतना कार्यक्रम | मौजुदा | पटक | ६० | सबै वडामा वडागत रुपमा | ६००० |
| १.७ | व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता विवरण | मैजुदा | मासिक | ६० | सबै वडामा वडागत रुपमा | २५०० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | अध्यावधिक | | | | | |
| | **जम्मा बजेट** | | | | | **२८५००** |
| **नतिजा क्षेत्र २ः डिजिटल प्रविधिको प्रयोग गर्दैनगरपालिकाबाट प्रकाशन हुने सूचनामा नागरिकको पहुँच बृद्धि भएको हुनेछ** | | | | | | |
| २.१ | नगरपालिकाको वेवसाईटमा सुधार गर्दै सूचना सम्प्रेषण गर्ने | मौजुदा | नियमित | नियमित | नगरस्तरीय | १२५० |
| २.२ | डाटा सेन्टर सहित एकीकृत सूचना प्रणाली लागु गर्ने | नयाँ | पटक | १ | नगरस्तरीय | १६००० |
| २.३ | बजार अनुगमन | नयाँ | पटक | ६० | वडा तथा नगरस्तरीय | ३६०० |
| | **जम्मा बजेट** | | | | | **२०८५०** |
| **नतिजा क्षेत्र ३ः सार्वजनिक सेवा पारदर्शी, जवाफदेही र उत्तरदायी भएको हुनेछ ।** | | | | | | |
| ३.१ | वडा कार्यालयको भवन निर्माण | नयाँ | सङ्ख्या | ४ | वडानं .८, ९,१०,१२ | ९५००० |
| ३.२ | संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण | नयाँ | सङ्ख्या | १ | नगरस्तरीय | १००० |
| ३.३ | कर्मचारी तथा पदाघिकारीको क्षमता विकास कार्यक्रम | नयाँ | संख्या | ५ | नगरस्तरीय | ६००० |
| ३.४ | नागरिक वडापत्रको प्रयोगमा सुधार | नियमित | नियमित | नियमित | नगर तथा वडा | १००० |
| ३.५ | सार्वजिक सुनुवाई | मौजुदा | पटक | ६५ | वडास्तर | ३३०० |
| ३.६ | सामाजिक परीक्षण | नयाँ | पटक | ५ | नगरस्तरीय | ४५०० |
| ३.७ | नागरिक सन्तुष्टि सर्वेक्षण | नयाँ | पटक | ५ | नगरस्तरीय | २५०० |
| ३.८ | गुनासो व्यवस्थापन कार्यीबिधि कार्यान्वयन | नयाँ | संख्या | नियमित | नगरस्तर | २५०० |
| ३.९ | बालमैत्री स्थानीय शासन कार्यक्रम | नयाँ | कार्यक्रम | नियमित | वस्ती/ वडा/ नगरस्तर | ३५००० |
| ३.१० | सामुदायिक सिकाई केन्द्र संचालन | नयाँ | संख्या | १२ | वडारस्तर | १२००० |
| ३.११ | वडा-वडा प्रतिस्पर्धा र थप अनुदान कार्यक्रम | नयाँ | संख्या | १२ | वडास्तर | २०००० |
| | **जम्मा बजेट** | | | | | १८२८०० |
| **नतिजा क्षेत्र ४ः नगरपालिकाको आन्तरिक तथा वाह्य श्रोत परिचालन क्षमतामा सुधार भएको हुनेछ ।** | | | | | | |
| ४.१ | व्यवसाय दर्ता / नवीकरण शिविर | नयाँ | संख्या | १२ | वडागत तथा नगरस्तरीय | ३६०० |

| क्र.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| ४.२ | राजश्व सुधार कार्य योजना तर्जुमा | नयाँ | संख्या | २ | नगरस्तरीय | १५०० |
| ४.३ | सूचकमा आधारित वडास्तरीय अनुदान कार्यक्रम कार्यविधि तयारी | नयाँ | संख्या | १ | नगरस्तरीय | ५०० |
| ४.४ | राजश्व संभाव्यता अध्ययन | नयाँ | संख्या | १ | नगरस्तरीय | ८०० |
| ४.५ | राजश्व शाखाको व्यवस्थापन र क्षमता विकास | नयाँ | संख्या | १ | नगरस्तरीय | १००० |
| ४.६ | करका दर तथा दायरा निर्धारण अध्ययन | नयाँ | संख्या | ५ | नगरस्तरीय | १२०० |
| ४.७ | संघ तथा प्रदेश सरकारसंगको अन्तरक्रिया | नयाँ | संख्या | १० | नगरस्तरीय | १५०० |
| ४.८ | गैर सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, उद्यमी, व्यवसायी, व्यापारी संगको अन्तरक्रिया | नयाँ | संख्या | १० | नगरस्तरीय | १५०० |
| | **जम्मा बजेट** | | | | | **११६००** |
| **नतिजाक्षेत्र ५ः योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा सुधार भएको हुनेछ** | | | | | | |
| ५.१ | दिगो विकास लक्ष्यको स्थानीयकरण र Voluntary Local Review (VLR) | नयाँ | सङ्ख्या | १ | नगरस्तरीय | २००० |
| ५.२ | नगर प्रोफाईल अध्यावधिक | नयाँ | सङ्ख्या | १ | नगरस्तरीय | २००० |
| ५.३ | क्षमता विकास योजना निर्माण | नयाँ | सङ्ख्या | १ | नगरस्तरीय | २५०० |
| ५.४ | विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा | नयाँ | संख्या | ५ | नगरस्तरीय | २५०० |
| ५.५ | आवधिक नगर विकास योजनाको मध्यावधि मूल्याकन | नयाँ | पटक | १ | नगरस्तरीय | १५०० |
| ५.६ | योजना संचालन सम्बन्धी सफ्टवयर्स निर्माण | नयाँ | संख्या | १ | नगरस्तरीय | २००० |
| ५.७ | योजना बैंक निर्माण | नयाँ | संख्या | १ | नगरस्तरीय | ११५०० |
| | **जम्मा बजेट** | | | | | **२९०००** |
| **नतिजा क्षेत्र ६ः न्यायिक समितिको कार्य प्रभावकारी भएको हुनेछ ।** | | | | | | |
| ६.१ | वडातहका मेलमिलाप केन्द्रको क्षमता विकास | नयाँ | सङ्ख्या | १२ | वडागत रुपमा नगरस्तरीय | ९२०० |
| ६.२ | मेलमिलापकर्ताको सेवा सुविधा | नयाँ | सङ्ख्या | १ | नगरस्तरीय | ५०० |

| क.सं. | कार्यक्रम | नयाँ/क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| | सम्बन्धी कानुन निर्माण | | | | | |
| ६.३ | न्यायिक समितिको लागि क्षमता विकास तालिम तथा व्यवस्थापन | निरन्तर | पटक | ५ | वाह्य | ३५०० |
| | **जम्मा बजेट** | | | | | १३२०० |
| **नतिजा क्षेत्र ७: आन्तरिक नियन्त्रण प्रणालीमा सुधार भएको हुनेछ ।** | | | | | | |
| ७.१ | आन्तरिक नियन्त्रण प्रणाली निर्देशिकाको अभिमुखिकरण | नयाँ | सङ्ख्या | १५ | नगरस्तरीय | १५०० |
| ७.२ | सरोकारवाला क्षमता वृद्धि | नयाँ | पटक | ५ | नगरस्तरीय | ६५०० |
| ७.३ | विपद् वस्थापन कोष सञ्चालन | नयाँ | संख्या | १ | नगरस्तर | १५००० |
| ७.४ | आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी तालिम | नयाँ | पटक | १ | वाह्य | १००० |
| ७.५ | आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन | नयाँ | पटक | ६ | नगरस्तर | ७०० |
| | **जम्मा बजेट** | | | | | **२४७००** |
| | **कूल जम्मा बजेट** | | | | | **३०५६५०** |

## ९.२ नगर गौरवका आयोजना

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण र प्रत्यक्ष योगदान पुर्याउने र नगरपालिकाको पहिचान दर्शाउन मद्दत गर्ने रणनीतिक महत्वका नगर गौरबका आयोजनाहरूको छनौट देहायका अधारहरूको विश्लेषण पश्चात् गरिएको हो । उल्लेखित आयोजनाहरू र बजेट सम्बन्धित विषयगत क्षेत्रमा समावेश गरिएका छन् ।

१. नगरपालिकाको रणनीतिक आवश्यकता पूरा गर्ने,
२. पूर्व सम्भाव्यता भएको र कार्यान्वयन योग्य,
३. हरित, उत्थानशील र समावेशी विकासमैत्री,
४. बहुपक्षीय लगानीको आवश्यकता भएको,
५. बढी प्रतिफल दिने

### 9.2.1 नगर गौरवका आयोजनाहरु तपसिलका समेत हुनेछन् ।

१. नगरको मुख्य व्यापारिक केन्द्रमा बहुद्देश्यीय व्यवसायिक भवन निर्माण ।
२. चत्ते दोभान-मुहानपोखरी सुरुङमार्गको पूर्व साम्भाव्यता अध्ययन ।
३. तरकारी तथा फलफुलका लागि बहुउपयोगी आधुनिक सित भण्डार निर्माण ।
४. ईन्द्रावती-चाखोला बृहत सिंचाई आयोजनाको (डाईभर्सन/लिफ्टिङ/नहर) सम्भाव्यता अध्ययन ।
५. नीजि क्षेत्रसंगको साझेदारीमा नगरकोटमा अन्तराष्ट्रियस्तरको समेलन तथा प्रदर्शन केन्द्र निर्माण ।

# परिच्छेद १०
# कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन व्यवस्था

## १०.१ कार्यान्वयन संस्थागत व्यवस्था

आवधिक नगर विकास योजना नगरसभाबाट स्वीकृत भए पश्चात कार्यान्वयनमा लगिनेछ । आवधिक योजनाका नतिजा, कार्यक्रम तथा प्राथमिकताहरू वार्षिक योजना/कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गरिनेछ । वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमलाई आधार मानिनेछ । आवश्यकता अनुसार योजना कार्यान्वयन सम्बन्धी निर्देशिका, मापदण्ड, कार्यविधि तथा कार्यान्वयन विधि तयार गरिनेछन् । योजना कार्यान्वयन विधि, कार्यान्वयन समय तालिका, निकायगत भूमिका सहितको वार्षिक कार्यान्वयन योजना तयार गरिनेछ । एकीकृत वार्षिक योजना तथा बजेट तर्जुमाको नमुना खाका अनुसूची २ मा दिईएको छ । यसलाई आवश्यकता अनुसार परिमार्जन गरी सोही आधारमा वार्षिक नगर विकास योजना तर्जुमा गर्नुपर्दछ ।

नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुसार कार्यान्वयन गर्ने निकायसँग सम्झौता गरेर मात्र योजना सञ्चालन गरिनेछन् । गैसस, उपभोक्ता समिति, सहकारी संस्था, टोल विकास संस्था लगायतका संस्थाहरूसँग नगरपालिकाले सम्झौताका आधारमा मात्र कुनैपनि प्रकारको अध्ययन, सर्भेक्षण वा कार्यक्रम सञ्चालन गर्नेछ । आवधिक नगर विकास योजना कार्यान्वयनमा संलग्न रहने गैसस लगायतका निकायहरूले पनि आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट नगरपालिकाको बार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराई नगरपालिकाले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनेछन ।

नगरपालिकामा सबै वर्गक्षेत्र, समुदायबाट छानिएर आएका आयोजनाहरूलाई वर्गीकरण गरी आयोजना दस्तावेजहरू व्यवस्थित तरिकाले आयोजना बैङ्कमा राखिनेछन । कार्यान्वयनका लागि योजना छनौट गर्दा आयोजना बैंकबाट प्रस्ताव गर्नु पर्नेछ । आयोजना बैंक स्थापनालाई प्राथमिकताका साथ आवधिक योजनको पहिलो वर्षमा गरिनेछ ।

यस आवधिक नगर विकास योजनाका नतिजाहरू आगामी ५ वर्षमा हासिल हुने गरी प्रमुख कार्यक्रम तथा योजना खाकामा उल्लेख गरिएका छन् । वडा विशेषको योजना/क्रियाकलापहरू यसमा समावेश गरिएको छैन । वडागत योजना मागहरू सन्दर्भका लागि छुट्टै दस्तावेजीकरण गरिएको छ । ती योजनाहरू वार्षिक नगर विकास योजनामा समावेश गरी कार्यान्वयन गरिनेछन ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा (१४) उपदफा (१) को व्यवस्था बमोजिम काम, कारवाही व्यवस्थित गर्न र दफा (६७) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा प्रकृयालाई समेत सहजीकरण गर्ने उद्देश्यले नगरपालिकामा रहेका विषयगत समितिहरूले आवधिक योजनाको लक्ष्य पूराहुने गरी वार्षिक योजना तर्जुमाका लागि टोल/वस्तीहरूमा योजना माग/अनुरोध फारम वितरण र नागरिक भेला वा सामुदायिक भेला वा वडा भेला आयोजना गर्न सहजीकरण र समन्वय गर्नेछन ।

## १०.२ अनुगमन तथा मूल्याङ्कन

आवधिक योजनाको सफल कार्यान्वयनको लागि नियमित अनुगमन अनिवार्य हुन्छ । आवधिक योजनाका कार्यक्रम र गतिविधिहरूको कार्यान्वयनको परिणाम तथा असर तहसम्मको उपलब्धिको अनुगमन तथा मूल्याङ्कन गरिने छ । असर तहको नतिजा मापनको लागि असर केन्द्रित सूचकहरू (तालिका ३.१: नतिजा, सूचक, आधार वर्षको अवस्था र लक्ष्य) स्थापित गरिएका छन् । कार्यान्वयन चरणमा आउन सक्ने समस्या तथा बाधाहरूको पहिचान र न्यूनीकरण गर्दै लक्ष्य

हासिल गर्न आवश्यक पृष्ठपोषणका लागि सूचना सङ्कलन, विश्लेषण तथा प्रस्तुतिको जिम्मेवारी बाँडफाट, स्रोत र कार्यान्वयनमा लाग्ने समयसमेतको छुट्टै कार्ययोजना तयार गरिने छ ।

तालिका ३.१ मा उल्लेखित लक्ष्य र प्रमुख सूचकहरूको आधारमा कार्यक्रमहरूको अनुगमन फारमहरू तयार गरी सोको आधारमा वार्षिक प्रगति अनुगमन गरिने छ । अनुगमन कार्ययोजनालाई सहयोग पुग्ने गरी सूचना सङ्कलन, प्रशोधन एवम् विश्लेषणको लागि प्रतिवेदन लिने र दिने जिम्मेवारी किटान गरिने छ । प्रमुख कार्यक्रमहरूको वार्षिक प्रगति अनुगमन अनुसूची -३ बमोजिम र नतिजागत वार्षिक प्रगति अनुसूची -३ (क) बमोजिमको फारममा गरिने छ । फारमहरू आवश्यकता अनुरूप परिमार्जन गर्न सकिने छ ।

## १०.२.१. अनुगमन, मूल्याङ्कन र सिकाई (Monitoring, Evaluation and Learning)

अनुगमनका लागि पूर्वसर्तका रूपमा रहेको तथ्याङ्क भण्डारको स्थापना प्राथिमिकताका साथ गरिनेछ । आवधिक योजना कार्यान्वयनको नतिजामूलक अनुगमन तथा मूल्याङ्कनका लागि MEL (Monitoring, Evaluation and Learning) पद्धति अवलम्बन गरिने छ । समीक्षा, अनुगमन र प्रतिवेदन प्रणालीलाई संस्थागत गर्ने उद्देश्यका साथ योजना शाखाको संरचनामा दक्ष जनशक्ति सहितको एक MEL एकाइ स्थापना वा विद्यमान एकाइलाई पुनःसंरचित गरी क्षमतायुक्त बनाइने छ । यो पद्धतिमा कार्यक्रमको प्रगतिको अनुगमन, मूल्याङ्कन आवश्यकता अनुरूप परिमार्जन र परिणामको लेखाजोखा गरिने छ । परिणामका लागि जवाफदेहिता बहन गर्नुपर्ने पदाधिकारी किटान गरिने छ । कार्यान्वयनका क्रममा भएका सिकाइ मार्फत निरन्तर सुधारको कार्य संस्कृतिको विकास गरिने छ । स्थलगत अध्ययन, अवलोकन, बैठक, गोष्ठी, अन्तरक्रिया, जनगुनासो सुनवाई तथा सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोगबाट समेत योजना कार्यान्वयन प्रक्रियालाई सरल, पारदर्शी र नतिजामूखी बनाइनेछ ।

## १०.२.२. अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

आवधिक नगर विकास योजना र सम्बन्धित कार्यक्रम तथा आयोजना कार्यान्वयनको अनुगमन गर्ने प्रमुख जिम्मेवारी नगर कार्यपालिका र नगरपालिकाको सुपरीवेक्षण तथा अनुगमन समितिको हुनेछ । आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रकृयामा देहाय बमोजिमका निकायको जिम्मेवारी रहनेछ । अनुगमन तथा मूल्यांकन योजना वार्षिक नगर विकास योजनामा समावेश हुनेछ ।

(१) नगर कार्यपालिका र विषयगत समिति ।
(२) नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति ।
(३) वडास्तरीय अनुगमन समिति ।
(४) जिल्ला समन्वय समिति ।
(५) नगरपालिकाका विषयगत शाखा, उपशाखा र विकास साझेदारको सहयोगमा संचालित परियोजना, कार्यक्रम र सङ्घ, संस्था ।
(६) समुदायमा आधारित सङ्घ संस्था ।
(७) स्वतन्त्र विज्ञ सम्मिलित तेश्रो पक्ष ।

आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका विधि देहाय अनुसार हुनेछः

## १०.२.३. अनुगमन सम्बन्धी जिम्मेवारी

नागरिक अनुगमनः समुदायमा आधारित सङ्घ, संस्थाले आ-आफ्नो भौगोलिक क्षेत्रमा ।
नियमित स्थलगत अनुगमनः सम्बन्धित पदाधिकारी, कर्मचारी, प्राविधिक बाट ।

कार्ययोजना (लक्ष्य तथा प्रगति) अनुगमन: सुपरीवेक्षण तथा अनुगमन समिति, प्रमुख प्रशासकीय अधिकृत, चौमासिक समीक्षा ।
नतिजामा आधारित अनुगमन: बार्षिक समीक्षा, सामाजिक जवाफदेहितका औजारको प्रयोग ।
संयुक्त अनुगमन: आवश्यकता अनुसार गैससको समेत संलग्नतामा ।

## १०.२.४. अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहाय अनुसार हुनेछः

| कार्य | जिम्मेवारी | समय | विधि र प्रकृया |
|---|---|---|---|
| क्रियाकलाप तथा प्रतिफल अनुगमन/ समीक्षा | नगर कार्यपालिका, अनुगमन तथा सुपरिवेक्षण समिति | त्रैमासिक, बार्षिक | • स्थलगत अनुगमन<br>• बार्षिक कार्ययोजना ( लक्ष्य र प्रगति विवरण) को अवलम्वन<br>• प्रतिफल अनुगमन चेक लेष्ट/ फारम अनुसार मापन गर्ने<br>• नागरिक अनुगमन |
| नतिजा तह मूल्यांकन | नगर कार्यपालिका, अनुगमन तथा सुपरिवेक्षण समिति, तेश्रो पक्ष | बार्षिक, मध्यावधी र आवधिक योजनाको अन्तिम वर्ष | • सहभागिता मूलक छलफल<br>• नतिजा मूलक अनुगमन खाका/चेक लेष्ट अनुसार नतिजा मापन<br>• नमूना सर्वेक्षण<br>• वस्तुगत विवरण अध्ययन<br>• संयुक्त अनुगमन |
| प्रभाव तह मूल्यांकन | नगर कार्यपालिका, अनुगमन तथा सुपरिवेक्षण समिति, स्वतन्त्र विज्ञ/तेश्रो पक्ष | • आवधिक योजना कार्यान्वयनको २.५ देखि ३ वर्षको अवधिमा मध्यावधी मूल्यांकन गर्ने<br>• आवधिक योजनाको ५ वर्षे अवधि पुरा भए पश्चात अन्तिम मूल्यांकन गर्ने | • नतिजामूलक अनुगमन खाका/चेक लेष्ट/ फारम अनुसार नतिजा मापन<br>• सहभागिता मूलक छलफल<br>• अध्ययन तथा सर्वेक्षण<br>• वस्तुगत विविरण अध्ययन<br>• प्रगति प्रतिवेदन अध्ययन<br>• विज्ञको अवलोकन तथा अनुभव |

## १०.३. मध्यावधि मूल्याङ्कन

योजना कार्यान्वयनको तीन वर्ष पछि योजनाको मध्यावधि मूल्याङ्कन गरिनेछ । मध्यावधि मूल्याङ्कन गर्दा मूल्याङ्कन अवधिमा हासिल भएका परिमाणात्मक तथा गुणात्मक उपलब्धि एवम् कार्यान्वयन सम्बन्धी समस्या र कमजोरीको वस्तुगत विश्लेषण गरिनेछ । मूल्याङ्कन अवधिमा भएका कानुनी एवम् नीतिगत परिवर्तन, उपलब्ध स्रोत साधन समेतको समीक्षा गरी प्राप्त सुझावका आधारमा आवश्यकता अनुसार विद्यमान व्यवस्थापनको समीक्षाका साथ योजना कार्यान्वयनको बाँकी अवधिका लागि उद्देश्य तथा नतिजाहरू परिमार्जन गरिनेछ ।

## १०.४ अन्तिम मूल्याङ्कन

प्रस्तुत योजना कार्यान्वयनको मध्यावधि मूल्याङ्कको प्रतिवेदनको आधार र योजना अवधि समाप्त भएपछि ६ महिना पश्चात तेस्रो पक्षबाट अन्तिम मूल्याङ्कन गरिनेछ । मूल्याङ्कनबाट प्राप्त नतिजा तथा पृष्ठपोषणलाई आगामी रणनीतिक योजना लगायत अन्य योजनाको तर्जुमाको आधारको रूपमा लिइनेछ ।

# अनुसूची- १

## मण्डनदेउपुर नगरपालिकाको आवधिक योजना अवधिभरको लागि कूल आय प्रक्षेपण

| राजस्व संकेत | राजस्व शिर्षक | नगरपालिकाको आधार बर्षको कूलसम्भावना | प्रक्षेपित आय रु | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १०००० | | ८६४,८४२,४७८ | ९१०,७०३,४७२ | ९५६,१८३,५२१ | ९९६,१८३,६२० | १,०४९,८४३,४०५ | १,१०६,५७१,२३९ |
| ११००० | **कर** | २०९,५३८,४७८ | २२२,६३४,२७२ | २३३,७१०,८६१ | २३७,६६६,१४० | २५३,३७५,०५० | २७०,२५१,९६७ |
| ११३०० | **सम्पत्ती कर** | ८०,०००,००० | ८४,०००,००० | ८८,२००,००० | ९२,६१०,००० | ९७,२४०,५०० | १०२,१०२,५२५ |
| ११३१० | **अचल सम्पत्तीमा लाग्ने कर** | ७०,०००,००० | ७३,५००,००० | ७७,१७५,००० | ८१,०३३,७५० | ८५,०८५,४३८ | ८९,३३९,७०९ |
| ११३१३ | सम्पत्ति कर *(सम्पत्ति कर)* | १००००००० | १०,५००,००० | ११,०२५,००० | ११,५७६,२५० | १२,१५५,०६३ | १२,७६२,८१६ |
| ११३१४ | भूमी कर/मालपोत | १००००००० | १०,५००,००० | ११,०२५,००० | ११,५७६,२५० | १२,१५५,०६३ | १२,७६२,८१६ |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५०००००००० | ५२,५००,००० | ५५,१२५,००० | ५७,८८१,२५० | ६०,७७५,३१३ | ६३,८१४,०७८ |
| ११३२० | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० | ११,५७६,२५० | १२,१५५,०६३ | १२,७६२,८१६ |
| ११३२१ | घर बहाल कर | ५००००००० | ५,२५०,००० | ५,५१२,५०० | ५,७८८,१२५ | ६,०७७,५३१ | ६,३८१,४०८ |
| ११३२२ | बहाल विटौरी कर | ५००००००० | ५,२५०,००० | ५,५१२,५०० | ५,७८८,१२५ | ६,०७७,५३१ | ६,३८१,४०८ |
| ११४०० | **वस्तु तथा सेवामा आधारित कर** | १२१,९८८,४७८ | १३०,७०६,७७२ | १३७,२४२,१११ | १३६,३२३,९५२ | १४६,९६३,२५४ | १५८,५१६,८३० |
| ११४१० | **मुल्य अभिवृद्धि कर** | ६९,५१०,९८० | ७६,४१०,२८८ | ८०,२३०,८०२ | ७६,४६२,०७८ | ८४,१०८,२८६ | ९२,५१९,११४ |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ६९,५१०,९८० | ७६,४१०,२८८ | ८०,२३०,८०२ | ७६,४६२,०७८ | ८४,१०८,२८६ | ९२,५१९,११४ |
| ११४२० | **अन्तःशुल्क** | २५,०००,००० | २५,४४५,११२ | २६,७१७,३६८ | २८,०५३,२३६ | २९,४५५,८९८ | ३०,९२८,६९३ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २५,०००,००० | २५,४४५,११२ | २६,७१७,३६८ | २८,०५३,२३६ | २९,४५५,८९८ | ३०,९२८,६९३ |
| ११४५० | **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | २७,२७७,४९८ | २८,६४१,३७२ | ३०,०७३,४४१ | ३१,५७७,११३ | ३३,१५५,९६९ | ३४,८१३,७६७ |
| ११४५१ | सवारी साधन कर ( साना सवारी) | - | - | - | - | - | - |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | - | - | - | - | - | - |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर (प्रदेश) | २७,२७७,४९८ | २८,६४१,३७२ | ३०,०७३,४४१ | ३१,५७७,११३ | ३३,१५५,९६९ | ३४,८१३,७६७ |
| ११४७० | **मनोरंजन तथा विज्ञापन कर** | २००,००० | २१०,००० | २२०,५०० | २३१,५२५ | २४३,१०१ | २५५,२५६ |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | १००,००० | १०५,००० | ११०,२५० | ११५,७६३ | १२१,५५१ | १२७,६२८ |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १००,००० | १०५,००० | ११०,२५० | ११५,७६३ | १२१,५५१ | १२७,६२८ |
| ११६०० | **अन्य कर** | ७,५५०,००० | ७,९२७,५०० | ८,२६८,७५० | ८,७३२,१८८ | ९,१७१,२९७ | ९,६३२,६१२ |

| राजस्व संकेत | राजस्व शिर्षक | नगरपालिकाको आधार बर्षको कूलसम्भावना | प्रक्षेपित आय रु | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| ११६१० | **व्यवसायले भुक्तानी गर्ने** | ७,५००,००० | ७,८७५,००० | ८,२६८,७५० | ८,६८२,१८८ | ९,११६,२९७ | ९,५७२,११२ |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने (जडिबुटी, कवाडी र जिवजन्तु कर) | २,५००,००० | २,६२५,००० | २,७५६,२५० | २,८९४,०६३ | ३,०३८,७६६ | ३,१९०,७०४ |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने (व्यवसायकर) | ५,०००,००० | ५,२५०,००० | ५,५१२,५०० | ५,७८८,१२५ | ६,०७७,५३१ | ६,३८१,४०८ |
| ११६२० | **व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने** | - | - | - | - | - | - |
| ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | | - | - | - | - | - |
| ११६९० | **अन्य कर** | **५०,०००** | **५२,५००** | **-** | **५०,०००** | **५५,०००** | **६०,५००** |
| ११६९१ | अन्य कर | ५०,००० | ५२,५०० | | ५०,००० | ५५,००० | ६०,५०० |
| १३००० | **अनुदान** | ४८८,४०४,००० | **५१२,८२४,२००** | **५३८,४६५,४१०** | **५६५,३८८,६८१** | **५९३,६५८,११५** | **६२३,३४१,०२०** |
| १३३०० | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | ४८८,१०४,००० | **५१२,५०९,२००** | **५३८,१३४,६६०** | **५६५,०४१,३९३** | **५९३,२९३,४६३** | **६२२,९५८,१३६** |
| १३३१० | **अन्तरसरकारी अनुदान** | ४८८,१०४,००० | **५१२,५०९,२००** | **५३८,१३४,६६०** | **५६५,०४१,३९३** | **५९३,२९३,४६३** | **६२२,९५८,१३६** |
| १३३११ | समानिकरण अनुदान (संघ) | १०८,५००,०००.०० | ११३,९२५,००० | ११९,६२१,२५० | १२५,६०२,३१३ | १३१,८८२,४२८ | १३८,४७६,५५० |
| १३३११ | समानिकरण अनुदान (प्रदेश) | १०,९०६,०००.०० | ११,४५१,३०० | १२,०२३,८६५ | १२,६२५,०५८ | १३,२५६,३११ | १३,९१९,१२७ |
| १३३१२ | शसर्त अनुदान चालु (संघ) | २६४,१००,०००.०० | २७७,३०५,००० | २९१,१७०,२५० | ३०५,७२८,७६३ | ३२१,०१५,२०१ | ३३७,०६५,९६१ |
| १३३१२ | शसर्त अनुदान चालु (प्रदेश) | ४,५००,०००.०० | ४,७२५,००० | ४,९६१,२५० | ५,२०९,३१३ | ५,४६९,७७८ | ५,७४३,२६७ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत (संघ) | ७,५००,०००.०० | ७,८७५,००० | ८,२६८,७५० | ८,६८२,१८८ | ९,११६,२९७ | ९,५७२,११२ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत (प्रदेश) | | - | - | - | - | - |
| १३३१४ | विषेश अनुदान चालु (प्रदेश) | १७,५९८,००० | १८,४७७,९०० | १९,४०१,७९५ | २०,३७१,८८५ | २१,३९०,४७९ | २२,४६०,००३ |
| १३३१५ | विषेश अनुदान पूँजीगत | २०,०००,००० | २१,०००,००० | २२,०५०,००० | २३,१५२,५०० | २४,३१०,१२५ | २५,५२५,६३१ |
| १३३१६ | समपुरक अनुदान चालु (प्रदेश) | ३०,०००,००० | ३१,५००,००० | ३३,०७५,००० | ३४,७२८,७५० | ३६,४६५,१८८ | ३८,२८८,४४७ |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ८,०००,००० | ८,४००,००० | ८,८२०,००० | ९,२६१,००० | ९,७२४,०५० | १०,२१०,२५३ |
| १३३१८ | अन्य अनुदान चालु *(सामाजिक सुरक्षा)* | १७,०००,००० | १७,८५०,००० | १८,७४२,५०० | १९,६७९,६२५ | २०,६६३,६०६ | २१,६९६,७८७ |
| १३३१९ | अन्य अनुदान पूँजीगत (जिसस) | - | - | - | - | - | - |
| १३४०० | **अन्य आन्तरिक अनुदान** | ३००,००० | **३१५,०००** | **३३०,७५०** | **३४७,२८८** | **३६४,६५२** | **३८२,८८४** |
| १३४१० | **अन्य आन्तरिक** | ३००,००० | **३१५,०००** | **३३०,७५०** | **३४७,२८८** | **३६४,६५२** | **३८२,८८४** |

| राजस्व संकेत | राजस्व शिर्षक | नगरपालिकाको आधार बर्षको कूलसम्भावना | प्रक्षेपित आय रु | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| | **अनुदान** | | | | | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान *( सडक बोर्ड नेपाल)* | | - | | | | |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान *( लागत सहभागिता)* | ३००,००० | ३१५,००० | ३३०,७५० | ३४७,२८८ | ३६४,६५२ | ३८२,८८४ |
| **१४०००** | **अन्य राजश्व** | **१३६,४००,०००** | **१४३,२२०,०००** | **१५०,३८१,०००** | **१५७,९००,०५०** | **१६५,७९५,०५३** | **१७४,०८४,८०५** |
| **१४१००** | **सम्पत्तिबाट प्राप्त आय** | **६०,३००,०००** | **६३,३१५,०००** | **६६,४८०,७५०** | **६९,८०४,७८८** | **७३,२९५,०२७** | **७६,९५९,७७८** |
| **१४१५०** | **भाडा तथा रोयल्टी** | **६०,३००,०००** | **६३,३१५,०००** | **६६,४८०,७५०** | **६९,८०४,७८८** | **७३,२९५,०२७** | **७६,९५९,७७८** |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | २००,००० | २१०,००० | २२०,५०० | २३१,५२५ | २४३,१०१ | २५५,२५६ |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | १००,००० | १०५,००० | ११०,२५० | ११५,७६३ | १२१,५५१ | १२७,६२८ |
| १४१५४ | बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | | - | - | - | - | - |
| १४१५५ | बाँडफाँड भई प्राप्त जल स्रोत सम्बन्धी रोयल्टी | | - | - | - | - | - |
| १४१५६ | बाँडफाँड भई प्राप्त विद्युत्त सम्बन्धी रोयल्टी | - | - | - | - | - | - |
| १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय | ६०,०००,००० | ६३,०००,००० | ६६,१५०,००० | ६९,४५७,५०० | ७२,९३०,३७५ | ७६,५७६,८९४ |
| १४१५८ | बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | | - | - | - | - | - |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | | - | - | - | - | - |
| **१४१९०** | **अन्य शुल्क** | **-** | **-** | **-** | **-** | **-** | **-** |
| १४१९१ | पर्यटन शुल्क | | - | | | | |
| १४१९२ | पदयात्रा शुल्क | | - | | | | |
| **१४२००** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **३५,०००,०००** | **३६,७५०,०००** | **३८,५८७,५००** | **४०,५१६,८७५** | **४२,५४२,७१९** | **४४,६६९,८५५** |
| **१४२१०** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **२००,०००** | **२१०,०००** | **२२०,५००** | **२३१,५२५** | **२४३,१०१** | **२५५,२५६** |
| १४२१८ | विद्युत्त सेवा शुल्क | | - | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | नगरपालिकाको आधार बर्षको कूलसम्भावना | प्रक्षेपित आय रु | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १४२१९ | अन्य सेवा शुल्क ( पार्क, एम्वुलेन्स, औजार, उपकरण आदि) | २००,००० | २१०,००० | २२०,५०० | २३१,५२५ | २४३,१०१ | २५५,२५६ |
| **१४२२०** | **प्रशासनिक सेवा शुल्क** | **११,०५०,०००** | **११,६०२,५००** | **१२,१८२,६२५** | **१२,७९१,७५६** | **१३,४३१,३४४** | **१४,१०२,९११** |
| १४२२१ | न्यायिक दस्तुर | - | - | - | - | - | - |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | - | - | - | - | - | - |
| १४२२४ | परीक्षा शुल्क | ५०,००० | ५२,५०० | ५५,१२५ | ५७,८८१ | ६०,७७५ | ६३,८१४ |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | | - | - | - | - | - |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ११,०००,००० | ११,५५०,००० | १२,१२७,५०० | १२,७३३,८७५ | १३,३७०,५६९ | १४,०३९,०९७ |
| **१४२४०** | **दस्तुर** | **१८,२५०,०००** | **१९,१६२,५००** | **२०,१२०,६२५** | **२१,१२६,६५६** | **२२,१८२,९८९** | **२३,२९२,१३९** |
| १४२४१ | पार्किङ्ग शुल्क | | - | - | - | - | - |
| १४२४२ | नक्सापास दस्तुर | ८,०००,००० | ८,४००,००० | ८,८२०,००० | ९,२६१,००० | ९,७२४,०५० | १०,२१०,२५३ |
| १४२४३ | सिफारिश दस्तुर | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० | ११,५७६,२५० | १२,१५५,०६३ | १२,७६२,८१६ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | १५०,००० | १५७,५०० | १६५,३७५ | १७३,६४४ | १८२,३२६ | १९१,४४२ |
| १४२४५ | नाता प्रमाणित दस्तुर (अन्य प्रमाणित समेत) | १००,००० | १०५,००० | ११०,२५० | ११५,७६३ | १२१,५५१ | १२७,६२८ |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) ( सेवा शुल्क दस्तुर) | | - | - | - | - | - |
| **१४२५०** | **अन्य प्रशासनिक दस्तुर** | **५००,०००** | **५२५,०००** | **५५१,२५०** | **५७८,८१३** | **६०७,७५३** | **६३८,१४१** |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५००,००० | ५२५,००० | ५५१,२५० | ५७८,८१३ | ६०७,७५३ | ६३८,१४१ |
| **१४२६०** | **अन्य प्रशासनिक सेवा शुल्क** | **५,०००,०००** | **५,२५०,०००** | **५,५१२,५००** | **५,७८८,१२५** | **६,०७७,५३१** | **६,३८१,४०८** |
| १४२६५ | अन्य क्षेत्रको आय ( कन्टिन्जेन्सी) | ५०००००० | ५,२५०,००० | ५,५१२,५०० | ५,७८८,१२५ | ६,०७७,५३१ | ६,३८१,४०८ |
| **१४३००** | **दण्ड, जरिवाना र जफत** | **१,१००,०००** | **१,१५५,०००** | **१,२१२,७५०** | **१,२७३,३८८** | **१,३३७,०५७** | **१,४०३,९१०** |
| **१४३१०** | **दण्ड, जरिवाना र जफत** | **१,१००,०००** | **१,१५५,०००** | **१,२१२,७५०** | **१,२७३,३८८** | **१,३३७,०५७** | **१,४०३,९१०** |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | - | - | | - | - | - |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १,०००,००० | १,०५०,००० | १,१०२,५०० | १,१५७,६२५ | १,२१५,५०६ | १,२७६,२८२ |
| १४३१३ | धरौटी सदरस्याहा | १००,००० | १०५,००० | ११०,२५० | ११५,७६३ | १२१,५५१ | १२७,६२८ |
| **१४५००** | **विविध राजश्व** | ४०,०००,००० | ४२,०००,००० | ४४,१००,००० | ४६,३०५,००० | ४८,६२०,२५० | ५१,०५१,२६३ |

| राजस्व संकेत | राजस्व शिर्षक | नगरपालिकाको आधार बर्षको कूलसम्भावना | प्रक्षेपित आय रु | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १४५१० | **चालु दावी तथा अन्य शुल्कहरु** | - | - | - | - | - | - |
| १४५११ | वीमा दावी प्राप्ती | | | | | | |
| १४५२० | **अन्य राजस्व** | ३०,०००,००० | ३१,५००,००० | ३३,०७५,००० | ३४,७२८,७५० | ३६,४६५,१८८ | ३८,२८८,४४७ |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | | | | | | |
| १४५२९ | अन्य राजस्व | ३०,०००,००० | ३१,५००,००० | ३३,०७५,००० | ३४,७२८,७५० | ३६,४६५,१८८ | ३८,२८८,४४७ |
| १४५३० | **पूँजीगत राजश्व** | - | - | - | - | - | - |
| १४६१० | **व्यवसाय कर** | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० | ११,५७६,२५० | १२,१५५,०६३ | १२,७६२,८१६ |
| १४६११ | व्यवसाय कर | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० | ११,५७६,२५० | १२,१५५,०६३ | १२,७६२,८१६ |
| १५००० | **विविध प्राप्ती** | ५००,००० | ५२५,००० | ५५१,२५० | ५००,००० | ५५०,००० | ६०५,००० |
| १५१०० | **विविध प्राप्ती** | ५००,००० | ५२५,००० | ५५१,२५० | ५००,००० | ५५०,००० | ६०५,००० |
| १५११० | **विविध प्राप्ती** | ५००,००० | ५२५,००० | ५५१,२५० | ५००,००० | ५५०,००० | ६०५,००० |
| १५१११ | बेरुजु | ५००,००० | ५२५,००० | ५५१,२५० | ५००,००० | ५५०,००० | ६०५,००० |
| १५११२ | निकासा फिर्ता | | - | - | | | |
| १५११३ | अनुदान फिर्ता | | - | - | | | |
| ३२१२२ | गत वर्षको मौज्दात | ३०,०००,००० | ३१,५००,००० | ३३,०७५,००० | ३४,७२८,७५० | ३६,४६५,१८८ | ३८,२८८,४४७ |
| ३३१४३ | अन्य संस्थाहरुबाट ऋण प्राप्ती | - | - | - | - | - | - |
| | **जम्मा** | ८६४,८४२,४७८ | ९१०,७०३,४७२ | ९५६,१८३,५२१ | ९९६,१८३,६२० | १,०४९,८४३,४०५ | १,१०६,५७१,२३९ |

| बिषयक्षेत्रगत स्रोत प्रक्षेपण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सिनः | कूल स्रोत उपलब्धता | आधार बर्षको कूल सम्भावना | आ.व.०८१/८२ को अनुमान | आ.व.०८२/८३ को अनुमान | आ.व.०८३/८४ को अनुमान | आ.व.०८४/८५ को अनुमान | आ.व.०८५/८६ को अनुमान |
| १ | आन्तरिक आय | १६४,३५०,००० | १७२,५६७,५०० | १८१,१४०,७५० | १९०,१६८,९७५ | १९९,७०४,९२४ | २०९,७२०,४२० |
| २ | संघीय राजस्वबाट प्राप्त हुने राजस्व बाँडफाँट | ९४,६१०,९८० | १०१,९६०,४०० | १०७,०५८,४२० | १०४,६३१,०७६ | ११३,६८५,७३४ | १२३,५७५,४३५ |
| ३ | बागमति प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँट | ८७,४७७,४९८ | ९१,८५१,३७२ | ९६,४४३,९४१ | १०१,२६६,१३८ | १०६,३२९,४४५ | १११,६४५,९१७ |
| ४ | अन्तर सरकार वित्तीय हस्तान्तरणबाट प्राप्त हुने | ४८८,१०४,००० | ५१२,५०९,२०० | ५३८,१३४,६६० | ५६५,०४१,३९३ | ५९३,२९३,४६३ | ६२२,९५८,१३६ |
| ५ | लागत सहभागिताबाट प्राप्त हुने | ३००,००० | ३१५,००० | ३३०,७५० | ३४७,२८८ | ३६४,६५२ | ३८२,८८४ |

| बिषयक्षेत्रगत स्रोत प्रक्षेपण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सिनः | कूल स्रोत उपलब्धता | आधार बर्षको कूल सम्भावना | आ.व.०८१/८२ को अनुमान | आ.व.०८२/८३ को अनुमान | आ.व.०८३/८४ को अनुमान | आ.व.०८४/८५ को अनुमान | आ.व.०८५/८६ को अनुमान |
| | **जम्मा** | **८३४,८४२,४७८** | **८७९,२०३,४७२** | **९२३,१०८,५२१** | **९६१,४५४,८७०** | **१,०१३,३७८,२१७** | **१,०६८,२८२,७९३** |
| ६ | मौज्दात | ३०,०००,००० | ३१,५००,००० | ३३,०७५,००० | ३४,७२८,७५० | ३६,४६५,१८८ | ३८,२८८,४४७ |
| | **कूल स्रोत उपलब्धता** | **८६४,८४२,४७८** | **९१०,७०३,४७२** | **९५६,१८३,५२१** | **९९६,१८३,६२०** | **१,०४९,८४३,४०५** | **१,१०६,५७१,२३९** |
| | प्रशासनिक खर्च औसत ४० प्रतिशत | ३४५,९३६,९९१ | ३६४,२८१,३८९ | ३८२,४७३,४०८ | ३९८,४७३,४४८ | ४१९,९३७,३६२ | ४४२,६२८,४९६ |
| | विकास खर्चको लागि बाँकी बजेट | **५१८,९०५,४८७** | **५४६,४२२,०८३** | **५७३,७१०,११३** | **५९७,७१०,१७२** | **६२९,९०६,०४३** | **६६३,९४२,७४४** |
| | अन्तरसरकारी अनुदान | ४८८,१०४,००० | ५१२,५०९,२०० | ५३८,१३४,६६० | ५६५,०४१,३९३ | ५९३,२९३,४६३ | ६२२,९५८,१३६ |
| | समानीकरण अनुदान (संघ) | १०८,५००,००० | ११३,९२५,००० | ११९,६२१,२५० | १२५,६०२,३१३ | १३१,८८२,४२८ | १३८,४७६,५५० |
| | समानीकरण अनुदान (प्रदेश) | १०,९०६,००० | ११,४५१,३०० | १२,०२३,८६५ | १२,६२५,०५८ | १३,२५६,३११ | १३,९१९,१२७ |
| | सशर्त अनुदान चालु (संघ) | २६४,१००,००० | २७७,३०५,००० | २९१,१७०,२५० | ३०५,७२८,७६३ | ३२१,०१५,२०१ | ३३७,०६५,९६१ |
| | सशर्त अनुदान चालु (प्रदेश) | ४,५००,००० | ४,७२५,००० | ४,९६१,२५० | ५,२०९,३१३ | ५,४६९,७७८ | ५,७४३,२६७ |
| | सशर्त अनुदान पूँजीगत (संघ) | ७,५००,००० | ७,८७५,००० | ८,२६८,७५० | ८,६८२,१८८ | ९,११६,२९७ | ९,५७२,११२ |
| | सशर्त अनुदान पूँजीगत (प्रदेश) | | - | - | - | - | - |
| | बिशेष अनुदान प्रदेश चालु | १७,५९८,००० | १८,४७७,९०० | १९,४०१,७९५ | २०,३७१,८८५ | २१,३९०,४७९ | २२,४६०,००३ |
| | बिशेष अनुदान पूँजीगत (संघ) | २०,०००,००० | २१,०००,००० | २२,०५०,००० | २३,१५२,५०० | २४,३१०,१२५ | २५,५२५,६३१ |
| | समपुरक अनुदान पूँजीगत | ३०,०००,००० | ३१,५००,००० | ३३,०७५,००० | ३४,७२८,७५० | ३६,४६५,१८८ | ३८,२८८,४४७ |
| | समपुरक अनुदान चालु | ८,०००,००० | ८,४००,००० | ८,८२०,००० | ९,२६१,००० | ९,७२४,०५० | १०,२१०,२५३ |
| | अन्य अनुदान चालु (सामाजिक सुरक्षा) | १७,०००,००० | १७,८५०,००० | १८,७४२,५०० | १९,६७९,६२५ | २०,६६३,६०६ | २१,६९६,७८७ |

# अनुसूची- २
# एकीकृत वार्षिक योजना तर्जुमाको खाका

| **आवधिक योजना** | | | | **वार्षिक बजेट तथा कार्यक्रम** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| योजनाको विषयगत क्षेत्र | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन रकम | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकताक्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| आर्थिक विकास | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | |
| वातावरण तथा विपद व्यवस्थापन | | | | | | | | | | | |
| संस्थागत विकास तथा सुशासन | | | | | | | | | | | |

## अनुसूची-३
## प्रमुख कार्यक्रमहरूको वार्षिक प्रगति (आ. व.............)

वार्षिक परिमाणात्मक तथा वित्तीय लक्षहरू विषयगत परिच्छेदहरूमा उल्लेखित कार्यक्रमहरूकोप्रमुख सूचकबाट लिइने छ ।

वार्षिक रूपमा भरिने प्रगति फारममा त्रैमासिक रूपमा वा आवश्यकताअनुसार छुट्टै फारम बनाइ लिनुपर्ने छ ।

| उद्देश्य | प्रमुख कार्यक्रमहरू | भौतिक प्रगति | | | वित्तीय प्रगति (रू .......मा) | | |
|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य | वार्षिक उपलब्धि | उपलब्धि प्रतिशत | वार्षिक खर्च अनुमान | वार्षिक खर्च | उपलब्धि प्रतिशत |
| १.१ | १ | | | | | | |
| | २ | | | | | | |
| | ३ | | | | | | |
| | | | | | | | |
| २.२ | १ | | | | | | |
| | २ | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची- ३(क)
## नतिजागत वार्षिक प्रगति (आ. व.............)

नतिजा, सूचक,आधार वर्षको अवस्था रवार्षिक परिमाणात्मक लक्ष्य तालिका ३.१ बाट लिइने छ ।

| उद्देश्यगत नतिजा | सूचक | एकाइ | वार्षिक लक्ष्य | आ.व. को अन्त्यको अवस्था | पुष्टयाँइको आधार |
|---|---|---|---|---|---|
| १.(२. ६. १) | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | | | | | |
| १.(२. ६. २) | १ | | | | |
| | २ | | | | |

# सन्दर्भ सामग्री


१. जिल्ला बस्तुगत विवरण, काभ्रेपलाञ्चोक, २०७४, केन्द्रीय तथ्यांक कार्यालय
२. दोस्रो आवधिक योजना, २०८१, बागमती प्रदेश सरकार
३. नगर यातायात गुरुयोजना, २०७६, मण्डनदेउपुर नगरपालिका
४. नेपालको संविधान (२०७२)
५. मण्डनदेउपुर नगरपालिकाका नीति तथा कार्यक्रम र बजेट पुस्तिकाहरु
६. मण्डनदेउपुर नगरपालिकाको वस्तुगत विवरण, २०८१
७. मण्डनदेउपुर नगरपालिकाको वेव साइट
८. मण्डनदेउपुर नगरपालिकामा उपलव्ध विवरण (प्रकाशन भएका/प्रकाशन नभएका)
९. महालेखा परीक्षकको प्रतिवेदनहरु
१०. राष्ट्रिय जनगणना, २०७८, केन्द्रीय तथ्यांक कार्यालय
११. सम्वृद्धिको यात्रामा मण्डनदेउपुर नगरपालिका, पाँच वर्षे उपलब्धिहरु (२०७४-२०७८)
१२. सोह्रौं योजना, २०८१, राष्ट्रिय योजना आयोग, नेपाल
१३. स्थानीय सरकार संचालन ऐन, २०७४